जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

**अमोनियम साल्ट अफ ग्लाइफोसेट ७१% एस.जी.**

**Ammonium Salt Of Glyphosate 71% SG**

# पारस सुपर–७१ (PARAS Super-71)

**सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात् (Post-emergence) छर्कनुपर्ने दैहिक झारनाशक नदिनका लागि**

**सिफारिस :**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली (खेती नगरीएको जमीन) | मुक्तवर्षी झार *(Acalypha indica)*, कुरो *(Sida aculata)*, भुइँकुमर *(Ipomea digitara)*, कासनी *(Chicorium entibus)*, लुडे घाँसे *(Digera arvensis)*, लट्टे *(Digitaria sanguinalis)*, जनै घाँस *(Paspalum conjugatum)*, गन्धे झार *(Ageratum conyzodes)*, दुबो *(Cynadon dactylon)*, मोथे *(Cyperus rotundus)*, घोयो *(Eragrostis spp)* | ३ | ५०० | ७ | ६ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उम्रिसकेपछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपले झारपातको बिरुवामा प्रवेश गर्नसकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम हुनसक्छ । छर्काई कार्यका लागि फ्यान-जेट (Fan Jet), फ्लड-जेट (Flood jet) वा कोन प्रकारका नोजल जडित मानक न्यापस्याक (Knapsack) वा ब्याकप्याक (Backpack) स्प्रेयर उपयुक्त मानिन्छन् । यस्ता स्प्रेयरहरूको प्रयोगबाट विषादीको समान तथा प्रभावकारी छर्काइ गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

स्प्रे घोल तयार गर्न घरायसी भान्साका भाँडाकुडा प्रयोग गर्नु हुँदैन । स्प्रे घोल चलाउन वा मिसाउनका लागि उपयुक्त काठको लठ्ठी वा डन्डी प्रयोग गर्नुपर्छ । विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस, मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरीसकेपछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । नोजल ब्लक भएमा मुखले फुक्ने काम नगर्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नु हुँदैन । तरकारी बालीमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुँदैन । मौरीको सक्रिय चरन अवधिमा यो विषादी नछर्कनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

यो विषादीले प्राथमिक रुपमा छालामा, आँखामा र श्वासप्रश्वास नलिमा चिलाउने वा जलन हुने जस्ता समस्याहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलेको खण्डमा हानिकारक हुन्छ । आँखा वा छाला र लुगामा पर्न नदिनुहोस् । आँखामा विषादी परेमा सफापानीले १०-१५ मिनेटसम्म आँखालाई पखाल्नुहोस् र चिकित्सकको सल्लाह लिनुहोस् । विषादी प्रयोग गरिसकेपछि स्प्रेयर, बाल्टिन र अन्य भाँडाहरु दैनिक पानीले सफा गर्नुहोस् । विषादी प्रयोग गरिसकेपछि प्रशस्त साबुनपानीले हात धुनुहोस् र लुगा फेर्नुहोस् । साथै, दूषित भएका लुगाहरु पनि धुनुहोस् । सिफारिस गरिएको मात्रामा प्रयोग गर्दा वन्यजन्तुमा कुनै प्रतिकूल असर पर्दैन । विषाक्तताको कुनै लक्षण देखिएमा तुरुन्तै चिकित्सकसंग सम्पर्क गर्नुहोस् ।

**एण्टिडट :**

यस विषादीको कुनै विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा चिकित्सकको निगरानीमा ग्यास्ट्रिक ल्याभेज (Gastric lavage) बाट उपचार गराउन सकिन्छ ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्ने) नगर्नुहोस् । बचेका विषादी वा स्प्रेयर तथा बाल्टिनहरु धोएका पानी खोला, पोखरी र जलस्रोत आदिमा नमिसाउनुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा जल प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

पारस पेष्टिसाइड्स इन्डस्ट्रिज<br>
एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर,<br>
सिकन्दरवाद, २०३२०५,<br>
जिल्ला : वुलन्दसहर यु.पी. भारत.

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके, नेपाल.<br>
सम्पर्क नं. : ९८४८०४३६८०<br>
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-124460/2015-Ammonium Salt Glyphosate (SG) (353)-382

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0174-HER-SG-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**मेट्सल्फुरोन मिथाइल २०% डब्लु.पी.**

**Metsulfuron Methyl 20% W.P**

# फाईटर (FIGHTER)

**अंकुरण पश्चात् ( Post-Emergence) छर्कने, चौडा पाते झारनाशक**

**सिफारिस :**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| उखु | मोथे *(Cyperus esculentus)*, सेतो लट्टे घाँस *(Amaranthus viridis)*, नुनढिकी *(Portulaca oleracea)*, गाजर घाँस *(Parthenium hysterophorus)*, पुनर्नवा झार *(Trianthema sp.)*, हुरहुरे*(Cleome viscosa)*, कण्टकारी *(Solanum sp.)*, काने झार *(Commelina bengalensis)*, दुधे झार *(Euphorbia sp.)*, लुँडे घाँसका प्रजाती *(Digeria sp.)* | ३० | ५००-६०० | ३४६ | ०.०६-०.०५ |
| गहुँ | बेथे *(Chenopodium album)*, | २० | ५००-६०० | ८० | ०.०४-०.०३ |
| रोपेको धान | मोथे *(Cyperus rotundus)*, पानीझार *(Ludwigia sp.)*, पानी मरिच *(Sphaenoclea sp.)*, काने झार *(Commelina bengalensis)*, थुक झार*(Caesulia axillaris)*, ज्वाने झार *(Fimbristylis sp.)* | २० | ५००-६०० | ६० | ०.०४-०.०३ |

**नोट :** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

आवश्यक मात्रामा विषादी छुट्टै भाँडामा लिनुहोस् र त्यसमा थोरै पानी थपेर राम्ररी चलाई एकनासले घोल तयार गर्नुहोस् । त्यसपछि स्प्रे ट्याङ्कीमा आधा पानी भरेर तयार घोल मिसाउनुहोस् र बाँकी आवश्यक पानी थपेर पुनः राम्ररी चलाउनुहोस् । तयार भएको घोललाई पातहरुमा समान रुपमा पर्ने गरी छर्कनुहोस् । **सतह सक्रिय तत्व (Surfactant) प्रयोग सम्बन्धी सिफारिस :** उखु तथा गहुँ बालीमा प्रयोग गर्दा विषादीको घोलको प्रति लिटरमा २ मिलिलिटरका दरले सतह सक्रिय तत्व (Non-ionic surfactant) थप्नुहोस् । रोपाइँ गरिएको धानमा प्रयोग गर्दा सतह सक्रिय तत्व (Surfactant) थप्नु हुँदैन । अन्तरबाली वा मिश्रित बाली प्रणालीमा झारनाशक प्रयोग नगर्नुहोस् । **स्प्रे बहाब (Spray drift) व्यवस्थापन :** लक्षित क्षेत्रबाहिर रहेका चौडा पात भएका बिरुवाहरु वा पानीका स्रोतहरुमा विषादीका कणहरु (Droplets) उडेर क्षति नहोस् भन्ने विषयमा विशेष सावधानी अपनाउनुहोस् । **प्रयोग गर्ने समय, गहुँ :** बीउ रोपेको २५-३५ दिनपछि (एक पटक प्रयोग), **धान :** रोपाइँ गरेको ५-१० दिनपछि (एक पटक प्रयोग), **उखु :** रोपेको १०-१५ दिनपछि (एक पटक प्रयोग) ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशु आहारबाट टाढा राख्नुहोस् । मुख, आँखा तथा छालासँग सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा निस्कने वाष्प श्वासमार्फत भित्र जान नदिनुहोस् । हावाको दिशाअनुसार छर्कनुहोस् । प्रयोगपछि दूषित कपडा तथा शरीरका प्रभावित भागहरु साबुनपानीले राम्ररी धुनुहोस् । विषादी छर्कदा धूम्रपान, खानपान वा चपाउने कुनै पनि वस्तु प्रयोग नगर्नुहोस् । घोल तयार गर्दा तथा छर्कदा पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

आँखा पोल्ने, आँसु आउने, दृष्टि धमिलो हुने तथा छालामा दागसहित जलन हुन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

निलिएको अवस्थामा घाँटीको पछाडिको भाग हल्का चलाएर बान्ता गराउने प्रयास गर्नुहोस् । बान्ता सफा नभएसम्म दोहोर्याउनुहोस् । बिरामी बेहोस भएमा बान्ता गराउने प्रयास नगर्नुहोस् । कपडा तथा छाला दूषित भएमा कपडा हटाई साबुन र प्रशस्त पानीले प्रभावित भाग राम्ररी धुनुहोस् । आँखामा परेमा १०-१५ मिनेटसम्म सफा पानीले राम्ररी धुनुहोस् । श्वासमार्फत भित्र गएको अवस्थामा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्ने) नगर्नुहोस् । विषादीका खाली कन्टेनरहरु तीन पटक पखाल्नुहोस् र पखाल्न प्रयोग गरिएको पानी खेती गरिने क्षेत्र तथा पानीका मुहानभन्दा टाढा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् । खाली कन्टेनरहरु तोडेर आवासीय क्षेत्रबाट टाढा वातावरण वा पानीको स्रोत प्रदूषण नहुने गरी सुरक्षित रुपमा विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादीबाट दूषित हुन सक्ने ठाउँहरुमा खाना, पेय पदार्थ, वा सुर्तीजन्य पदार्थहरु भण्डारण वा उपभोग नगर्नुहोस् । झारनाशक विषादीलाई सक्कली प्याकेटमा राम्रोसँग बन्द गरी, बालबालिका, गैरजिम्मेवार व्यक्ति र गाईवस्तुको पहुँचभन्दा टाढा छुट्टै कोठामा राख्नुहोस् । खाद्य पदार्थ, पशु आहार र अन्य सामग्रीहरु भण्डारण गर्न प्रयोग गरिने कोठाभन्दा टाढा, ताला चाबी लगाई सुरक्षित राख्नुहोस् । विषादी भण्डारणका लागि तोकिएको कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावादार तथा वाष्पबाट प्रदूषित नहुने खालको हुनुपर्छ । झारनाशक विषादीलाई खाद्य पदार्थ र पशु आहारको सम्पर्क नहुने गरि सुरक्षित तरिकाले ढुवानी गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** पारस पेष्टिसाइड्स इन्डस्ट्रिज एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर यु.पी., भारत ।

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके, नेपाल,
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@ yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-112149/2014-Metsulfuron Methyl (W.P) (344)-27

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
**0175-HER-WP-2026**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**जिङ्क फस्फाइड ८०% पाउडर**

# Zinc Phosphide 80% Powder

# रेट फायर (RAT FIRE)

**मुसानाशक**

| सिफारिस | | |
|---|---|---|
| **बाली/प्रयोग क्षेत्र** | **विभिन्न प्रजातिका मुसाको नाम** | **विषाक्त चाराको तयारी** |
| घर, गोदाम, बगैंचा तथा अन्य आवासीय क्षेत्र वरपर तालिम प्राप्त व्यक्तिको निगरानीमा मात्र | घर मुसा *(Rattus rattus)*, खेतको सानो मुसा *(Bandicota bengalensis)*, खेत मुसा *(Rattus mattuda)*, उफ्रिने मुसा *(Tatera indica)*, भारतीय मरुभूमि मुसा *(Meriones hurrianae)*, समथर रौं भएको मुसा *(Mus platythrix)*, घर मुसा *(Mus musculus)*, ठूलो मुसा (*Rattus norvegicus*), सानो खेत मुसा (*Mus booduga*) | १० ग्राम खाद्य सामाग्री (जस्तैः गहुँको पिठो वा चामलको पिठो वा आलुको पिस वा मोलासेस् वा सिद्रा माछा) मा १ ग्रामको दरले यो विषादी मिसाई विषाक्त चारा (१०:१) तयार गर्नुपर्दछ । |

**नोट : यी मुसाको नाम स्थान विशेषअनुसार फरक हुन सक्छन् ।**

**प्रयोग गर्ने विधि :**
मुसाहरु संवेदनशील स्वभावका हुने भएकोले सुरुमानै विष मिसाइएका चारो (Poison baits) राख्दा मुसाहरुले खाँदैनन् र सोचेजस्तो नतिजा आउँदैन । पहिले ४-५ दिनसम्म मुसाको प्वाल वा दुलो तथा आवतजावत गर्ने ठाउँहरुमा विष नमिसाइएको सादा चारो वा खाद्य सामाग्रीहरु (Plain baits) (जस्तै : गहुँ, चामल, आलु वा सुखेको माछा) राख्नुपर्दछ, जसकारण मुसाहरुलाई उक्त चारो खुवाएर पुनः फकाउन सकिन्छ । जब मुसाले ७५% भन्दा बढी सादा चारो खान थाल्छ, त्यसपछि मात्र विषादी चारोमा मिसाउनुपर्दछ । विषादी मिसाउँदा तौलका आधारमा १ भाग यो विषादीको पाउडर र १० भाग चारो (जस्तै : १०० ग्राम चारोमा १० ग्राम यो विषादी मिसाउने) मिसाएर सादा चारोको ठाउँमा विष हालेको चारो लगातार २-३ दिनसम्म राख्दा ७५-८५% मुसाहरु नियन्त्रण गर्न सकिन्छ । बाँकी रहेका मुसाहरु नियन्त्रण गर्न १५ दिन पछि फरक स्वादको चारो प्रयोग गरी फेरि यहि प्रक्रिया पुनः दोहाऱ्याउनुहोस् । चारो बनाउँदा वा राख्दा आफ्नो हातको गन्ध नमिसिने गरी तथा विष हातमा लाग्न नदिनका लागि हातमा पञ्जाको (Rubber hand gloves) प्रयोग अनिवार्य गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनु पर्छ :**
खाद्य पदार्थ, खाद्य पदार्थका रित्ता भाँडाहरु तथा पशुचौपायाको आहाराभन्दा यो विषादी टाढा राख्नुहोस् । मुख, आँखा र छालामा यो विषादी पर्न नदिनुहोस् । श्वासप्रश्वासमार्फत यो विषादी शरीरभित्र प्रवेश गर्न नदिनुहोस् । विषादीको प्रयोग गर्दा खाने, चपाउने, पिउने, धुम्रपान नगर्नुहोस् । यो विषादी प्रयोग गर्दा सुरक्षात्मक पहिरन अनिवार्य लगाउनुहोस् । प्रयोग पश्चात बाँकी रहेको विषयुक्त चारा तथा मरेका मुसाहरु संकलनगरी आवासीय क्षेत्रभन्दा टाढा लगेर गाड्ने वा जलाउने गर्नुहोस् । विषयुक्त चारो घरपालुवा जनावर वा पन्छीले खान सक्ने हुँदा विशेष सावधानी अपनाउने तथा बालबालिकाबाट सुरक्षित रहने गरी र सम्पर्क नहुने गरी विसर्जन गर्ने कुरा सुनिश्चित गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी लाग्ने, पेट दुख्ने, छातीमा दबाव महसुस हुने, कमजोर महसुस हुने, अत्यधिक तिर्खा लाग्ने, ऐंठन पर्ने (छारे पर्नु ) जस्ता लक्षण देखा पर्दछन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**
विषादी निलेको अवस्थामा घाँटीको पछाडि भागमा काउकुती गरेर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि लुगा र छालामा विषादी परेको छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित शरीरका भागहरूलाई प्रशस्त साबुन र पानीले धुनुहोस् । आँखामा विषादी परेमा सफापानीले १०-१५ मिनेटसम्म आँखालाई पखाल्नुहोस् । यदि विषादी श्वासमार्फत शरीरभित्र प्रवेश गरेमा बिरामीलाई खुल्ला तथा ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**
जल तथा वातावरण प्रदूषण हुन नदिनका लागि विषादीका प्याकेटहरु, बाँकी रहेका विषादी तथा मेसिनरीका साथै कन्टेनरहरु पखालिसकेपछि निस्केको पानीलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् । प्रयोग गरिएका विषादीका प्याकेटहरु पुनः प्रयोगका लागि बाहिर नछोड्नुहोस् । प्रयोग भइसकेका विषादीका प्याकेटहरु तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी रहेका प्याकेटहरूलाई अन्य सामाग्रीहरु भण्डारण गर्ने कोठा वा परिसर भन्दा अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको संख्या र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला लगाएर राख्नुपर्दछ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावाको आहोरदोहोर राम्रो हुने र वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, अत्यन्तै घातक, रातो**

**(कृषि, घरायसी प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** रोयल एग्रो आर्गेनिक प्रा.लि., पि ए पि १६, फेज १, एम आई डि सि, कसेर्दि, ताल. खन्डाला, जिल्ला : सातारा ४१२८०२, ( महाराष्ट्र), भारत ।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके ,नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-109479/2013-Zinc Phosphide (342)-3

नेपालमा पञ्जीकरण गरिएको नं.

0176-ROD-P-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

डाइफेनथियुरोन ५०% डब्लु.पी.

Diafenthiuron 50% WP

शिन्जो (Shinjo)

सम्पर्क तथा आन्तरिक कीटनाशक

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पखने अवधि (दिन) | ग्राम वा एम./एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्रा.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अलैंची | थ्रिप्स (Thrips),फलको गभारो (Capsule borer) | ८०० | १००० | ७ | ०. ८ |
| कपास | सेतो झिँगा (White flies), लाही (Aphids), थ्रिप्स (Thrips), ज्यासिड (Jassids) | ६०० | ५००-१००० | २१ | ०.६-१.२ |
| बन्दा | ईंटबुट्टे पुतली (Diamond back moth) | ६०० | ५००-७५० | ७ | ०.८-१.२ |
| भन्टा | सेतो झिँगा (Whitefly) | ६०० | ५००-७५० | ३ | ०.८-१.२ |
| खुर्सानी | सुलसुले (Mites) | ६०० | ५००-७५० | ३ | ०.८-१.२ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गर्नुहोस्।

**प्रयोग गर्ने विधि**

सिफारिस मात्रामा विषादी नाप्नुहोस् र थोरै पानीमा राम्ररी मिसाउनुहोस्। त्यसपछि बाँकी पानी थपेर घोल तयार गर्नुहोस्। उपयुक्त स्प्रेयरको सहायताले बालीलाई पूर्ण रूपमा ढाक्ने गरी छर्कनुहोस्। कपासमा सुरुवाती कीरा देखा परेको बेलामा पहिलो छर्काई गर्नुहोस् र कीराको क्षति स्तरको आधारमा १५ दिनको अन्तरालमा एक वा दुई पटक छर्कनुहोस्। बन्दामा पहिलो छर्काई रोपाइँ गरेको ३० दिनपछि वा सुरुवाती कीरा देखा परेको समयमा गर्नुहोस् र कीराको क्षति स्तरको आधारमा १०-१५ दिनको अन्तरालमा २-३ पटक छर्कनुहोस्। खुर्सानीमा रोपाइँ गरेको ३० दिनपछि वा सुरुवाती कीरा देखा परेको समयमा पहिलो छर्काई गर्नुहोस् र कीराको तीब्रता अनुसार १४-२१ दिनको अन्तरालमा २ पटक छर्कनुहोस्। भान्टामा सुरुवाती कीरा देखा परेको समयमा पहिलो छर्काई गर्नुहोस् र १४-२१ दिनमा दुई पटक छर्कनुहोस्। अलैंचीमा पहिलो छर्काई सुरुवाती कीरा देखा परेको समयमा गर्नुहोस् र कीराको प्रवृत्ति अनुसार २१-३० दिनको अन्तरालमा दुई पटक छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस्। विषादी मिसाउँदा चलाउनका लागि लट्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस्। छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै श्वासमार्फत शरीर भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस्। विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्कदा निस्कने छिटाहरु (drifts) बाट बच्नुहोस् र नोज़ललाई मुखले नफुक्नुहोस्। विषादी छर्कदा खाने, चपाउने, पिउने, धुम्रपान गर्ने जस्ता कार्य गर्नु हुँदैन। यो विषादी जलीय जनावर तथा मौरीको लागी घातक हुन्छ। तसर्थ यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन। साथै मौरीहरूको सक्रिय चरन अवधिमा यो विषादी प्रयोग नगर्नुहोस्। विषाक्तताको कुनै पनि संकेत देखिएमा, तुरुन्तै चिकित्सकसँग सल्लाह गर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

आलस्य, अत्यधिक कमजोरी, रौं ठाडो हुने, टाउको दुख्ने, चक्कर लाग्ने, वाकवाकी लाग्ने, बान्ता हुने, धमिलो दृष्टि, आँखाबाट आँसु आउने र र्‍याल निस्कने जस्ता लक्षणहरू देखिन सक्छन्।

**प्राथमिक उपचार :**

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट सफा र खुला कोठामा वा ताजा हावामा लैजानुहोस् र बिरामीलाई चिसो हुनबाट जोगाउनुहोस्। विषाक्तताको शंका लागेमा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस्। छालाको सम्पर्कमा आएमा दूषित लुगा हटाउनुहोस् र शरीरको प्रभावित भागलाई प्रशस्त साबुन पानीले राम्ररी धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। विषादी निलेको खण्डमा आवश्यकता अनुसार औषधी चारकोल (Medicinal Charcoal) दोहोर्‍याएर प्रशस्त पानीसँग दिनुहोस्। बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केहि पनि खाने कुरा नदिनुहोस् र बान्ता नगराउनुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन। लक्षणअनुसार उपचार गर्नुहोस्।

**प्रयोग गरिएका भाँडाको बिसर्जन**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस्।

**भण्डारण अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र राम्ररी हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो (कृषी प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना (भारत):**

शिवालिक क्रप साइन्सेस प्रा.लि.

ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द ऐग्रो सेन्टर

अदालत रोड, कलैया-५

इमेलः

arbindagrocentre006@gmail.com

सम्पर्क नं. ०५३-५५०३४८

मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.** CIR-120550/2015-Diafenthiuron (WP) (352)-105

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0177-INS-WP-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

थायामेथोक्साम १.०% + क्लोरान्ट्रानिलिप्रोल ०.५% जी.आर.

Thiamethoxam 1.0% + Chlorantraniliprole 0.5% GR

# स्पेक्ट्रा अल्ट्रा (SPECTRA ULTRA)

सम्पर्क तथा दैहिक कीटनाशक

**सिफारिस :**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि ( दिन ) | एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी | | |
| मकै | लाही (Aphids)<br>डाँठको गभारो (Stem Borer) | ६ | - | ९५ | - |
| धान | डाँठको गभारो (Stem Borer)<br>पात बेरुवा (Leaf Folder),<br>हरियो फड्के (Green Leaf Hopper)<br>खैरो फड्के (Brown Plant Hopper) | ६ | - | ६० | - |
| उखु | प्रारम्भिक डाँठको गभारो<br>(Early Shoot Borer) | १० | - | २७० | - |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

यस विषादीलाई सिफारिस मात्रामा धान रोपेको २० दिन पछि, हातले (एक पटक) छर्नुहोस्। मकै : रोपेको २० दिन पछि, हातले मकैको बोटको जरा नजिक दानादार रूपमा (एक पटक) लगाउनुहोस् । उखु : रोप्ने समयमा उखुको डाँठलाई माटोले छोप्दा खेतमा खनेका गहिरो नालीमा (furrow) दानादाररूपमा (एक पटक) छर्नुहोस् । कीराको संक्रमणको सुरुमा, दानाहरू सकेसम्म समान रूपमा छर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

यो मौरी र अन्य परागसेचन गर्ने कीराहरुको लागि अत्यधिक घातक छ ; त्यसैले सक्रिय चरन अवधिमा यो विषादीलाई प्रयोग गर्नुहुँदैन । फूल फुल्नुभन्दा ५ दिन अघि र फूल फुल्ने अन्त्यको बीचमा फूल फुल्ने बालीहरूमा प्रयोग नगर्नुहोस्। यसलाई फूल फुल्ने झारपात, हेज, वा विषादी छरेको क्षेत्र वरपरका फूल फुल्ने बालीहरूमा फैलिन नदिनुहोस् । यो जलचर मेरुदण्ड नभएका जीवहरूका लागि विषाक्त छ ; त्यसैले, यसलाई माछा, झिंगे माछा र धान खेतमा हुर्काइएका अन्य क्रस्टेसियन (Crustacea) नजिक वा सो क्षेत्रमा पर्ने गरी प्रयोग गर्नुहुँदैन । यो कीटनाशक प्रयोग गरिएको खेतमा २४ घन्टासम्म सुरक्षात्मक कपडा (पूर्ण छाला छोप्ने गरि र जुत्ता) नलगाई प्रवेश नगर्नुहोस् । विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यस विषादीको कारणले मांसपेशीमा समन्वयको अभाव, कम्पन (कम्पन हुनु) र आँखाको नानी (पुतली) फैलिनु जस्ता लक्षणहरु देखिन्छ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि कुनै असहजता वा बिरामीपन देखा परेमा तुरुन्त काम बन्द गरी चिकित्सकलाई बोलाउनुहोस् । प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने स्थान वा ताजा हावामा लैजानुहोस् । छालासँग सम्पर्क भएमा दूषित लुगा हटाई विषादी परेको अंगहरूलाई साबुन र पानीले राम्ररी धुनुहोस्। आँखामा विषादी परेमा, आँखालाई सफा पानीले बिस्तारै केही मिनेटसम्म पखाल्नुहोस् । यदि विषादी निलेमा तुरुन्तै चिकित्सक कहाँ लैजानुहोस् । बेहोस व्यक्तिलाइ बान्ता गराउन प्रयास नगर्नुहोस् र बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि कुरा नदिनुहोस् ।

**विशेष ध्यान दिनुपर्ने विषय:**

कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूहअन्तर्गत पर्ने Cyantraniliprole, Lubendiamide, Tetraniliprole जस्ता विषादीहरू एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन। एक बाली अवधिभमा कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

वातावरणीय प्रदूषणबाट बच्न, कन्टेनरहरू, बाँकी रहेको घोल, मेसिन धुने र खाली कन्टेनरहरूलाई सुरक्षित स्थानमा फाल्नुहोस् । प्रयोग गरिएका कन्टेनरहरू/प्याकेटहरू बाहिर यथास्थितिमा राख्नु हुँदैन । यसरी तिनीहरूको पुनः प्रयोग रोक्न सकिन्छ । प्याकेटहरू/क्यानहरूलाई कुल्चेर मानव बस्तीबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । खाली कन्टेनरहरू अन्य कुनै पनि उद्देश्यका लागि पुनः प्रयोग नगर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ । विषादीको प्याकेट र कन्टेनरहरू प्रत्यक्ष घामबाट टाढा राख्नुहोस् र सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोगको निर्देशन: कृपया प्रयोग गर्नुपूर्वु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.npमा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

**उत्पादक** - सेफेक्स केमिकल्स (इंडिया) लिमिटेड, दिल्ली, भारत

**वितरक** -इंडो-स्विस केमिकल्स लिमिटेड, दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** एग्रिकल्चर गुड्स सप्लायर सेन्टर, गरुडा , रौतहट, नेपाल
९८६४२६७१८९
Email:- agriculturegoods123@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-351801/2025-THIAMETHOXAM + CHLORANTRANILIPROLE (GR) (463)-590.

नेपालमा पञ्जीकरण गरिएको नं.
0178-INS-GR-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

सल्फर ८०% डब्लु. डी. जी.

Sulphur 80% WDG

**रामसल्फ (RAMSULF)**

सम्पर्क ढुसीनाशक

सिफारिस:

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | (के.जी.) / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा-(के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| अंगुर | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |
| स्याउ | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |
| झुप्पा सिमी | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |
| बोडी | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |
| केराउ | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |
| जीरा | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |
| आँप | सेता धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | -- | २.५ |

नोटः रोगहरूको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरूसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधिः**

सिफारिस गरिएको विषादीको मात्रालाई थोरै पानीमा मिसाई राम्रोसँग घोल्नुहोस्। त्यसपछि आवश्यक मात्रामा पानी थपेर राम्ररी चलाएर स्प्रे घोल तयार गर्नुहोस्। यो विषादी छर्कनका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर, ब्याट्रीबाट चल्ने पावर स्प्रेयर तथा ASPEE-HTP पावर स्प्रेयरको प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा तथा विषादी छर्दा पञ्जा, रबर बुट, चस्मा, ग्याँस मास्क, टोपी तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोशाक अनिवार्य रूपमा प्रयोग गर्नुहोस्। विषादीका छिटा नाक वा मुखमार्फत शरीरभित्र प्रवेश हुन नदिनुका साथै आँखा, मुख र छालासँग प्रत्यक्ष सम्पर्क हुनबाट जोगाउनुहोस्। विषादी प्रयोगको क्रममा खाना खाने, पेय पदार्थ सेवन गर्ने, चपाउने वस्तु प्रयोग गर्ने वा धूम्रपान गर्ने कार्य नगर्नुहोस्। विषादी प्रयोगपछि सम्पर्कमा आएका कपडाहरू राम्ररी धोई स्नान गर्नुहोस्। सल्फरप्रति संवेदनशील बालीहरू, विशेष गरी कुकुर्बिट वर्गका लहरे तरकारीहरू (फर्सी, लौका, घिरौंला आदि) तथा केही जातका स्याउ, नास्पाती र अन्य फलफूल बालीमा यसको प्रयोग सिफारिस गरिँदैन। साथै, तापक्रम ३०°से. (८५°F) भन्दा माथि भएको अवस्थामा सल्फरको प्रयोग गर्दा बालीमा फाइटोटक्सिसिटी (वनस्पतिमा विषाक्त असर) देखिन सक्ने भएकाले त्यस्तो अवस्थामा प्रयोग नगर्नुहोस्।

**विषादीको विरुवामा हुने विषाक्तता**

सिफारिस बाली अनुसार प्रयोग गर्दा उत्पादित विरुवाहरुमा विषाक्तता हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा श्वासनली (ब्रोंकाइ), आँखा र फोक्सोमा जलन वा चिलाउने जस्ता समस्या देखा पर्न सक्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादी निलिएको अवस्थामा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउने प्रयास गर्नुहोस्। बान्ता सफा नहुजेलसम्म यो प्रक्रिया दोहोर्याउनुहोस्। बिरामी बेहोस अवस्थामा भए बान्ता गराउन हुँदैन। छालामा विषादीको सम्पर्क भएको अवस्थामा प्रभावित भागलाई प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। छालामा जलन, रुखोपन वा अन्य असामान्य लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिनुहोस्। आँखामा विषादी परेको अवस्थामा कम्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई राम्ररी पखाल्नुहोस्। श्वासप्रश्वास मार्फत विषादी शरीरभित्र प्रवेश गरेको अवस्थामा प्रभावित व्यक्तिलाई तुरुन्त खुला तथा स्वच्छ हावा आउने स्थानमा राख्नुहोस्। कुनै गम्भीर लक्षण देखिएमा वा स्वास्थ्यमा असहजता महसुस भएमा तत्काल चिकित्सकको परामर्श तथा उपचार लिनुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडाको विसर्जन**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ। प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन सक्ने गरी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन। त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा गहिरो खाडल खनी सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्छ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरुअन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा तालाचावी लगाई राख्नुपर्छ। विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ। आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीका प्याकेट र कन्टेनरहरु सुरक्षित स्थानमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** रामसाईड्स क्रपसाईन्स प्रा .लि., चेन्नई, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना :**
नेपाल सिड सेन्टर, कलैया ४, बारा, नेपाल, सम्पर्क नं. ९७०६३६१४८८
Email: nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-55,061/2006-Sulphur (WDG)(267)-1580

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0179-FUN-WDG-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

ल्याम्बडासायहेलोथ्रिन ५% ई.सी

Lambdacyhalothrin 5 % EC.

# थाईची ५० (Thaichi 50)

सम्पर्क तथा आन्तरिक कीटनाशक

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | अन्तिम स्प्रे देखि कटानीसम्म प्रतीक्षा अवधि (दिन) | मि.लि./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| धान | पात बेरुवा (Leaf Folder), डाँठको गभारो (Stem Borer), खैरो फड्के कीरा (Brown Planthopper) , सेतो पिठ्युँ भएको फड्के कीरा (White backed planthopper), हरियो फड्के कीरा (Green leaf Hopper), काँडादार खपटे (Hispa), गुभोमा लाग्ने झिंगाको लार्भा (Whorl maggot) | २५० | ४००-६०० | १५ | ०.४१६-०.६२५ |
| भण्टा | फल र डाँठको गभारो (Fruit and shoot borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| गोलभेडा | फलको गभारो (Fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| कपास | कपासको फल छेड्ने कीरा (Bollworms), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ३००-५०० | ४००-६०० | २१ | ०.७५ - ०.८३ |

नोट: कीराहरुको नेपाली नाम स्थानविशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोस्।

**प्रयोग गर्ने विधि:**

न्याप्स्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्याप्स्याक स्प्रेयर, कम्प्रेसन न्याप्स्याक ब्याट्री स्प्रेयर र एस्पी एच.टी.पी. पावर स्प्रेयर प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ :**

विषादीलाई खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशुखाद्यबाट टाढा राख्नुहोस्। मुख, आँखा तथा छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। प्रयोग गर्दा श्वासमार्फत भित्र जान नदिनुहोस्। छरेपछि दूषित कपडा तथा शरीरका सम्पर्कमा आएका भागहरू राम्ररी साबुन पानीले धुनुहोस्। विषादी छर्दा वा प्रयोग गर्दा धूम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने काम नगर्नुहोस्। विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा, ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्।

**चेतावनी:** यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

डर लाग्ने, बेचैनी, काम्ने, मिर्गी आउने, छालामा एलर्जी हुने, हाच्छ्युँ आउने, नाक बग्ने र नाकमा जलन हुन सक्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि विषादी निलेको छ भने, बान्ता नगराउनुहोस् वा कुनै तरल पदार्थ जबरजस्ती नदिनुहोस्। यदि कपडा वा छाला दूषित भएको छ भने दूषित कपडा हटाई छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। आँखामा परेमा १० देखि १५ मिनेटसम्म सफा पानीले धुनुहोस्। यदि श्वासप्रश्वासमार्फत गएको भए प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने ठाउँमा वा ताजा हावामा लैजानुहोस्।

**एन्टिडट:**

कुनै विशेष एन्टिडट उपलब्ध छैन। लक्षणअनुसार उपचार गर्नुहोस्। एलर्जीको लागि एन्टिहिस्टामिन्स दिन सकिन्छ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको कन्टेनर वा प्याकेज कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल) राख्न नगर्नुहोस्। बाँकी रहेको सामग्री, प्रयोग गरिएका कन्टेनर तथा उपकरण धुने पानीलाई वातावरण वा पानीका स्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा नष्ट गर्नुपर्छ। प्रयोग भइसकेका प्याकेज वा भाँडाहरूलाई फुटाएर वा प्वाल पारेर मानव बस्तीभन्दा टाढा उचित व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था :**

कीटनाशक भएका प्याकेटहरूलाई खाद्य पदार्थ वा अन्य सामग्री राखिने स्थानभन्दा अलग कोठा वा भण्डारण स्थलमा राख्नुपर्छ। आवश्यकता अनुसार ताला लगाइएको छुट्टै दराज वा कोठामा सुरक्षित राख्नुपर्छ। भण्डारण गर्ने ठाउँ ओस नआउने, सुख्खा, घामको सिधा प्रकाश नपर्ने र राम्रो हावा ओहोरदोहोर हुने हुनुपर्दछ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, ज्यादै घातक, पहेँलो (कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाइ ०१-५०१०१११ मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना :**

एग्रिको ऑर्गेनिक्स लिमिटेड, दिल्ली-०७, भारत।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क नं.:**

राज एग्रो, कलैया-०१, बारा, नेपाल।
९८५५०२९८००
rajagrok800@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-45,877/2003-Lambdacyhalothrin (EC) (237)-180

नेपालमा पञ्जीकरण गरिएको नं.

0180-INS-EC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रोपिनेब ७०% + साइमोक्सानिल ६% डब्ल्यू.पी.

Propineb 70% + Cymoxanil 6% WP

# बेनोफिट (BENOFIT)

सम्पर्क ढुसीनाशक

**सिफारिसः**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | डाउनी मिल्ड्यु (Downy mildew), कोत्रे रोग (Anthracnose) | २०००–२२५० | ५०० | १० | ४–४.५ |
| आलु | अगौटे डढुवा (Early blight), पछौटे डढुवा (Late blight) | २०००–२२५० | ५०० | – | ४–४.५ |

**प्रयोग गर्ने विधिः**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रामा सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस्। तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । रोगको लक्षण देखा परेको समयमा न्यापस्याक स्प्रेयरको सहायताले पातमा छर्कने (Foliar spray) विधिबाट यसको प्रयोग गर्नु पर्दछ । बालीमा फूल फुल्ने समयमा र बाली काट्नुभन्दा ठीक अगाडि यसको प्रयोग नगर्नुहोस् । रोगको प्रभावकारी नियन्त्रणका लागि बालीमा समान रूपमा (Uniform coverage) विषादी छर्कनुपर्छ । रोगको प्रकोप र मौसम अनुसार १०-१५ दिनको अन्तरालमा ३ स्प्रे आवश्यक पर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै, मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । यस पर्चामा तोकिएका बाहेक अन्य बालीहरूमा प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषादी निलिएमा वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने; श्वासप्रश्वासको माध्यमबाट सरिर भित्र गएमा श्वास नली (Bronchial tubes) र फोक्सोका तन्तुहरू (Lungs tissues) मा जलन हुनुका साथै अस्थायी रूपमा केन्द्रीय स्नायु प्रणाली सुस्त (Central nervous system depression) हुन सक्छ, जसका कारण चक्कर लाग्ने, टाउको दुख्ने, अल्मलिने (भ्रम हुने), शारीरिक सन्तुलन बिग्रने, बेहोस हुने र तौल घट्ने; आँखामा परेमा असहज महसुस हुने, आँसु आउने, दुख्ने वा दृष्टि धमिलो हुने साथै आँखामा जलन हुने; श्वासमार्फत नाक वा घाँटीसम्म पुगेमा हाछ्यु आउने, घाँटी दुख्ने वा नाकबाट पानी बग्ने; छालाको सम्पर्कमा आएमा चिलाउने, पोल्ने, रातो हुने, सुन्निने, असहज महसुस हुने वा दाग (rash) बस्ने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

निलिएको अवस्थामा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस् । यदि बिरामी सचेत छ भने, राम्रोसँग कुल्ला गराउनुहोस् र पिउनका लागि १-२ ग्लास पानी दिनुहोस्। बेहोस भए मुखबाट केही पनि नदिनुहोस् । उपचारमा संलग्न चिकित्सकले निर्देश नगरेसम्म बान्ता गराउने प्रयास नगर्नुहोस् । श्वासप्रश्वास मार्फत सरिर भित्र गएमा बिरामीलाई तुरुन्तै खुला र ताजा हावा खेल्ने ठाउँमा लैजानुहोस् । बिरामीले श्वास फेर्न नसकेको वा श्वास फेर्न गाह्रो भइरहेको अवस्थामा कृत्रिम श्वासप्रश्वास (CPR) दिनुहोस् र चिकित्सकसँग परामर्श लिनुहोस् । विषादी छाला वा कपडामा परेमा तुरुन्तै कपडा फुकालेर प्रभावित छालालाई साबुन र प्रशस्त पानीले धुनुहोस् । छाला दुख्ने, रातो हुने वा जलन हुने समस्या निको भएन भने चिकित्सकको सल्लाह लिनुहोस् । प्रभावित कपड़ाहरु पुनः प्रयोग गर्नु अघि साबुन र प्रशस्त पानीले छुट्टै राम्रोसँग धुनुहोस् । आँखामा परेको अवस्थामा कम्तीमा १५ मिनेटसम्म पर्याप्त मात्रामा सफा पानीले बिस्तारै पखाल्नुहोस् । यदि आँखा दुख्ने, जलन हुने, रातो हुने वा प्रकाश तिर हेर्न गाह्रो हुने (Photophobia) समस्या देखिएमा तुरुन्तै नेत्र रोग विशेषज्ञसँग परामर्श लिनुहोस् ।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्थाः**

विषादी भएका प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ।

**कृपया प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगानाः**
**कोरोमंडल इन्टरनेशनल लिमिटेड,**
कोरोमंडल हाउस, १–२–१०, सरदार पटेलरोड, सिकंदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR-22121/2024-PROPINEB 70.0% + CYMOXANIL 6.0% WP (459)

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0181-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

सल्फर ८०% डब्ल्यू.डी.जी.

Sulphur 80% WDG

**विल्लो (VILLO)**

सम्पर्क ढुसीनाशक

**सिफारिस:**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |
| स्याउ | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |
| बोडी | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |
| झुप्पा सिमी | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |
| मटर | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |
| जीरा | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |
| आँप | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | - | १.८८-२.५० |

**प्रयोग गर्ने विधि:**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा भरी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुन: राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । यसका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर (फ्ल्याट फ्यान/फ्लड जेट नोजल सहित) प्रयोग गर्न सकिन्छ । विषादीलाई बिरुवाका सम्पूर्ण भाग राम्ररी भिज्ने गरि छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ:**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कंदा पञ्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न नदिनुका साथै मुख, आँखा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नुहुँदैन । विषादी प्रयोगपछि सम्पर्कमा आएका कपडाहरु राम्ररी धुनुहोस् र नुहाउनुहोस् । सल्फरप्रति संवेदनशील बालीहरु, विशेष गरी कुकुर्बिट वर्गका लहरे तरकारीहरू (फर्सी, लौका, घिरौंला, आदि) तथा केही जातका स्याउ, नासपाती, र अन्य फलफूल बालीमा यसको प्रयोग सिफारिस गरिँदैन । साथै, तापक्रम ३०°से. (८५°F) भन्दा माथि भएको अवस्थामा सल्फरको प्रयोग गर्दा बालीमा फाइटोटक्सिसिटी (वनस्पतिमा विषाक्त असर) देखिन सक्ने भएकाले त्यस्तो अवस्थामा प्रयोग नगर्नुहोस् । यो विषादी मौरी तथा जलीय जनावरका लागि विषाक्त हुने हुँदा मौरीको चरनको समयमा, माछापालन क्षेत्र नजिक तथा पानीको स्रोत नजिक विषादी छर्कनुहुँदैन । फूल फुलेको समयमा विषादी छर्कने कार्य कहिल्यै नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

वाकवाकी लाग्ने, वान्ता हुने, टाउको दुख्ने र श्वासनली, आँखा र फोक्सोमा जलन हुने वा चिलाउने जस्ता लक्षण देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

विषादी निलेको अवस्थामा घाँटीको पछाडिको भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् र वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने वान्ता गराउनुहुँदैन र मुखबाट केही पनि खानेकुरा दिनुहुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा प्रभावित भागलाई प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । छालामा जलन, रूखोपन वा अन्य असामान्य लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिनुहोस् । आँखामा विषादीको सम्पर्क भएमा कम्तिमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई राम्ररी पखाल्नुहोस् । श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेको अवस्थामा प्रभावित व्यक्तिलाई तुरुन्त खुला तथा स्वच्छ हावा आउने स्थानमा राख्नुहोस् । कुनै गम्भीर लक्षण देखिएमा वा स्वास्थ्यमा असहजता महसुस भएमा तत्काल चिकित्सकको परामर्श तथा उपचार लिनुहोस् ।

**एण्टिडट:**

यी विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन:**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुन: प्रयोग गर्न मिल्ने गरी खुला स्थानमा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुन: प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था:**

यस विषादीलाई खाना, दाना, रित्ता भाँडाभन्दा पर राख्नुहोस् । विषादी भएका प्याकेटहरूलाई अन्य वस्तु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोधन वा मलखादबाट टाढा राख्नुहोस् । यसलाई विशेष गरी आगो वा कुनै प्रकारको विद्युतीय झिल्का नपर्ने स्थानमा भण्डारण गर्नुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:-**

**अतुल लिमिटेड,**
अतुल-३९६ ०२०, वलसाड,
गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-54,135/2006-SULPHUR (WDG) (264)-1544

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0182-FUN-WDG-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

इमिडाक्लोप्रिड १७.८% एस.एल.

Imidacloprid 17.8% SL

सैकडोर (Sacdor)

दैहिक कीटनाशक

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा (लि.) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| कपास | लाही (Aphid), सेतो झिँगा (Whitefly), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ०.१०-०.१२५ | ५००-७०० | ४० | ०.१८-०.२ |
| धान | खैरो फड्के (Brown Plant Hopper), सेतो पिठ्युँ भएको फड्के (White Backed Plant Hopper), पातको हरियो फड्के (Green Leaf Hopper) | ०.१०-०.१२५ | ५००-७०० | ४० | ०.१८-०.२ |
| उखु | धमिरा (Termite) | ०.३५० | १८७५ | ४५ | ०.१९ |
| आँप | फड्के कीरा (Hopper) | २-४ मि.लि.प्रति रुख | १० लि प्रति रुख | ४५ | ०.२-०.४ |
| सूर्यमुखी | सेतो झिँगा (Whitefly), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ०.१ | ५०० | ३० | ०.२ |
| भिण्डी | लाही (Aphid), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ०.१ | ५०० | ३ | ०.२ |
| सुन्तला जातका फलफुल | सिल्ला (Psylla) , पात खन्ने कीरा (Leaf miner) | ०.०५% | - | १५ | ०.०५ |
| बदाम | लाही (Aphid), ज्यासिड (Jassids), | ०.१-०.१२५ | ५०० | ४० | ०.२-०.२५ |
| अंगुर | उपियाँ झै फड्कने खपटे (Flea beetle) | ०.३-०.४ | १००० | ३२ | ०.३-०.४ |
| खुर्सानी | लाही (Aphid), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ०.१२५-०.२५० | ५००-७०० | ४० | ०.२५-०.३५ |
| टमाटर | सेतो झिँगा (Whitefly) | ०.१५०-०.१७५ | ५०० | ३ | ०.३-०.३५ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधिः**

माथि सिफारिस गरिएको मात्रामा विषादीलाई सफा पानीमा मिसाई एकनासको घोल तयार गरी हातले चलाउने न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर वा ट्र्याक्टरमा जडित स्प्रेयरद्वारा बालीका सम्पूर्ण भागमा समान रूपमा छर्कनुहोस् । उखु बालीमा धमिरा व्यवस्थापनका लागि सेट रोप्ने समयमा खाल्डोमा राखिएका सेटहरू पूर्ण रूपमा भिज्ने गरी विषादीको घोल प्रयोग गरी माटोले पुरिदिनुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छः**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा तथा विषादी छर्दा पञ्जा, रबर बुट, सुरक्षा चस्मा, श्वासप्रश्वास सुरक्षाका लागि उपयुक्त मास्क, टोपी, तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोशाक अनिवार्य रुपमा प्रयोग गर्नुहोस् । विषादी छर्दा विषादीका छिटा नाक, मुख वा श्वासप्रश्वासको माध्यमबाट शरीरभित्र प्रवेश हुन नदिनुहोस् । साथै मुख, आँखा तथा छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी प्रयोग गरिसकेपछि हात, मुख, तथा शरीरका सम्पर्कमा आएका भागहरु साबुनपानीले राम्ररी धुनुहोस् र सफा पानीले नुहाउनुहोस् । विषादीको सम्पर्कमा आएका कपडा तथा सुरक्षात्मक सामग्रीहरु अन्य कपडाभन्दा छुट्टै साबुनपानीले धोइ पुनः प्रयोग गर्नुहोस् । विषादी प्रयोग गर्ने क्रममा खाना, पेय पदार्थ सेवन गर्ने, सुर्तीजन्य पदार्थ चपाउने तथा धुम्रपान गर्ने कार्य गर्नुहुँदैन । यो विषादी मौरी, माछा तथा अन्य जलीय जीवहरुका लागि हानिकारक हुने भएकाले मौरीहरुको सक्रिय चरन अवधिमा तथा पानीको स्रोत नजिक यसको प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामाः**

विषाक्तताको प्रारम्भिक लक्षणहरुमा उदासीनता, मांसपेशी कमजोर हुने, शरीर काम्ने, श्वास फेर्न गाह्रो हुने तथा मांसपेशी बाउडिने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**प्राथमिक उपचारः**

आँखामा विषादी परेको छ भने तुरुन्तै सफा र स्वच्छ पानीले निरन्तर पखाल्नुहोस् । विषाक्तता भएको अवस्थामा रक्तचाप र नाडीको गति बारम्बार जाँच गर्नुपर्छ । मुटुको धड्कन कम हुने तथा रक्तचाप घट्न सक्ने भएकाले आवश्यक परे कृत्रिम श्वासप्रश्वास तथा मुटुको सहायक उपचार प्रदान गर्नुपर्छ । बिरामीलाई यथाशीघ्र नजिकको स्वास्थ्य संस्थामा पुऱ्याई चिकित्सकको सल्लाह लिनुहोस् ।

**एण्टिडटः**

यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जनः**

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना (भारत):**

शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द ऐग्रो सेन्टर
अदालत रोड, कलैया-५
**इमेलः**
arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.** CIR-38,710(220)/2002-IMIDACLOPRID (SL)-128

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0183-INS-SL-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

| | |
|---|---|
| वातावरण वा पिउने पानीको स्रोतहरु प्रदूषण नहुने गरी विषादीको कन्टेनर, कन्टेनर पखाल्न प्रयोग गरिएको पानी तथा बाँकी रहेको विषादीलाई सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेटलाई कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल वा अन्य सामाग्री राख्न) नगर्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।<br>**भण्डारण अवस्थाः**<br>विषादी भएका प्याकेजहरुलाई सधैं यसको मूल कन्टेनरमै राखी अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा तथा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि पानीको वाष्पबाट दूषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि तथा मलखादबाट टाढा राख्नुहोस् । | |

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**२,४-डी एमाइन साल्ट ५८% एस.एल.**

**2,4-D Amine salt 58% S.L.**

**टाइटैनिक (TITANIC)**

**चयनात्मक झारनाशक**

**सिफारिस :**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फलटिप्नु वा काट्नु अघि पर्खनु पर्ने अवधि (दिनमा) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| आलु | हलिनखुर (*Convolvulus arvensis*), कुल्फा साग (*Portulaca oleracea*), वनप्याज (*Asphodelus tenuifolius*), बेथे साग (*Chenopodium album*), कृष्णनील (*Anagalis arvensis*), मोथे (*Cyperus iria*) | ३.५ | ४०० | - | ८.७५ |
| गहुँ | हलिनखुर (*Convolvulus arvensis*), मेथीघाँस (*Melilotus alba*), ढुकुरे झार (*Fumaria* spp), वनप्याज(*Asphodelus tenuifolius*), बेथे साग (*Chenopodium album*), कुटिलकोसा (*Vicia sativa*) | ०.८५-१.३० | ५००-६०० | - | १.७०-२.१७ |
| जुनेलो | भुइँअमला (*Phyllanthus niruri*), हलिनखुर (*Convolvulus arvensis*), दुधे झार(*Euphorbia hirta*), पुतली झार (*Tridax procumbens*), लुँडे झार(*Digera arvensis*), सेतो पूर्ननवा (*Trianthema* spp), स्ट्रीगा (*Striga* spp), मोथे झार (*Cyperus iria*) | ३.० | ५००-६०० | - | ५-६ |
| खेती नगरिएको क्षेत्र | पाती झार (*Parthenium hysterophorous*), मोथे झार (*Cyperus rotundus*) | ४.५० | ३००-४०० | | १५-११.२५ |
| मकै | लुँडे झार (*Amaranthus* spp) , गोखुरे (*Tribulus terreistris*), पूनरनवा (*Boerhavia diffusa*), कुल्फा साग (*Portulaca oleracea*),दुधे झार, (*Euphorbia hirta*), मोथे झार (*Cyperus* spp), सेतो पुनर्नवा (*Trianthema monogyna*) | ०.८६ | ४००-५०० | ५०-६० | २.१५-१.७२ |

**नोट :** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींमा आधा मात्रासम्म पानी राखेर माथि सिफारीस गरिएको विषादीको मात्रा हाली राम्रोसँग घोल्नुहोस् । त्यस पश्चात सिफारिस गरिएको पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन ब्याट्री स्प्रेयर र ASPEE-HTP पावर स्प्रेयरको प्रयोग गरी तुरुन्त छर्कनुहोस् । मकैमा बीउ रोपेको २ देखि ३ दिनपछि झारपात अंकुरण पूर्व, गहुँमा बीउ रोपेको ३० देखि ३५ दिनपछि झारपात उम्रेपछि, आलुमा बीउ वा झारपात अंकुरण पूर्व, जलीय झारको लागि जब झारहरु कलिला र सक्रिय रुपमा बढिरहेका हुन्छन् र जुनेलोको हकमा अंकुरण पश्चात् जब जुनेलो १० देखि ३० से.मि अग्लो भएको अवस्थामा तथा खेती नगरिएको क्षेत्रको हकमा जमिन बाँझो भएको बेलामा छर्कनु पर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादी को बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

पारस पेष्टिसाइड्स इन्डस्ट्रिज
एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : बुलन्दसहर यु.पी. भारत

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं. :**
शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-100484/2011 -2,4-DAmine Salt (SL)(317)-1

**नेपालमा पञ्जीकरण गरिएको नं :**

0184-HER-SL-2026

थप जानकारीका लागि पछाडी हेर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**
विषादी प्याकेट खोल्दा वा घोल तयार गर्दा तथा विषादी छर्कंदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन र हावा चलेको दिशातर्फ छर्कनुहोस् । मुख, आँखा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरीसकेपछि सम्पर्कमा आएका लुगा तथा शरीरका भागहरु राम्रोसँग साबुनपानीले धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । विषादी प्रयोग गर्दा नजिकका क्षेत्रमा रहेका जस्तैः कपास, सुर्ती, खुर्सानी, गोलभेँडा र अंगुर जस्ता बालीहरु छन् भने यो विषादी छर्कनु हुँदैन । मौरीको चरनको समयमा यो विषादी प्रयोग गर्नु हुँदैन । पशुचौपायाहरुलाई विषादी छरेको क्षेत्रबाट कम्तीमा दुई हप्तासम्म टाढा राख्नुहोस् । यो विषादीलाई बीउ, मल तथा कीटनाशक विषादीको नजिक भण्डारण गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी लाग्ने, टाउको दुख्ने, कमजोर महसुस हुने, पखाला लाग्ने, हात र खुट्टाका मांसपेशीहरु असामान्य रुपमा कडा हुने, केही बिरामीहरुमा उच्च ज्वरो आउन सक्छ । साथसाथै मुटुको धड्कनको गम्भीर अनियमितताका कारण मुटुको गति अचानक रोकिइ मृत्यु पनि हुन सक्छ ।

**प्राथमिक उपचार :**
यदि विषादी निलिएको छ भने, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको शरीरको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् र विषादी छर्कंदा लगाएका लुगाहरु पनि धुनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेट सम्म सफा पानीले आँखा धुनुहोस् । विषादी श्वासमार्फत भित्र गएमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् । यदि विषाक्तताको लक्षण गम्भीर भएमा चिकित्सकलाई तुरुन्तै देखाउनुहोस् ।

**एण्टिडट :**
मांसपेशी कडा हुने समस्या (Myotonia) लाई नियन्त्रण गर्न वा मुटुको असामान्य धड्कन (Abnormal ventricular cardiac rhythm) कम गर्न क्विनीडिन सल्फेट (Quinidine sulphate) दिन सकिन्छ र यी सबै प्रक्रिया चिकित्सकको निगरानीमा गर्नुपर्दछ । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामाग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरू बाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुन बाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था :**
विषादी रहेका प्याकेटहरू लाई खाद्य पदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरुमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावादार र वाष्पबाट दूषित नहुने खालको हुनुपर्छ ।




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**जिङ्क फस्फाईड २ % आर.बी.**

# Zinc Phosphide 2% RB

# रेटस्टप (RATSTOP)

**मुसानाशक**

सिफारिस :

| क्षेत्र | मुसाका विभिन्न प्रजातिका नाम | सिफारिस मात्रा |
|---|---|---|
| खेत तथा आवासीय परिसर | घरको मुसा *(Rattus rattus)*, घरको डुहुरे मुसाका प्रजातिहरु *(Mus musculus)*, खेतको मुसा *(Bandicota bengalensis)*. | तयारी चाराका रुपमा रहेको यस विषादीको टुक्रालाई मुसाको प्वाल (दुलो) वा मुसाको बढी आवतजावत गर्ने स्थानमा राख्नुपर्छ ।<br><br>यस विषादीलाई बस्ती क्षेत्रमा तालिमप्राप्त व्यक्तिको निगरानीमा मात्र प्रयोग गर्नुपर्दछ । |

**प्रयोग गर्ने विधि :**
यो मुसानाशक विषादी तयारी चाराका रुपमा उपलब्ध भएकाले यसलाई सिधै मुसाको बढी आवतजावत हुने स्थानहरु, जस्तैः घर, गोदाम, बगैंचा तथा बाहिरी क्षेत्रमा राखी मुसा नियन्त्रण गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**
खाद्य पदार्थ, खाद्य पदार्थका रित्तो भाँडाकुँडा तथा पशुचौपायाको आहाराभन्दा यो विषादी टाढा राख्नुहोस् । विषादी मुख, आँखा तथा छालामा पर्न नदिनुहोस् । चारा प्रयोग गर्दा र विषादी प्रयोग गर्दा अनिवार्य रुपमा सुरक्षात्मक सामग्री, जस्तै : सुरक्षित रबर पञ्जा (PVC rubber hand gloves) लगाई विषयुक्त चारोलाई मुसाको दुलो वा मुसाको आवतजावत हुने स्थानमा राख्नुहोस् । प्रयोगपश्चात बाँकी रहेको विषयुक्त चारो तथा मरेका मुसाहरु हटाई आवासीय क्षेत्रभन्दा टाढा लगेर गाड्नु वा जलाउनुहोस् । विषादी सुँघ्नु हुँदैन । विषयुक्त चारो घरपालुवा जनावर वा पन्छीले खान सक्ने भएकोले विशेष सावधानी अपनाउनुहोस् तथा बालबालिकाको पहुँचबाट टाढा सुरक्षित स्थानमा राख्नुहोस् । श्वासप्रश्वासको माध्यमबाट विषादी शरीरभित्र प्रवेश गर्न नदिनुहोस् । यो विषादी प्रयोग गर्दा खाने, चपाउने, पिउने, धूम्रपान नगर्नुहोस् । यो विषादीद्धारा उपचार गरिएको क्षेत्र नजिक खानेकुरा तथा पानीको स्रोतहरु हुनुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी आउने, पेट दुख्ने, छातीमा दबाव महसुस हुने, कमजोरी महसुस हुने, अत्यधिक तिर्खा लाग्ने तथा ऐंठन हुनेजस्ता लक्षणहरु देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
विषादी निलेको खण्डमा, घाँटीको पछाडिको भागमा काउकुती लगाई बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । तर बिरामी बेहोस छ भने बान्ता गराउनु हुँदैन । यदि लुगा वा छाला दूषित छ भने दूषित लुगा हटाई प्रभावित शरीरका भागहरू साबुन र पानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको खण्डमा पर्याप्त मात्रामा सफा पानीले १०-१५ मिनेटसम्म धुनुहोस् । यदि विषादी श्वासमार्फत शरीरभित्र गएको छ भने बिरामीलाई खुला तथा ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**
यस विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**
जल तथा वातावरण प्रदूषण हुन नदिन बाँकी रहेका विषादी तथा प्रयोग गरिएका विषादीका कन्टेनरहरु पखालिसकेपछि निस्केको पानीलाई जल तथा वातावरण प्रदूषण नहुने गरी सुरक्षित तवरले विसर्जन गर्नुहोस् । प्रयोग गरिएका विषादीका प्याकेट पुनः प्रयोगका लागि बाहिर छोड्नुहुँदैन । प्रयोग भइसकेका विषादीका प्याकेटहरुलाई च्यातेर वा बिगारी बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था :**
विषादी रहेका प्याकेटहरूलाई अन्य सामाग्री भण्डारण गर्ने कोठा वा परिसरभन्दा अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको संख्या र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला लगाई सुरक्षित रुपमा राख्नुपर्दछ । विषादी भण्डारण गर्ने कोठा वा परिसर पक्की सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावाको राम्रो आहोरदोहोर तथा वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, अत्यन्तै घातक, रातो**

**(कृषि, घरायसी प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५५२१५९७ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
रोयल एग्रो आर्गेनिक प्रा.लि., पि ए पि १६, फेज १, एम आई डि सि, कसुर्दि, ताल. खन्डाला, जिल्लाः सातारा ४१२८०२ (महाराष्ट्र), भारत ।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** : CIR-206269/2022
Zinc Phosphide (RB) (439)-171

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0185-ROD-RB-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

**ल्याम्ब्डासाइहेलोथ्रिन ५% ई.सी.**

Lambdacyhalothrin 5% EC

**लैम्बडाकेयर (LAMBDACARE)**

सम्पर्क तथा आन्तरिक कीटनाशक

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम .एल./ प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा -एम .एल. | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | फल छेड्ने गभारो (Bollworm), ज्यासिड (Jassid), थ्रिप्स (Thrips) | ३००-५०० | ४००-६०० | २१ | ०.७५-०.८३ |
| भन्टा | डाँठ र फलको गभारो (Stem and fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| गोलभेँडा | फलको गभारो (Fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| धान | पात बेरुवा (Leaf folder), डाँठको गभारो (Stem borer), पातको हरियो फड्के (Green leaf hopper), ढुङ्ग्रे कीरा (Gall midge), काँडादार खपटे (Hispa), खैरो फड्के (BPH), सेतो पिठ्युँ भएको फड्के (WBPH) | २५० | ४००-६०० | १५ | ०.४१६-०.६२५ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गर्नुहोस् ।

### प्रयोग गर्ने विधि

विषादीको घोल बनाउँदा छर्कने टयांकीमा आधा मात्रासम्म पानी राखेर सिफारिस मात्राको विषादी हाली राम्रोसँग घोल्नुहोस् । त्यस पश्चात सिफारिस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । उपयुक्त स्प्रेयर जस्तै रकिङ्ग स्प्रेयर, स्टिरप पम्प स्प्रेयर (एकल वा डबल ब्यारेल) न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, ह्विल ब्यारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्रीद्वारा संचालित कम्प्रेसन न्यापस्याक स्प्रेयर वा ASPEE-HTP पावर स्प्रेयरको सहायताले बालीलाई पूर्ण रूपमा ढाक्ने गरी छर्कनुहोस् ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादीलाई खाद्य पदार्थ, पशु आहार र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा राख्नुहोस् । विषादीको घोल तयार गर्दा खाना पकाउने भाँडाहरु प्रयोग नगर्नुहोस् । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा विषादीको छिटाहरु नाक, मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस् । यो विषादी माछा तथा मौरीका लागि विषाक्त हुने हुँदा फूल फुलेको वेला वा मौरीको सक्रिय चरन अवस्थामा र माछा पोखरी तथा जलचर रहेको क्षेत्रमा सिधै वा वगेर जाने गरि यो विषादी प्रयोग नगर्नुहोस् ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

विषाक्तताको प्रारम्भिक लक्षणहरुमा डर लाग्ने, चिन्ता हुने, शरीर काम्ने (कम्पन), ऐंठन, छालामा एलर्जी, हाच्छ्युँ आउने, नाकबाट पानी बग्ने तथा नाक बन्द हुने जस्ता समस्याहरु देखा पर्न सक्छन् ।

### प्राथमिक उपचार

यदि विषादी निलेको छ भने, बान्ता नगराउनुहोस् वा कुनै तरल पदार्थ नदिनुहोस् । छाला वा शरीरको भागमा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वास मार्फत शरीरभित्र प्रवेश गरेमा प्रभावित व्यक्तिलाई खुला तथा ताजा हावा चल्ने ठाउँमा लैजानुहोस् ।

### एण्टिडट

कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् । एलर्जी नियन्त्रणका लागि चिकित्सकको निगरानीमा एन्टिहिस्टामिन औषधी दिन सकिन्छ ।

### प्रयोग गरिएका भाँडाको बिसर्जन

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रुपमा बिसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीका प्याकेटलाई तोडेर बस्तीबाट टाढा गहिरो खाडलमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

### भण्डारण अवस्था

विषादी भएका प्याकेजहरुलाई यसको मुल कन्टेनरमै अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दुषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहार, औषधी वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**
क्रप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., मोहाली, पञ्जाब, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना :**
नेपाल सिड सेन्टर, कलैया ४, बारा
सम्पर्क नं. ९७०६३६१४८८
Email: nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-42,847/2003-Lambdacyhalothrin (EC) (227)-113

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0186-INS-EC-2026




विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ग्लाइफोसेट ४१% एस.एल.

Glyphosate 41% SL

# ग्लाइफो (Glypho)

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात (Post-emergence) छर्कने दैहिक झारनाशक

**सिफारिस:**

| बाली | झारहरुको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फलटिप्नु वा काट्नु अघि पर्खने अवधि(दिन) | एम एल /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा-लिटर | विषादी घोल्न जम्मा चाहिने पानी लि. | | |
| चिया | बन्सो प्रजातीको झार वा कोपेट घाँस (*Axonopus compressed*) दुबो (*Cynodon dectylon*), सिरु, (*Imperata cylindrica*), फाफ्रे झार (*Polygonum perfoliatum*), कोदो झार (*Paspalum scrobiculatum*), फुस्रो खर (*Arundinella bengalensis*), आम्लिस (Kalm grass) | २.०-३.० | ४५० | १५ | ४.४४-६.६६ |
| खेती नभएको क्षेत्र | जुनेलो प्रजातीको झार (*Sorgum helepense*) र अन्य एक दलिय र दुइ दलिय झार | २.०-३.० | ५०० | १५ | ४-६ |

नोट: झारपातहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

यस झारनाशकको प्रयोग गर्दा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडित न्यापस्याक स्प्रेयर प्रयोग गर्नुपर्छ । स्प्रे घोल तयार गर्दा आवश्यक मात्रामा पानी लिई त्यसमा झारनाशक थपेर काठ वा उपयुक्त डन्डीको सहायताले राम्ररी चलाउनुपर्छ। ठूलो परिमाणमा घोल तयार गर्दा पहिले थोरै पानीमा माथि उल्लिखीत दरमा झारनाशक विषादी मिसाएर पूर्व-घोल (Pre–solution) तयार गरी त्यसपछि बाँकी पानीमा मिसाउनुपर्छ। झारनाशक जमिनबाट छर्कनुपर्छ र खेती गरिएको मुख्य बालीमा विषादी उडेर नजाओस् भन्ने कुरामा विशेष ध्यान दिनु पर्छ । मुख्य बालीको कुनै भागमा यो विषादी परेमा अन्य बाली नाश हुने कुरामा विशेष सचेत हुनुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

यो झारनाशक खाद्य पदार्थ, खाद्य पदार्थका खाली भाँडाकुँडा तथा पशु आहारबाट टाढा राख्नुपर्छ। यसको सम्पर्क मुख, आँखा तथा छालासँग हुन दिनु हुँदैन । छर्दा निस्कने फोहोर वा धुवाँ सासमार्फत शरीरभित्र जानबाट जोगिनुपर्छ तथा हावाको दिशातर्फ छर्कनुपर्छ । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । छर्ने बेला धूम्रपान, खानेकुरा खाने, पिउने वा कुनै वस्तु चपाउने कार्य गर्नु हुँदैन । घोल बनाउँदा र छर्दा पूर्ण सुरक्षात्मक पोशाक लगाउनुपर्छ ।

**चेतावनी:** यो विषादी जलचर प्राणी, पन्छी तथा मौरीका लागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, रिंगटा लाग्ने तथा आक्षेप (Convulsion) आउने जस्ता लक्षण देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि निलिएको छ भने घाँटीको पछाडिको भाग हल्का चलाएर बान्ता गराउनुपर्छ र बान्ता सफा नआएसम्म दोहोर्याउनुपर्छ । बिरामी बेहोस अवस्थामा भएमा बान्ता गराउनु हुँदैन । यदि कपडा वा छाला दूषित भएको छ भने दूषित कपडा हटाई छालालाई साबुन र पानीले राम्ररी धुनुपर्छ । आँखामा परेमा १० देखि १५ मिनेटसम्मसफा पानीले धुनुपर्छ। श्वासमार्फत शरीरभित्र प्रवेश गरेको अवस्थामा बिरामीलाई तुरुन्त ताजा हावा भएको स्थानमा लैजानुपर्छ ।

**एन्टिडट:**

यसको कुनै विशेष एन्टिडट उपलब्ध छैन । देखिएका लक्षणअनुसार उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन :**

विषादी राखिएको कन्टेनर वा प्याकेज कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल) राख्न नगर्नुहोस्। प्रयोगकर्ताको दायित्व हुनेछ कि प्रयोगपछि बाँकी रहेको सामग्री, मेसिन धुने पानी तथा प्याकेजिङ सामग्रीको सुरक्षित व्यवस्थापन गरियोस्, जसबाट वातावरण तथा जलस्रोत प्रदूषित नहोऊन् । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरूलाई मानव बस्तीभन्दा टाढा उचित व्यवस्थापन गरी नष्ट गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

झारनाशक भएको प्याकेजलाई खाद्य पदार्थ तथा अन्य सामग्री राखिने स्थानभन्दा अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ। मात्रा तथा प्रकृतिअनुसार ताल्चा लगाइएको छुट्टै दराज वा कोठामा राख्नुपर्छ। भण्डारण गरिने कोठा मजबुत, सुख्खा, राम्रो प्रकाश तथा हावापानीको व्यवस्था भएको र पर्याप्त आकारको हुनुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

सावधानी: बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाइ ०१-५०१०१११ नंम्बरमा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादकको नाम र ठेगाना:**
जेनेरल क्रप साइन्स, पानीपत-१३२१०३, हरियाणा, भारत ।

**बजार व्यवस्थापक :**
रोयल क्रप साइन्स इंडिया लिमिटेड, मुम्बई - ४०००२२, भारत ।

**पञ्जीकरणकर्ताका नाम ठेगाना र सम्पर्क नं.**: राज एग्रो, कलैया ०१, बारा ,नेपाल, ९८५५०२९८००

उत्पादित देशको रजिष्टर नं. CIR-1 10981/2013-Glyphosate (SL) (343)-53
नेपालमा पञ्जीकरण गरिएको नं :
0187-HER-SL-2026





**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

फिप्रोनिल ०.३% जी आर

Fipronil 0.3% G R

# रीजल्ट (RESULT)

**सम्पर्क कीटनाशक**

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा<br>विषादीको आवश्यक मात्रा (के.जी) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि(दिन) |
|---|---|---|---|
| ऊखु | फेदको/जराको गभारो ( Root borer), प्रारम्भिक डाँठको/टुसाको गभारो ( Early shoot borer) | २५.००-३३.३० | २७० |
| धान | पात वेरुवा (Leaf Folder), खैरो फड्के कीरा (Brown Planthopper) , सेतो पिठ्युँ भएको फड्के कीरा (White backed planthopper), हरियो फड्के कीरा (Green Hopper), डाठँको गभारो (Stem borer) ढुंग्रे कीरा (Gall Midge), गुभोमा लाग्ने झिंगाको लार्भा (Whorl maggot) | १६.६७-२५.०० | ३२ |

नोटः यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ । यसमा पानी मिसाउनु पर्दैन ।

**प्रयोग गर्ने विधि :**

धानबालीमा प्रयोग गर्दा यो दानेदार कीटनाशक ग्रान्युल एप्लिकेटर वा मेकानिकल डिस्पेन्सरद्वारा छर्कनुहोस् । प्रयोग गर्नुअघि खेतमा २-३ से.मी. पानी जमाउनुहोस् र प्रयोगपछि २-३ दिनसम्म पानी जमाएर राख्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीलाई खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशुखाद्यबाट टाढा राख्नुहोस् । मुख, आँखा तथा छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । प्रयोग गर्दा श्वासमार्फत शरीर भित्र प्रवेश गर्न नदिनुहोस् ।विषादी छरेपछि दूषित कपडा तथा शरीरका सम्पर्कमा आएका भागहरू राम्ररी साबुनपानीले धुनुहोस् । विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने काम नगर्नुहोस् । विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा, ग्यास मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

चिडचिडापन, आलस्य, मांसपेशीमा कम्पन, झट्का लाग्ने हुन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि विषादी निलिएको छ भने घाँटीको पछाडिको भाग काउकुती लगाएर बान्ता गराउनुपर्छ र बान्ता सफा नआएसम्म दोहोर्याउनुपर्छ । बिरामी बेहोस अवस्थामा भएमा बान्ता गराउनु हुँदैन । यदि कपडा वा छाला दूषित भएको छ भने दूषित कपडा हटाई छालालाई साबुन र पानीले राम्ररी धुनुपर्छ । आँखामा परेमा १० देखि १५ मिनेटसम्म सफा पानीले धुनुपर्छ। श्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेको अवस्थामा बिरामीलाई तुरुन्त ताजा हावा भएको स्थानमा लैजानुपर्छ ।

**एन्टिडटः**

यस विषादीको कुनै विशेष एन्टिडट उपलब्ध छैन । देखिएका लक्षणअनुसार उपचार गर्ने ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको कन्टेनर वा प्याकेजलाई कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । बाँकी रहेको सामग्री, प्रयोग गरिएका कन्टेनर तथा उपकरण छोएको पानीलाई वातावरण वा पानीका स्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन गर्नुहोस् । प्रयोग भइसकेका प्याकेज वा भाँडालाई फुटाएर वा प्वाल पारेर मानव बस्तीभन्दा टाढा उचित तरिकाले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था :**

कीटनाशक भएका प्याकेटहरूलाई खाद्य पदार्थ वा अन्य सामग्री राखिने स्थानभन्दा अलग कोठा वा भण्डारण स्थलमा राख्नुपर्छ । आवश्यकता अनुसार ताला लगाइएको छुट्टै दराज वा कोठामा सुरक्षित राख्नुपर्छ । भण्डारण गर्ने ठाउँ ओस नआउने, सुख्खा, घामको सिधा प्रकाश नपर्ने तथा राम्ररी हावा ओहोरदोहोर हुने (Ventliated) हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाइ ०१-५०१०१११ नंम्बरमा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादकको नाम र ठेगानाः**

जेनेरल क्रप साइन्स, पानीपत-१३२१०३, हरियाणा, भारत ।

**बजार व्यवस्थापक :**

रोयल क्रप साइन्स इंडिया लिमिटेड, मुम्बई - ४०००२२, भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क नं.:**

राज एग्रो, कलैया-०१, बारा, नेपाल । ९८५५०२९८००

उत्पादित देशको रजिष्टर नं. CIR-100347/2011-Fipronil (GR)(314)-1

नेपालमा पञ्जीकरण गरिएको नं.





0188-INS-GR-2026

विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

टेम्बोट्रिओन ३४.४% एस.सी.

Tembotrione 34.4% SC

# मिसाल (MISAAL)

अंकुरणपश्चात् प्रयोग गरिने, चयनात्मक झारनाशक

**सिफारिस:**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| मकै | सामा घाँस (*Echinochloa* spp.), भुइँ झार (*Trianthema portulacastrum*), मुलाटो घाँस(*Bracharia* spp.) | २८६ | ५०० | ५५ | ०.५६ |

नोटः झारहरुको नेपाली नाम स्थानविशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधि:

आवश्यक मात्रामा विषादी नापी थोरै पानीमा हालेर राम्रोसँग मिसाउनुहोस्। त्यसपछि निर्दिष्ट मात्रामा पानी थपी राम्रोसँग हल्लाएर ( मिश्रण गरी) घोल तयार गर्नुहोस्, ताकि बालीमा पूर्ण रूपमा भिज्ने गरी छर्कन सकियोस् । झारपात ३-५ पात भएको अवस्थामा फ्ल्याट फ्यान नोजल जडान गरिएको न्यापस्याक स्प्रेयरको सहायताले विषादी छर्कनुहोस् । माथि उल्लेखित विषादीको संश्लेषणलाई १००० मि.लि. प्रति हेक्टर सर्फ्याक्ट्यान्ट मिसाएर प्रयोग गर्न सिफारिस गरिन्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवम् छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । विषादी छर्कंदा तरकारी बालीमा पर्ने गरी नछर्कनुहोस् । यो विषादी जलचर प्राणीका लागि विषाक्त हुन्छ, त्यसैले जलाशयको स्रोतमा बगेर जाने वा पर्ने गरी प्रयोग नगर्नुहोस् ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :

टाउको दुख्ने, बान्ता हुने, वाकवाकी लाग्ने जस्ता लक्षणहरु देखिन सक्छन् ।

## प्राथमिक उपचार:

आँखामा विषादी परेमा आँखा खुला राख्नुहोस् र कम्तीमा १५-२० मिनेटसम्म प्रशस्त सफा पानीले धुनुहोस् । श्वासप्रश्वास मार्फत शरीरमा विषादी प्रवेश भएमा बिरामीलाई तुरुन्त खुला र ताजा हावामा लैजानुहोस् । बिरामीले श्वास फेर्न नसकेमा, सम्भव भए कृत्रिम श्वासप्रश्वास मुखबाट मुख (mouth to mouth) मार्फत दिनुहोस् । विषादी निलेको खण्डमा, बिरामी सचेत अवस्थामा छ भने थोरै-थोरै गर्दै पानी पिउन दिनुहोस्, चिकित्सकको परामर्श बिना बान्ता गराउने प्रयास नगर्नुहोस् । छालामा विषादीको सम्पर्क भएमा वा कपडामा लागेमा साबुन र प्रशस्त पानीले विषादी लागेको शरीरको भाग र दूषित कपडा राम्ररी धुनुहोस्।

## एण्टिडट

यो विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

## प्रयोग गरीएका भाँडाको विसर्जन:

खाली प्याकेटहरूलाई बसोबास क्षेत्रबाट टाढा फोडेर सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिएका कन्टेनर वा प्याकेटहरूलाई पुनः प्रयोग हुन नदिन खुला ठाँउमा त्यसै नछोड्नुहोस् । बाँकी रहेका सामग्री, प्याकेटहरू तथा पानीलाई सुरक्षित तरिकाले व्यवस्थापन गरी विसर्जन गर्नुहोस् ताकि वातावरण वा पानी प्रदुशित हुन नपाओस् ।

## भण्डारणको अवस्था

खाना, दाना, रित्ता भाँडाभन्दा यो विषादी पर राख्नुहोस् । विषादी भएका प्याकेटहरू लाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नहोस् वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला लगाई राख्नुहोस्। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा राम्ररी ओहोरदोहोर हुने खालको हुनुपर्छ । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना:**
**उत्पादक-** सेफेक्स केमिकल्स (इंडिया) लिमिटेड, दिल्ली, भारत
**वितरक-** इंडो-स्विस केमिकल्स लिमिटेड, दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पक नं.:-**
एग्रिकल्चर गुड्स सप्लायर सेन्टर,
गरुडा, रौतहट, नेपाल
९८६४२६७१८९
Email:- agriculturegoods123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-208662/2022-Tembotrione (SC) (440)-11

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0189-HER-SC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचक पत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस ।**

# साइपरमेथ्रिन २५% ई.सी.

## Cypermethrin २५% EC

## अलसुपर (ALLSUPER)

**सम्पर्क एवं आन्तरिक कीटनाशक**

**सिफारिस**

| बाली | कीराको नाम | सिफारिस मात्रा (प्रति हेक्टर वा २० रोपनीमा) | | विषादी छरे पछि फल टिप्ने वा काट्ने अघि पर्खने अवधि (दिन ) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| भन्टा | डाँठ तथा फलको गभारो (Shoot & Fruit Borer), ज्यासिड (Jassids), थोप्ले खपटेको कत्ले लार्भा (Epilachna grub) | १५०-२०० | ५०० | १ | ०.३०-०.४० |
| भिण्डी | डाँठ तथा फलको गभारो (Shoot & Fruit Borer), ज्यासिड (Jassids), थोप्ले खपटेको कत्ले लार्भा (Epilachna grub) | १५०-२०० | ५०० | ३ | ०.३०-०.४० |

**प्रयोग गर्ने विधि** :
यो विषादीको घोल तयार गर्दा ट्याङ्कीमा आधा भागसम्म पानी भरी माथि तोकिएको विवरण अनुसार आवश्यक मात्रामा विषादी हालेर राम्रोसँग घोल्नुहोस्। त्यसपछि बाँकी पानी थपेर पुनः राम्ररी चलाउनुहोस्। तयार गरिएको विषादीको घोल तुरुन्त प्रयोग गर्नुहोस्। यो विषादी न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर वा स्टार्टअप पम्प आदिबाट छर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**
विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पन्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस्। विषादी छर्दा छिटाहरू नाक वा मुखबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस्। साथै मुख, आँखा एवं छालासँथ विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने तथा धूम्रपान गर्नु हुँदैन। कीटनाशक प्रयोग गर्दा हावा र जलाशयहरू (पानीका स्रोतहरू) प्रदूषित हुन नदिनुहोस्। माछाको लागि घातक हुने हुँदा माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा** घबराहट, चिन्ता, कम्पन, ऐंठन हुने (Convulsions), छालाको एलर्जी, हाच्छ्युँ आउने, नाकबाट पानी बग्ने र जलन हुनेजस्ता लक्षणहरू देखिन सक्छन्।

**प्राथमिक उपचार :**
यदि निलेमा बिरामीलाई बान्ता गराउने प्रयास नगर्नुहोस् र मुखबाट कुनै पनि तरल पदार्थ (पानी, दूध वा औषधि) नदिनुहोस्। तुरुन्त चिकित्सककहाँ लैजानुहोस्। यदि छाला वा कपडामा परेमा तुरुन्त विषादी लागेको कपडा फुकाल्नुहोस्। प्रभावित छालालाई प्रशस्त मात्रामा सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि आँखामा परेमा आँखालाई सफा पानी वा 'सलाइन' पानीले १० देखि १५ मिनेटसम्म निरन्तर पखाल्नुहोस्। यदि श्वासप्रश्वासबाट शरीरमा पसेमा बिरामीलाई तुरुन्तै प्रदूषित ठाउँबाट बाहिर खुला तथा ताजा हावा आउने ठाउँमा राख्नुहोस्।

**एण्टिडट**
कुनै विशेष एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्। एलर्जी नियन्त्रणका लागि चिकित्सकको सल्लाहमा एन्टिहिस्टामिन्स दिन सकिन्छ।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**
विषादी राखेको प्याकेट कहिले पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरू वा अन्य विषादी युक्तसामाग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस्। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**
विषादी राखिएका प्याकेजहरूलाई अन्य दैनिक उपभोग्य वस्तुहरू वा खाद्य पदार्थ राखिएको कोठाभन्दा फरक कोठा वा स्थानमा सुरक्षित राख्नुपर्छ। विषादीको मात्रा र प्रकृति हेरी छुट्टै दराजमा ताला चाबी लगाएर राख्नुपर्दछ। सामाग्री राखिने कोठा वा भण्डारगृह बलियो, ओस नभएको (सुख्खा), पर्याप्त उज्यालो र हावा आवतजावत हुने खालको हुनुपर्छ। कोठा पर्याप्त फराकिलो हुनुपर्छ ताकि विषादीको वाष्पबाट भण्डारण दूषित हुन नदिन भण्डारण कोठा पर्याप्त फराकिलो हुनुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

सावधानी:विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान ज्यादै घातक, पहेंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादकको नाम**
अम्बर क्राप साइन्स प्रा.लि. मीरा अपाटमेन्ट, आउटर रिंग रोड, पश्चिम विहार,नईदिल्ली - ११००६३

**पञ्जीकरण तथा प्याकिङ्ग वा पुनः प्याकिङ्गकर्ताको नाम ठेगाना र सम्पक :-**
नेशनल एग्रो इन्डस्ट्रिज प्रा.लि., प्रसौनी ३,बारा, नेपाल

**उत्पादित देशको रजिष्टर नं.**
CIR-102005/2012-Cypermethrin (E.C.)(327)-1

नेपालमा पञ्जीकरण गरिएको नः
0190-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विषहो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस।**

# साइपरमेथ्रिन १०% ई.सी.

# Cypermethrin 10% EC

# अलकिलर (Allkiller)

**सम्पर्क एवं आन्तरिक कीटनाशक**

**सिफारिस**

| बाली | कीराको नाम | सिफारिस मात्रा (प्रति हेक्टर वा २० रोपनीमा) | | विषादी छरे पछि फल टिप्ने वा काट्ने अघि पर्खने अवधि (दिन ) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| बन्दागोभी | ईटबुट्टे पुतली (Diamondback moth) | ६५०-७६० | ४०० | ७ | १.६३-१.९ |
| भिण्डी | फलको गभारो (Fruit borer) | ५५०-७६० | ४०० | ३ | १.३८-१.९ |
| भन्टा | टुप्पा र फलको गभारो (Fruit & shoot borer) | ५५०-७६० | ४०० | ३ | १.३८-१.९ |
| गहुँ | डाँठको झिंगा (Shoot fly) | ५५० | ५००-८०० | १४ | ०.६९-१.१ |
| सूर्यमुखी | बिहार झुसिलो/झुसिले कीरा (Bihar hairy caterpillar) | ६५०-७६० | ५००-७०० | १४ | १.०९-१.३ |

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

सावधानीःविषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, ज्यादै घातक, पहेँलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादकको नाम**

अम्बर क्राप साइन्स प्रा.ली.मीरा अपार्टमेन्ट, आउटर रिंग रोड, पश्चिम विहार,नईदिल्ली -११००६३

**पञ्जीकरण तथा प्याकिङ्ग वा पुनः प्याकिङ्गकर्ताको नाम ठेगाना र सम्पक :-**

नेशनल एग्रो इन्डस्ट्रिज प्रा.लि., प्रसौनी ३, बारा, नेपाल

इमेलः naibirgung@gmail.com

फोन नं.: ९८०२९२५५६०

**उत्पादित देशको रजिष्टर नं.**CIR-65497/2011-Cypermethrin (E.C.)(314)-2620

नेपालमा पञ्जीकरण गरिएको नः

0191-INS-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**प्रयोग गर्ने विधि :**

यो विषादीको घोल तयार गर्दा ट्याङ्कीमा आधा भागसम्म पानी भरी माथि तोकिएको विवरण अनुसार आवश्यक मात्रामा विषादी हालेर राम्रोसँग घोल्नुहोस्। त्यसपछि बाँकी पानी थपेर पुनः राम्ररी चलाउनुहोस्। तयार गरिएको विषादीको घोल तुरुन्त प्रयोग गर्नुहोस्। यो विषादी न्यापस्याक स्प्रेयर (Knapsack sprayer), न्यापस्याक (Knapsack), मोटर जडित न्यापस्याक स्प्रेयर र डस्टर (Motorised knapsack sprayer cum duster), कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर (Compression knapsack battery sprayer), ह्विल ब्यारो स्प्रेयर (Wheel barrow sprayer) आदिबाट छर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पन्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस्। विषादी छर्दा छिटाहरू नाक वा मुखबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस्। साथै मुख, आँखा एवं छालासँथ विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने तथा धूम्रपान गर्नु हुँदैन। कीटनाशक प्रयोग गर्दा हावा र जलाशयहरू (पानीका स्रोतहरू) प्रदूषित हुन नदिनुहोस्। माछाको लागि घातक हुने हुँदा माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

बेचैनी वा छटपटी, कम्पन (tremor), ऐंठन, छालाको एलर्जी, हाच्छ्युँ आउने, नाकबाट पानी बग्ने र जलन हुने लक्षणहरू देखिन सक्छन्।

**प्राथमिक उपचार :**

यदि विषादी निलेमा बिरामीलाई बान्ता गराउने प्रयास नगर्नुहोस् र मुखबाट कुनै पनि तरल पदार्थ (पानी, दूध वा औषधि) नदिनुहोस्। तुरुन्त चिकित्सककहाँ लैजानुहोस्। यदि छाला वा कपडामा परेमा तुरुन्त विषादी लागेको कपडा फुकाल्नुहोस्। प्रभावित छालालाई प्रशस्त मात्रामा सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि आँखामा परेमा आँखालाई सफा पानी वा 'सलाइन' पानीले १० देखि १५ मिनेटसम्म निरन्तर पखाल्नुहोस्। यदि श्वासप्रश्वासबाट शरीरमा पसेमा बिरामीलाई तुरुन्तै प्रदूषित ठाउँबाट बाहिर खुला तथा ताजा हावा आउने ठाउँमा राख्नुहोस्।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट उपब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्। एलर्जी नियन्त्रणका लागि चिकित्सकको सल्लाहमा एन्टिहिस्टान्मिस दिन सकिन्छ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

विषादी राखेको प्याकेट कहिले पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरू वा अन्य विषादीयुक्त सामाग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, उपयोगकर्ताहरूको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

सामग्री राखिएका प्याकेजहरूलाई अन्य दैनिक उपभोग्य वस्तुहरू वा खाद्य पदार्थ राखिएको कोठाभन्दा फरक कोठा वा स्थानमा सुरक्षितरा खुपर्छ। विषादीको मात्रा र प्रकृति हेरी छुट्टै दराजमा ताला चाबी लगाएर राख्नुपर्दछ। सामाग्री राखिने कोठा वा भण्डारगृह बलियो, ओस नभएको (सुख्खा), पर्याप्त उज्यालो र हावा आवतजावत हुने खालको हुनुपर्छ। कोठा पर्याप्त फराकिलो हुनुपर्छ ताकि विषादीको वाष्पबाट दूषित नहोस्।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कारबेन्डाजीम १२% + म्यान्कोजेब ६३% डब्लु.पी.

Carbendazim 12% + Mancozeb 63% WP

# कासमैन (Crossman)

सम्पर्क तथा दैहिक ढुसीनाशक

## सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पखने अवधि (दिन) | ग्राम वा एम./एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | मरुवा रोग (Blast) | ७५० | ७५० | ५७ | १ |
| बदाम | पातको दाग (Leaf spot), मरुवा रोग (Blast) | ५०० | ५०० | ७२ | १ |
| आलु | अगौटे डढुवा रोग (Early blight), पछौटे डढुवा रोग (Late blight), कालो खोस्टे रोग (Black scurf) | १७५० | ५०० | ४७ | ३.५ |
| चिया | खटिरे डढुवा रोग (Blister blight), खैरो डढुवा रोग (Gray blight), रातो सिन्दुरे रोग (Red rust), टुप्पोबाट सुक्ने रोग (Die back), कालो सड्ने रोग (Black rot) | १२५० | २५०-५०० | ७ | ५-२.५ |
| अंगुर | डाउनी मिल्डु (Downy mildew), धुले ढुसी (Powdery mildew), कोत्रे रोग (Anthracnose) | १.५ ग्राम प्रति लिटर पानीमा | बालीको घनत्वको आवश्यकता अनुसार | ७ | १.५ |
| आप | धुले ढुसी (Powdery mildew), कोत्रे रोग (Anthracnose) | १.५ ग्राम प्रति लिटर पानीमा | बालीको घनत्वको आवश्यकता अनुसार | ७ | १.५ |

नोटः रोगहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस ।

**प्रयोग गर्ने विधि:**
विषादीको घोल बनाउँदा छर्कने टयांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक मात्राअनुसारको थप पानी हालेर फेरि चलाउनुहोस् । विषादी मिसाउँदा चलाउनका लागि लठ्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस् । तयार भएको विषादीको घोललाई उपयुक्त उच्च मात्रामा छर्कने स्प्रेयर (High volume sprayer) जस्तै न्यापस्याक स्प्रेयरद्वारा रोगको प्रारम्भिक संक्रमण देखिनेबित्तिकै छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ:**
खाद्य पदार्थ, खाली खाद्य पदार्थका भाँडाकुँडा तथा पशु आहारबाट टाढा राख्नुहोस् । आँखा र छालासँगको प्रत्यक्ष सम्पर्कबाट जोगाउनुहोस् । विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर वुट, चश्मा ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । यो विषादी जलीय जनावर तथा मौरीको लागी घातक हुन्छ । तसर्थ यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी गर्नुहुँदैन । साथै मौरीहरूको सक्रिय चरन अवधिमा यो विषादी प्रयोग नगर्नुहोस् । विषाक्तताको कुनै पनि संकेत देखिएमा, तुरुन्तै चिकित्सकसँग सल्लाह गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**
पसिना आउने, टाउको दुख्ने, आलस्य हुने, खोकी लाग्ने, हाच्छिउँ आउने, चिलाउने, वाकवाकी लाग्ने, बान्ता हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचारः**
यदि विषादी निलिएको खण्डमा, घाँटीको पछाडिपट्टि काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म दोहोऱ्याउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि कपडा र छाला दूषित भएमा, कपडा फुकाल्नुहोस् र दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् । यदि आँखा दूषित भएमा, लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त पानीले धुनुहोस् । यदि श्वासप्रश्वासबाट भित्र गएको खण्डमा बिरामीलाई तुरुन्त खुला तथा ताजा हावा भएको ठाउँमा लैजानुहोस् ।

**एण्टिडटः**
यो विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुपर्छ ।

**प्रयोग गरिएका भाँडाको विसर्जनः**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारण अवस्थाः**
विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा राम्ररी ओहोरदोहोर हुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना (भारत):**
शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
अरविन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५
इमेलः
arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८

**उत्पादित देशको रजिष्टर नं.** CIR-43,974/2003-CARBENDAZIM + MANCOZEB (WP) (235)-940

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0192-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

भ्यालिडामाइसिन ३% एल.

Validamycin 3% L

**रिकिशी (RIKISHI)**

दैहिक ढुसीनाशक/एन्टिबायोटिक

सिफारिसः

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा- एम. एल. | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| धान | पातको फेद डढुवा रोग (Sheath Blight) | २००० | ७५० | १४ | २.६६ |

नोटः रोगहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधिः**

सिफारिस गरिएको विषादीको मात्रालाई थोरै पानीमा मिसाई राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्रामा पानी थपेर राम्ररी चलाएर छर्ने घोल तयार गर्नुहोस् । यो विषादी छर्न हाते स्प्रेयर, बाल्टिन पम्प स्प्रेयर, स्टिरप पम्प स्प्रेयर, रकर स्प्रेयर, फुट स्प्रेयर, ह्विलबारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर, तथा ASPEE-HTP पावर स्प्रेयरको प्रयोग गर्न सकिन्छ । यो विषादीको प्रतिरोधात्मक क्षमता घटाउनको लागि फरक कार्यप्रकृति भएका ढुसीनाशकसँग आलोपालो गरि प्रयोग गर्नुहोस् । हरेक सिजनमा यस विषादीको बालीमा प्रयोग संख्या सीमित गर्ने साथै फरक-फरक रासायनिक कार्यप्रकृति भएका परस्पर अनुकुल हुने (Compatible) विषादीहरुसँग संयोजन गरेर उपचार गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

खाद्यान्न, खाली खाद्यान्नका भाँडा तथा पशुआहारबाट टाढा राख्नुहोस् । आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । छर्दा निस्कने छिटा श्वासमार्फत शरीरभित्र जान नदिनुहोस् । छरेपछि हातखुट्टा र शरीरका खुला भाग साबुनपानीले राम्ररी धुनुहोस् । दूषित कपडा तुरुन्त फेरेर धुनुहोस् । छर्ने क्रममा खाने, पिउने वा धूम्रपान नगर्नुहोस् । विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्याँस मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् । यो विषादी मौरी र माछाका लागि घातक हुने भएकाले मौरीको चरन समयमा तथा माछापालन क्षेत्रमा पर्ने गरी वा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन । साथै, यो विषादी पशुचौपाया, अन्य चराचुरुङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, रिंगटा लाग्ने, वाकवाकी लाग्ने साथै बान्ता हुने र घबराहट हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

विषादी निलेको खण्डमा, घाँटीको पछाडिपट्टि औँला प्रयोग गरेर वा काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने मुखबाट केही पनि खानेकुरा दिनुहुँदैन र बान्ता नगराउने । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वास मार्फत विषादी शरीर भित्र गएको भए, बिरामीलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**

विषादी राखिएको प्याकेट वा भाँडालाई पुनः पानी, खाना, तेल वा अन्य खाद्यवस्तु राख्न प्रयोग गर्नुहुँदैन । विषादीका खाली खोल, कन्टेनर, विषादीयुक्त सामग्री तथा विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा गहिरो खाडल खनी सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चावी लगाई सुरक्षित रुपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ । केवल आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् ताकि वाष्पबाट प्रदुषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशुआहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

रामसाईड्स क्रपसाईन्स प्रा .लि., चेन्नई, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना :**

नेपाल सिड सेन्टर, कलैया ४, बारा

सम्पर्क नं. ९७०६३६१४८८

Email: nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-103454/2012-Validamycin (L) (322)-2

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0193-FUN-L-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**प्रेटिलाक्लोर ५०% ई.सी**

**Pretilachlor 50% EC**

# रीपर (Reaper)

**चयनात्मक तथा झारपात अंकुरनपूर्व प्रयोग गरिने बहुप्रभावी झारनाशक (Selective, pre-emergence and broad-spectrum herbicide)**

**सिफारिस :**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल/ लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रोपेको धान | सामा घाँस *(Echinochloa crus-galli)*, सामा घाँस *(Echinochloa colonum)*, एकवर्षिय जौंनार *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*, ज्वाने झार *(Fimbristylis miliacea)*, महाभृङ्गराज *(Eclipta alba)*, पानी झार *(Ludwigia parviflora)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochoria vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १०००-१५०० | ५००-७५० | ७५-९० | २-३ |

**नोट :** झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधासम्म पानी भरेर सिफारिस गरिएको मात्रामा विषादी हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि बाँकी पानी थपेर पुनः फेरि राम्रोसँग चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । यो विषादी धान रोपाई गरेको ५ दिनभित्र प्रयोग गरिसक्नुपर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट धान रोपिएको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस् । साथै मुख, आँखामा तथा छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न नदिनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नु हुँदैन । यो विषादी मौरी, जलचर र चराचुरुङ्गीको लागि विषाक्त हुन्छ । त्यसैले जलस्रोतमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग नगर्नुहोस् । साथै मौरीको सक्रिय चरन अवधिमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

प्रारम्भिक लक्षणहरूमा टाउको दुख्ने, थकान महसुस हुने, रिङ्गटा लाग्ने, डर लाग्ने, वाकवाकी हुने तथा बान्ता हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

विषादी निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाई बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने बान्ता नगराउनुहोस् । यदि लुगा र छाला विषादीको सम्पर्कमा आएको छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित शरीरका भागहरू प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् । आँखामा विषादी परेको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए तुरुन्तै चिकित्सकलाई देखाउनुहोस् ।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

विषादीको प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त फोहोरलाई वातावरण वा पानी प्रदूषित नहुने गरी सुरक्षित तरिकाले विसर्जन गर्नुहोस् । प्रयोग गरिएका विषादीका प्याकेटहरू पुनः प्रयोग गर्न नपाइने गरी नष्ट गर्नुहोस् । प्याकेटहरू बस्तीबाट टाढा, पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले विसर्जन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादीका प्याकेटहरू खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुहोस् । विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो झारनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

पारस पेष्टिसाइड्स इन्डस्ट्रिज एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला वुलन्दसहर यु. पी.भारत ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:** शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके, नेपाल,
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको पञ्जीकरण नं. CIR 112044/2014-Pretilachlor(EC)(344)-60**

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0195-HER-EC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत:विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**सायपरमेथ्रिन १०% ई.सी.(Cypermethrin 10% EC)**

# अनुमाइट(Anumite)

सम्पर्क एवम आन्तरिक कीटनाशक

सिफारिस:

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | प्रति हेक्टरका लागि चाहिने पानी | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खनु अवधि (दिन) | एम. एल./प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| कपास | फलको गभारो (Bollworm),अमेरिकन गभारो (American bollworm) | ५५०–७६० | १५०–१००० | ७ | ३.६६–०.७५ |
| बन्दा | इटबुट्टे कीरा (Diamond back moth) | ६५०–७६० | १००–४०० | ७ | ६.५–१.९० |
| उखु | प्रारम्भिक मुना/डाँठमा लाग्ने गभारो (Early Shoot Borer) | ६५०–७६० | १५०–१००० | १४ | ४.३३–०.७६ |
| भिन्डी | फलको गभारो (Fruit Borer) | ५५०–७६० | १५०– ५०० | ३ | ३.६६–१.५२ |
| भण्टा | फल र डाठँमा लागने गभारो (Fruit & shoot Borer) | ५५०–७६० | २००– ६०० | ३ | २.७५ – १.२७ |
| गहुँ | टुसामा लाग्ने झिंगा (Shoot Fly) | ५५० | ३००–७०० | १४ | १.८४ |
| सूर्यमूखी | झुसिलकीरा (Bihar hairy caterpillar) | ६५०–७६० | ५००–७०० | १४ | १.३० – १.०८ |

**प्रयोग गर्ने विधि :**

कपास वालीको लागि पहिलो पटक फलको गभारो कीरा देखा परेको बेलामा विषादी पहिलो पटक छर्ने र कीराको प्रकोप अनुसार १० देखि १५ दिनको अन्तरालमा पुन : छ्रकनुहोस् । विषादीको घोल बनाउदा ट्याकींको आधा मात्रा सम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसगँ घोल्नुहोस् । यस पछि पानी थपेर फेरी चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । यो विषादी न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर वा स्टार्ट अप पम्प आदि बाट छर्कन सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादी प्याकेट खोल्दा वा घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा ,रवर बुट,चश्मा ग्याँस मास्क टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख,आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरीसके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् विषादी छ्र्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नु हुदैन । कीटनाशक प्रयोग गर्दा हावा र जलाशयहरू (पानीका स्रोतहरू) प्रदूषित हुन नदिनुहोस्। माछाको लागि घातक हुने हुँदा माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

नर्भस, चिन्ता, कम्पन, झट्का, छालाको एलर्जी, हाच्छिउँ, सिंगान बग्ने र नाक अररो हुने जस्ता लक्षण देखापर्दछ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

विषादीको सर्म्पक भएको लुगा हटाउनुहोस् र छालालाई सावुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी सर्म्पक भएमा आँखा खुल्ला राख्नुहोस् र कम्तिमा १५ मिनेट सम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाहा लिनुहोस् । मुखबाट विषादी निलेमा वान्ता गराउनु हुदैन ( फोक्सोमा पस्न सक्छ ) । तुरुन्तै नजिकको स्वास्थ्य केन्द्रमा लैजाने । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाँउमा विरामीलाई राख्नुहोस् । चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट:** फेनोबार्बिटाल (Phenobarbital) वा डाइफेनाइल हाइडान्टोइन (Diphenyl Hydantoin) अथवा यी औषधिहरूको संयोजनलाई नसामार्फत (इन्ट्राभेनस) दिनुहोस्। आवश्यकता अनुसार एन्टिकन्भल्सेन्ट (Anti–convulsant) औषधिहरू वा डाइजेपाम (Diazepam) समूहका औषधिहरू प्रयोग गर्न सकिन्छ। उपचारका क्रममा बिरामीको श्वासप्रश्वास प्रणाली, हृदय-रक्तसञ्चार प्रणाली तथा मिर्गौलाको कार्य सामान्य अवस्थामा कायम राख्न विशेष ध्यान दिनुपर्छ । श्वासनली (ट्राकिया) मा जम्मा भएका स्राव (सेक्रेसन) हटाई आवश्यक परे कृत्रिम श्वासप्रश्वास (Artificial Respiration) दिन सकिन्छ। **नोट:** यि सबै कार्य चिकित्सकको निगरानीमा गर्नुपर्दछ । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**

विषादी राखेको प्याकेट कहिले पुन: प्रयोग (पानी, खाना,तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् ।

विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामाग्रीहरु र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरु आवासीय क्षेत्रबाट टाँढा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था :** विषादी भएका प्याकेजहरुलाई अन्य बस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाईएको कोठा ढलान गरेको, नसोस्ने,प्रयाप्त उज्जयालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ।आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना,पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादवाट टाँढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै धातक पहैंलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषाादी व्यबस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**अनु प्रोडक्ट्स लिमिटेड फरिदावाद (भारत)**

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं :**

अनु पेस्टिसाइद नेपाल, बिरगंज-१६, पर्सा, नेपाल , ९८५५०१२०७६

**उत्पादितदेशको रजिष्टर नं.**

CIR-6145/87/ - **Cypermethrin/ (EC)-272**

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0197-INS-EC-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

Imidacloprid 17.8% SL

इमिडाक्लोप्रिड १७.८% एस.एल.

# अनुमिडा

दैहिक कीटनाशक विषादी

सिफारिस :

| बाली | कीराको सामान्य नाम | मात्रा/हेक्टर फर्मुलेशन (मिलि.) | मात्रा/हेक्टर पानीमा मिसाउने मात्रा (लिटर) | अन्तिम छर्कने देखि बाली काट्ने सम्मको प्रतीक्षा अवधि (दिनमा) | विषादी ग्राम वा एम.एल/ लिटर पानीमा |
|---|---|---|---|---|---|
| खुर्सानी | पातको फड्के कीरा (Jassid), लाही कीरा (Aphid), थ्रिप्स(Thrips) | ०.१२५-०.२५० | ५००-७०० | ४० | ०.२५-०.३६ |
| कागती | पात खन्ने कीरा (Leaf miner) , सिल्ला कीरा (psylla) | ०.०५% | - | १५ | |
| कपास | लाही कीरा (Aphid), सेतो झिंगा (Whitefly), पातको फड्के कीरा (Jassid), थ्रिप्स (Thrips) | १०० - १२५ | ५००-७०० | ४० | ०.२ - ०.१८ |
| अंगुर | खपटे कीरा ( Flea beetle) | ३०० - ४०० | १००० | ३२ | ०.३०- ०.४० |
| बदाम | लाही कीरा (Aphid), पातको फड्के कीरा (Jassid) | १०० - १२५ | ५०० | ४० | ०.२ - ०.१८ |
| आँप | फड्के कीरा (hopper) | २-४ ग्राम/रुख | १० | ४५ | - |
| भिण्डी | लाही कीरा (Aphid), पातको फड्के कीरा (Jassid), थ्रिप्स (Thrips) | ०.१ | ५०० | ३ | ०.२ |
| धान | खैरो गभारो( BPH), सेतो ढाड भएको फड्के (WBPH), हरियो फड्के (GLH), | १०० - १२५ | ५००-७०० | ४० | ०.२ - ०.१८ |
| उखु | धमिरा (Termite) | ३५० | १८७५ | ४५ | ०.२ |
| सूर्यमुखी | पातको फड्के कीरा (Jassid), थ्रिप्स (Thrips), सेतो झिंगा (Whitefly) | ०.१ | ५०० | ४५ | ०.४ |
| गोलभेडा | सेतो झिंगा (Whitefly) | १५० - १७५ | ५०० | ३ | ०.३०- ०.३५ |

**प्रयोग गर्ने विधि :**

यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट विरुवा भिज्ने गरी छर्ने वा माटोमा जरा भिज्ने गरी प्रयोग गर्न सकिन्छ । विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर माथि सिफारीस गरे अनुसारको मात्रामा विषादी हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा वा घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्त पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनु हुँदैन । विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । यो विषादी मौरी, माछा तथा अन्य जलीय जीवका लागि हानिकारक हुन सक्ने भएकाले फूल फुलेको समयमा छर्कनु हुँदैन । माछापालन क्षेत्र, पोखरी, नदी, कुलो तथा अन्य जलस्रोत नजिक विषादी प्रयोग गर्दा विशेष सावधानी अपनाउनुपर्छ । विषादीको घोल, बाँकी रहेको विषादी वा धुने पानी जलस्रोतमा मिसिन दिनु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

उदासीनता, मांशपेशी खुम्चिरहने, कम्पन, सास फेर्न गाह्रो हुनु, मांसपेशी बटारिने हुन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई तुरुन्तै ताजा हावा खेल्ने ठाँउमा लैजाने । छालामा परेको छ भने साबुन पानीले राम्ररी धोइदिने। दूषित कपडा पून: प्रयोग गर्नु अघि राम्ररी धुनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् । मुखबाट विषादी निलेमा बान्ता गराउन नहुने (फोक्सोमा पस्न सक्छ) । तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुन: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाँढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणका अवस्था :**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण नगर्नुहोस् । विषादीलाई खाना,पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादवाट टाँढा राख्नुहोस् ।

**प्रयोगको निर्देशन: कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान , मध्येम घातक पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

**यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादीको ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा**

**info@npponepal.gov.np**

**मा इमेल**

**उत्पादन र बजारीकरणकर्ताको नाम र ठेगाना:-** अनु प्रडक्ट लिमिटेड न्यु दिल्ली भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं :-**

अनु पेस्टिसाइड नेपाल , बीरगंज -१६ पर्सा, नेपाल ९८५५०८८२९२

**उत्पादित देशको रजिष्टर नं.**

CIR-36,770/2001-IMIDACLOPRID(SL)-27

**नेपालमा पन्जीकरण गरिएको न:**

0198-INS-SL-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**फिप्रोनिल ०.३ % जी.आर.**

**FIPRONIL 0.3% GR**

# डायल (DIAL)

सम्पर्क कीटनाशक

सिफारिस:

| बाली | कीराको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खने अवधि (दिन) | ग्राम/ एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| धान | डाँठको गभारो (Stem Borer)<br>खैरो फड्के (Brown Plant Hopper),<br>पातको हरियो फड्के (Green leafhopper)<br>पात बेरुवा (Rice Leaf Folder)<br>धानको ढुङग्रे कीरा (Rice Gall Midge)<br>सेतो पिठ्ँयु भएको फड्के (White Backed Plant Hopper)<br>गुभोको झिँगा (Whorl Maggot) | १६.६७ - २५ | पानीको आवश्यकता नपर्ने | ३२ | - |
| उखु | प्रारम्भिक डाँठ/मुनाको गभारो (Early shoot borer),<br>फेदको गभारो (Root Borer) | २५-३३.३ | पानीको आवश्यकता नपर्ने | २७० | - |
| गहुँ | धमिरा (Termites) | २० के.जी | पानीको आवश्यकता नपर्ने | ९१ | - |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधि :

यो दानादार विषादीको सिफारिस गरिएको मात्रा धानबालीमा प्रयोग गर्दा दानादार एप्लिकेटर वा यान्त्रिक डिस्पेन्सर प्रयोग गरी छर्कने(Broadcast) विधिबाट प्रयोग गर्नुपर्छ । यो विषादी धानखेतमा प्रयोग गर्दा खेतमा २-३ से.मी. पानी रहेको अवस्थामा प्रयोग गर्नुपर्दछ । प्रयोग पश्चात कम्तीमा २-३ दिनसम्म खेतमा पानी जमेको(Impounded) अवस्थामा राख्नुपर्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :

विषादीलाई खाद्य पदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडाभन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस् । विषादी प्रयोग गर्दा पूर्ण सुरक्षात्मक लुगा तथा बुट अनिवार्य रूपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडा र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस् । **चेतावनी :-** यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ । त्यसैले जलाशयको नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस् ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :

मुख्य रूपमा चिडचिडापन, आलस्य, मांसपेशी कम्पन तथा गम्भीर अवस्थाहरूमा मांसपेशी संकुचन वा ऐंठन(Convulsions) देखिन सक्छ ।

## विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:

विषादी निलेको खण्डमा घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने बान्ता नगराउनुहोस् । यदि छाला र कपडामा विषादी परेको खण्डमा दूषित कपडा तुरुन्तै फुकाल्नुहोस् र प्रभावित छालालाई प्रशस्त साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी परेको छ भने आँखालाई प्रशस्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुहोस् । यदि श्वासप्रश्वासमार्फत विषादी शारीरभित्र प्रवेश गरेको छ भने बिरामीलाई तुरुन्त ताजा र खुला हावा भएको ठाउँमा लैजानुहोस् । लक्षण गम्भीर भएमा चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

## एण्टिडट :

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्छ ।

## प्रयोग गरिएको भाँडोको विसर्जन:

उत्पादक, फर्मुलेटर तथा प्रयोगकर्ताले वातावरण वा पिउने पानीको स्रोत प्रदूषित नहुने गरी कन्टेनर, बाँकी विषादी वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । त्यसपछि प्याकेटलाई पुनः प्रयोग गर्न नमिल्ने गरि नष्ट गरी बस्तीबाट टाढा सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस् । प्रयोग भइसकेका प्याकेट खुला स्थानमा छोड्नुहुँदैन । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दूषित नहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पुर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**: विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
अनु प्रडक्ट लिमिटेड ,फरिदाबाद , भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्र्पक नं:**
ग्लोबल एग्रो ट्रेडिङ्ग
सानेपा २, ललितपुर महानगरपालिका,ललितपुर,
९८४१२३०५६४

उत्पादित देशको रजिष्टर नं.
CIR- 43,152/2003 -FIPRONIL(G.R)-(230)-83

नेपालमा पञ्जीकरण गरिएको नं
0199-INS-GR-2026




**विषादी प्रयोग गर्नु पूर्व सूचकपत्र अनिवार्य अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

फिप्रोनिल ०.३% जी.आर.

# Fipronil 0.3% GR

## रुलर जी आर (Ruler GR)

सम्पर्क तथा आन्तरिक कीटनाशक विषादी

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (के. जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | पातको हरियो फड्के (Green leaf hopper), खैरो फड्के (Brown plant hopper), धानको गभारो (Stem borer), पात बेरुवा (Rice Leaf folder), ढुङ्गे कीरा (Rice Gall midge), सेतो पिठ्युँ भएको फड्के (White backed plant hopper), गुभोमा लाग्ने झिँगा (Whorl Maggot) | १६.६७ - २५ | आवश्यक नपर्ने | ३२ | |

**नोट :** कीराहरुको नेपाली नाम स्थानविशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस्।

**प्रयोग गर्ने विधि:**

माथि सिफारिस गरिएको दानादार विषादीलाई कीराको प्रकोप देखिनसाथ धानखेतमा सबैतिर समानरुपमा छर्नुहोस् । विषादी छर्दा धानखेतमा २-३ से.मी. पानी जमेको हुनुपर्छ र विषादी प्रयोग गरेपछि २-३ दिनसम्म पानी जमाइराख्नुपर्छ । यो विषादी दानादार विषादी छर्ने उपकरण (Hand operated granule applicator) वा मेकानिकल डिस्पेन्सर (Mechanical Dispenser) प्रयोग गरी छर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीलाई खाद्य पदार्थ, खानेकुरा राख्ने भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस् । विषादी छर्दा पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस् । विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, चपाउने, खाने, अथवा पिउने कार्य नगर्नुहोस् । विषादीको धुलो वा श्वासर्माफत शरीरभित्र प्रवेश गर्न नदिनका लागि सावधानी अपनाउनुहोस् । मुख, आँखा तथा छालामा विषादीको सम्पर्क हुन नदिनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित लुगाहरु र शरीरका सम्पर्कमा आएका भागहरु साबुनपानीले राम्ररी धुनुहोस् । यो विषादी मौरीका लागि विषाक्त हुने भएकोले मौरी सक्रिय रहने अवधिमा प्रयोग नगर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

चिडचिडापन हुने, थकान महसुस हुने, मांसपेशी काम्ने (Tremors) तथा गम्भीर अवस्थामा ऐंठन (Convulsion) जस्ता लक्षणहरु देखिन सक्छन् । यो विषादीले गाबा रिसेप्टर (GABA Receptor) को अस्थायी रुपमा अवरोध गर्ने भएकोले यस विषादीको सम्पर्क समाप्त हुनसाथ बिरामी साधारण अवस्थामा फर्किन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि विषादी निलिएको छ भने, घाँटीको पछाडिको भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् । वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस्। बिरामी अचेत अवस्थामा भएमा बान्ता गराउने प्रयास नगर्नुहोस्। । यदि लुगा वा छाला दूषित भएमा, लुगा हटाउनुहोस् र दूषित छालालाई प्रशस्त साबुनपानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले राम्ररी धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस्।

**एण्टिडट :**

यस विषादीको विशेष एण्टिडट छैन । लक्षणअनुसार उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

प्याकेज वा बाँकी रहेका सामाग्रीहरु र मेसिन तथा कन्टेनरबाट निस्केको विषाक्त फोहोर तथा पानीलाई वातावरण र पानी प्रदूष्ति नहुने गरी सुरक्षित तरिकाले विसर्जन गर्नुहोस्। प्रयोग गरिएका प्याकेजहरु पुनः प्रयोग हुन नदिन बाहिर छोड्नु हुँदैन । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा पुनः प्रयोग गर्न नमिल्ने गरी सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादीलाई खाद्य पदार्थ ,पशुआहार (दाना) तथा खानेकुरा राख्ने खाली भाँडाकुडाँ भन्दा टाढा छुट्टै ठाउँमा राख्नुहोस्। विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँचभन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नुहोस्। विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्ररी ओहोरदोहोर गर्ने फलतः वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, ज्यादै घातक, पहैंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

**यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा** info@npponepal.gov.np **मा इमेल गर्नुहोस् ।**

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि
न्यु दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

मनिता एग्रो ईन्टरप्राइजेज
कलैया-६, बारा ९८५५०२६१४४
इमेलः manitaagro@gmail.com

**उत्पादित देशको रजिष्टर नं.**

CIR-37, 018/2001-Fipronil (GR)-21

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0200-INS-GR-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

इमिडाक्लोप्रिड ७०% डब्लु जी

# Imidacloprid 70% WG

# जोश डब्लु जी (JOSH WG)

दैहिक कीटनाशक

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | विषादीको आवश्यक मात्रा-ग्राम प्रति लि.) |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | ज्यासिड (Jassids),लाही (Aphids), थ्रिप्स (Thrips) | ३०-३५ | ३७५-५०० | ७ | ०.०७-०.०८ |
| धान | खैरो फड्के (Brown Plant Hoppers), सेतो पिठ्युँ भएको फड्के (White Backed Plant Hopper) | ३०-३५ | ३००-३७५ | ७ | ०.०९-०.१ |

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधासम्म पानी राखेर सिफारिस गरिएको विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्रामा पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । छर्काइ कार्यका लागि हातले चलाउने न्यापस्याक स्प्रेयरद्वारा छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीलाई खाद्य पदार्थ, खाली खानेकुरा राख्ने भाँडा र जनावरको आहारबाट टाढा राख्नुहोस् । विषादी छर्ने बेला पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस् । विषादी छर्दा वा प्रयोग गर्दा धूम्रपान गर्ने, चपाउने, खाने, अथवा पिउने कार्य नगर्नुहोस्। विषादीको गन्ध सुँघ्ने वा श्वासबाट शरीरभित्र प्रवेश गर्न नदिनका लागि सावधानी अपनाउनुहोस् । मुख, आँखा एवं छालामा विषादीको सम्पर्क हुन नदिनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित लुगाहरु र शरीरका भागहरु राम्ररी धुनुहोस्। चेतावनीः यो विषादी चराचुरुङ्गी तथा मौरीको लागि घातक हुन्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

उदासीनता, मांसपेशी कडा हुने (Myatonia), शरीरमा कम्पन हुने, श्वासप्रश्वासमा कठिनाइ तथा मांसपेशीमा ऐंठनजस्ता समस्याहरु देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

आँखामा विषादीको सम्पर्क भएको अवस्थामा सफा पानीले आँखालाई राम्ररी धुनुहोस्। विष लागेका अवस्थामा रक्तचाप तथा नाडीको गति बारम्बार जाँच गर्नुपर्छ ,किनभने हृदयगति सुस्त हुने (Bradycardia) तथा रक्तचाप घट्ने सम्भावना हुन्छ । आवश्यक परेमा कृत्रिम श्वासप्रश्वास तथा हृदयक्रिया सञ्चालनको व्यवस्था गर्न सिफारिस गरिन्छ। सक्रिय तत्वलाई पेट धुने प्रक्रिया (Gastric Lavage) तथा नुनयुक्त विरेचक (Saline Laxative) को प्रयोगद्वारा शरीरबाट निष्कासन गर्नुपर्छ। छालासँग सम्पर्क भएको अवस्थामा साबुन र पानीले राम्ररी धुनुहोस्।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन। लक्षणका आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले विसर्जन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादीलाई खाद्य पदार्थ ,पशु,आहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुडाभन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँचभन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नुपर्दछ । विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो तथा हावा राम्ररी ओहोरदोहोर गर्ने र विषादीको वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**
**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नम्बरमा फोन गर्नुहोस वा **info@npponepal.gov.np** मा इमेल गर्नुहोस ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि
न्यु दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं:**

मनिता एग्रो इन्टरप्राईजेज,
कलैया - ६,बारा, ९८५५०२६१४४
इमेलः manitaagro@gmail.com

**उत्पादित देशको रजिस्ट्रेसन नंः .**
CIR-61,945/2009-Imidacloprid (WG)(296)-1321

**नेपालमा पञ्जीकरण गरिएको नं**
0201-INS-WG-2026




**विषादीको प्रयोग गर्नुपूर्व सुचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**प्रोफेनोफास ४०% + साइपरमेथ्रिन ४% इ सी**

**Profenophos 40% + Cypermethrin 4% EC**

# साइप्रो-४०४ (CYPRO-404)

**सम्पर्क र आन्तरिक कीटनाशक**

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ग्राम वा एम.एल. | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काउली प्रजातीका तरकारी बाली | इँटबुट्टे पुतली (Diamondback moth) | ९००-१२०० | ७५०-९०० | १४ | १.२-१.४ |
| सुन्तला जातका फलफूल | पात खन्ने कीरा (Leafminer) | १००० | २०००-३००० | १४ | ०.३३-०.५० |
| कपास | कपासको फल छेड्ने कीरा (Cotton bollworm) | १२००-१५०० | ७५०-९०० | १४ | १.६-१.७ |

**प्रयोग गर्ने विधिः**

अण्डाबाट कीराको लार्भा निस्कने बेलादेखि लार्भा पहिलो तथा दोस्रो अवस्थाको हुँदा सिफारिस मात्राको विषादी उल्लेखित मात्राको पानीमा मिसाएर समान रुपमा छर्कनुहोस् । चर्को घाम नलागेको बेलामा साँझको समयमा यो विषादी छर्कनुहुँदैन । हावाहुरी चलेको बेला वा एक घण्टाभित्र पानी पर्ने सम्भावना भएमा यो विषादी प्रयोग नगर्नुहोस् । यो विषादी अल्फाअल्फा (Alfalfa) र जुनेलो बाली (Sorghum) प्रति संवेदनशिल हुने हुँदा विषाक्तता हुन नदिन यी बालीहरुमा विषादीका छिटाहरु हावामा उडेर जान (Spray drift) बाट जोगाउनुहोस् । कपास तथा सुन्तलाजातका फलफूल बालीमा १४ दिनको अन्तरालमा अधिकतम ३ पटकसम्म एक सिजनमा छर्कन सकिन्छ भने बन्दामा १४ दिनको अन्तरालमा अधिकतम २ पटकसम्म छर्कन सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

घोल तयार गर्दा र विषादी छर्कदा पञ्जा, रबर वुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवम् छालामा यो विषादी पर्न नदिनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका लुगा फुकाल्नुहोस् र विषादी परेका शरीरका भागहरु प्रशस्त पानी र साबुनले  धुनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने र धूम्रपान गर्नु हुँदैन । बालबालिका, गर्भवती महिला र स्तनपान गराउने महिलाहरुको पहुँचबाट टाढा राख्नुहोस् । कीराहरुको प्रतिरोधात्मक क्षमताको विकास हुन नदिन फरक कार्यप्रकृती भएका कीटनाशक विषादीहरु आलोपालो गरी प्रयोग गर्नुहोस् । यो विषादीलाई क्षारीय पदार्थहरुसँग मिसाएर प्रयोग नगर्नुहोस् । यो विषादी मौरी, रेशमकीरा, माछा तथा अन्य जलीय जीवहरुका लागि विषाक्त हुन्छ । मौरीका लागि पनि विषाक्त भएकाले फूल फुल्ने समयमा वा मौरीको सक्रिय चरन अवधिमा प्रयोग नगर्नुहोस् साथै रेशमकीरा पालन गरिने स्थान तथा किम्बुको बगैंचा वरपर प्रयोग गर्न निषेध गरिएको छ ।

**मनिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, चक्कर लाग्ने, वाकवाकी लाग्ने, बान्ता हुने, अत्याधिक पसिना आउने, छातीमा दबाव महसुस हुने, शरीरको सन्तुलन नमिल्ने, पेट दुख्ने, पखाला लाग्ने, ऐंठन हुने, श्वासप्रश्वासमा कठिनाइ हुने, मुखबाट फिँज निस्कने जस्ता लक्षणहरु देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

श्वासमार्फत विषादी शरीरभित्र गएमा विरामीलाई ताजा हावा आउने खुला ठाउँमा लैजानुहोस् । छाला विषाक्तता भएमा वा आँखामा परेमा कम्तीमा १५ मिनेटसम्म सफा पानीले छाला तथा आँखा राम्ररी धुनुहोस् । यदि विषादी निलेको खण्डमा, बिरामीलाई यस विषादीको बट्टा/लेबल सहित तुरुन्तै अस्पताल लैजानुहोस् ।

**एण्टिडट :**

प्रोफेनोफसको विषाक्तता पुष्टि भएमा, एट्रोपिन वा प्रालिडक्सिम (2-PAM) लाई एण्टिडटको रुपमा प्रयोग गर्न सकिन्छ । आकस्मिक उपचारको रुपमा चिकित्सकको निगरानीमा ग्यास्ट्रिक ल्याभेज (पेट सफा गर्ने विधि) गर्नुहोस् तथा उक्त प्रकृया गर्ने क्रममा पेटको वस्तुहरु श्वासनली (Trachea) मा पर्न नदिन र अन्ननली (esophagus) को सुरक्षाको लागि विशेष सावधानी अपनाउनुहोस् । बिरामीलाई बान्ता नगराउनुहोस् तथा उपचारको क्रममा औषधीहरु जस्तैः र्माफिन (Morphine), थियोफाइलिन (Theophylline), फिनोथायाजिन्स (Phenothiazines) र रिसरपिन (reserpine)  प्रयोग नगर्नुहोस् । यी सबै कार्य चिकित्सकको निगरानीमा गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**

प्रयोग गरेका विषादीका प्याकेटहरुलाई तोडेर /बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिएको बिषादीको भाँडाको पुनः प्रयोग रोकथामको लागि उक्त भाँडालाई बाहिर खुला ठाउँमा नछोड्नुहोस् । वातावरण वा जल प्रदूषण रोक्नको लागि विषादीका प्याकेट, भाँडा वा विषादीको सम्पर्कमा आएको सामग्री र विषादी छर्किने उपकरणहरुबाट निस्केका विषाक्त वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्दछ । साथै, विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । यो विषादीलाई खाद्य पदार्थ, पेय पदार्थ, पशु आहारा वा औषधिबाट टाढा राख्नुहोस् तथा उक्त वस्तुहरुसँगै ओसारपसार नगर्नुहोस् । विषादीलाई ओसारपसारको क्रममा वर्षा तथा घामबाट बचाउनुहोस् । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा आगो वा तापको स्रोतबाट टाढा हुने खालको, ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**उत्पादक :** जियाङ्सु बायोलिङ् केमिकल कम्पनि लि., नं. ९, टोङ्वाङ् रोड, नानटोङ्, जियाङ्सु प्रान्त, चीन ।

**वितरक :** जियाङ्सु लुकास केमिकल कं., लि., नं. ३१-१, हेङ्जिङ रोड, छिसिया जिल्ला, नान्जिङ, चीन ।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल.
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** PD20096190

**नेपालमा  पञ्जीकरण गरिएको नं.**

0202-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग  गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कारबेन्डाजीम १२% + म्यान्कोजेब ६३% डब्लु.पी.

Carbendazim 12% + Mancozeb 63%WP

# साफ (SAAF)

दैहिक तथा सम्पर्क ढुसीनाशक

**सिफारिसः**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( ग्रा.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| बदाम | पातको  थोप्ले रोग (Leaf spot), सिन्दुरे रोग (Rust) | ५०० | ५०० | ७२ | १ |
| धान | मरुवा रोग (Blast) | ७५० | ७५० | ५७ | १ |
| आलु | अगौटे डढुवा (Early blight), पछौटे डढुवा (Late blight), कालो खोस्टे रोग (Black Scurf) | १७५० | ५०० | ४७ | ३.५ |
| चिया | खटिरे डढुवा रोग (Blister blight), रातो सिन्दुरे रोग (Red rust), कालो सड्ने रोग (Black rot), खैरो डढुवा (Grey blight), टुप्पोबाट सुक्ने रोग (Die-back) | १२५०-१५०० | २५० - ५०० | ७ | ३-५ |
| अंगुर | कोत्रे रोग (Anthracnose), डाउनी मिल्ड्यू (Downy mildew), सेतो धुले ढुसी (Powdery mildew) | ०.१५% वा १.५ ग्राम प्रति लिटर पानीमा | बालीको घनत्व ( क्यानोपी) को आवश्यकता अनुसार | ७ | १.५ |
| आँप | कोत्रे रोग (Anthracnose), सेतो धुले ढुसी (Powdery mildew) | ०.१५% वा १.५ ग्राम प्रति लिटर पानीमा | बालीको घनत्व ( क्यानोपी) को आवश्यकता अनुसार | ७ | १.५ |
| खुर्सानी | पातको  थोप्ले रोग (Leaf spot), फल कुहिने रोग (Fruit rot), सेतो धुले ढुसी (Powdery mildew) | ७५० | ५०० | ३ | १.५ |
| मकै | डढुवा (Blight), डाउनी मिल्ड्यू (Downy mildew) | १००० | ५०० | ३७ | २ |
| स्याउ | फलको दाद रोग (fruit scab), सेतो धुले ढुसी (Powdery mildew) | ०.२५% वा २.५ ग्राम प्रति लिटर पानीमा | बालीको घनत्व ( क्यानोपी) को आवश्यकता अनुसार | २० | २.५ |
| कपास | पातको थोप्ले रोग (Alternaria leaf spot), खैरो ढुसी (Grey mildew) | १५०० | ५०० | ७१ | ३ |
| भटमास | पातको थोप्ले रोग (Alternaria leaf spot), माइरोथेसियम पातको थोप्ले रोग (Myrothecium leaf spot), कोसा र डाँठ डढुवा (Pod & stem blight), कोत्रे रोग (Anthracnose) | १२५० | ५०० | ३१ | २.५ |
| सुन्तला | डाँठको डढुवा (Twig blight), कालो ध्वाँसे (Sooty mould), फल कुहिने रोग (Anthacnose fruit rot), थोप्ले रोग (leaf spot) | ०.३०% वा ३.० ग्राम प्रति लिटर पानीमा | ५०० | ३० | ३.० |

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएको भाँडाको विसर्जनः**

प्रयोग गरिएका प्याकेटहरू तोडेर बस्तीभन्दा टाढा गाड्नुपर्छ। पुनः प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला रूपमा नछोड्नुहोस्। प्रयोगपछि बाँकी रहेका सामग्री, अतिरिक्त पदार्थहरू तथा विषादी धोएको पानीलाई वातावरण वा पानी प्रदूषण नहुने गरि सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ।

**विशेष ध्यान दिनुपर्ने विषयः**

नेपालमा ड्रोनको माध्यमले विषादी छर्कने प्रक्रिया प्रचलनमा नभएको हुनाले यसको लागि आधिकारिक निकायबाट परामर्श लिएर मात्र प्रयोग गर्नुहोला । ड्रोन उडान निषेधित क्षेत्रहरू (विमानस्थल, पानीका मुहानहरू वा विद्युत् प्रसारण केन्द्र/सबस्टेसन) मा ड्रोन नउडाउने कुरा सुनिश्चित गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।

CAUTION

**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नामः-**

यु.पि.एल. लिमिटेड, ३-११,
जी.आई.डी.सी., वापी, गुजरात,
भारत

**प्रयोग गर्ने विधिः** यो विषादी रोगको लक्षण देखिनासाथ तुरुन्तै प्रयोग गर्नुपर्दछ। सिफारिस गरे बमोजिम, विषादी र पानीको सही मात्रा मिसाएर बालीमा छर्कनुहोस् । आवश्यक मात्रामा विषादी नापी थोरै मात्रामा पानीसँग राम्ररी मिसाउनुहोस् । त्यसपछि निर्दिष्ट बाँकी पानी क्रमशः हाल्दै राम्रोसँग चलाएर (घोल्दै) एकरूप बनाउनुहोस् । उपयुक्त स्प्रेयर प्रयोग गरी बालीमा पूर्ण रूपमा ढाकिने गरी तयार गरेको विषादी छर्कनुहोस् । यसका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, वा ब्याट्रीबाट चल्ने कम्प्रेसन न्यापस्याक स्प्रेयर प्रयोग गर्नुहोस् । यसका साथै प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको मापदण्ड अनुसार ट्र्याक्टरमा जडान गरिएका स्प्रेयरहरू र ड्रोन को पनि प्रयोग गर्न सकिन्छ । बीउ उपचार गर्नका लागि, प्रति किलोग्राम बीउको दरले आवश्यक पर्ने विषादीको परिमाणमा १० मिलिलिटर पानी मिसाई लेदो तयार पार्नुहोस्। त्यसपछि उक्त लेदो र बीउलाई एउटा बन्द भाँडोमा राखेर चारैतिर हल्लाउनुहोस्, जसले गर्दा बीउको बाहिरी भागमा विषादीको समान रूपले कोटिङ बस्न सकोस् । यसरी लेप लगाइएको बीउलाई छायामा सुकाउनुहोस् र सोही दिन वा भोलिपल्टै छर्नुहोस्/रोप्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्यासँ मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । श्वास फेर्नबाट तथा आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुनबाट जोगिनुहोस् । प्रयोग गर्दा खानु, पिउनु, चपाउनु वा धूम्रपान नगर्नुहोस् । प्रयोगपछि खाली कन्टेनर नष्ट गर्नुहोस् । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस् । चिसो र सुख्खा ठाउँमा ताप वा खुला आगोबाट टाढा राख्नुहोस् । यो विषादी माछा र जलचर जीवहरूका लागि विषाक्त छ, त्यसैले मत्स्यपालन क्षेत्र नजिक यसको प्रयोग गर्नबाट बच्नुपर्दछ। माहुरी, माछा, घरपालुवा जनावर, जंगली चराचुरुङ्गी तथा वन्यजन्तुहरूलाई हानि पुग्ने सम्भावना भएमा यी परिस्थितिहरूमा यस विषादी को प्रयोग नगर्नुहोस् । विषादी छरिसकेपछि २४ घण्टासम्म विषादी छरेको क्षेत्रमा प्रवेश गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

पसिना आउने, टाउको दुख्ने, आलस्य हुने (शिथिलता), खोकी लाग्ने, हाछ्युँ आउने, चिलाउने, वाकवाकी लाग्ने र बान्ता हुने जस्ता लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचारः**

विषादी निलेको अवस्थामा घाँटीको पछाडिको भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् र वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । बिरामी बेहोस छ भने वान्ता गराउनुहुँदैन । छाला वा शरीरको भागमा विषादीको सम्पर्क भएमा तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेमा सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा प्रभावित व्यक्तिलाई ताजा हावा चल्ने खुला ठाउँमा लैजानुहोस् ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पकः-**
नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड, धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR: 30,433/99/Carbendazim + Mancozeb (WP)-1

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0203-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**मालाथियन ५% डी.पी.**

**Malathion-5% D.P.**

# मालाटक्स (MALATOX)

**सम्पर्क तथा आन्तरिक कीटनाशक**

**सिफारिस :**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न् वा काट्नु अघि पर्खने अवधि (दिन) |
|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (किलोग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | |
| धान | काँडादार खपटे हिस्पा (Rice hispa) | २५ | आवश्यक नपर्ने | १४ |
| जुनेलो | ढुंग्रे कीरा (Earhead midge) | २० | आवश्यक नपर्ने | १४ |

**प्रयोग गर्ने विधि :**

सिफारिस गरिएको विषादी न्यापस्याक डस्टर, हातबाट चल्ने डस्टर तथा मोटरबाट चलाउने डस्टरबाट छर्किनुपर्दछ । यो विषादीलाई खेतीबारीमा सिफारिस अनुसार प्रयोग गर्दा बोटबिरुवालाई कुनै पनि हानी-नोक्सानी गर्दैन । जुनेलोमा ९० प्रतिशतसम्म बाला निस्केपछि मात्र छर्किनुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**

खाद्य पदार्थ, खाद्य पदार्थका रित्तो भाँडाहरु तथा पशुचौपायाको आहाराभन्दा यो विषादी टाढा राख्नुहोस् । विषादीको प्याकेट खोल्दा वा विषादी छर्दा पन्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् । विषादी छर्कंदा मुख, आँखा र छालामा यो विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । यो विषादीका धुलोका कणहरु श्वासप्रश्वास मार्फत शररिभित्र प्रवेश गर्न दिनुहुँदैन र हावा चलेको दिशातर्फ उभिएर विषादी छर्नुहोस् । विषादी छर्किसकेपछि सम्पर्कमा आएका लुगाहरु तथा शरीरका भागहरु राम्रोसँग सफा साबुनपानीले पखाल्नुहोस् । विषादी छर्किने समयमा धूम्रपान गर्ने, पिउने, खाने र चपाउने कार्य नगर्नुहोस् । यो कीटनाशक विषादी प्रयोग गर्दा हावा र जलाशयहरू (पानीका स्रोतहरू) प्रदूषित हुन नदिनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, रिङ्गटा लाग्ने, घुमेको महसुस हुने (Vertigo), वाकवाकी लाग्ने, बान्ता हुने, आँखा धमिलो हुने, पखाला लाग्ने, ऐंठन हुने, अत्याधिक पसिना आउने, आँखाबाट आँसु आउने र मुखबाट र्‍याल निस्कने जस्ता लक्षणहरु देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाई बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने बान्ता नगराउनुहोस् तथा मुखबाट कुनै पनि तरल पदार्थ नदिनुहोस् । यदि लुगा र छाला विषादीको सम्पर्कमा आएको छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित शरीरका भागहरू प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् । यदि आँखा विषाक्त भएमा प्रशस्त मात्रामा सफा पानीले १० देखि १५ मिनेटसम्म धुनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा बिरामीलाई पर्याप्त सफा तथा ताजा हावा खेल्ने ठाउँमा लैजानुहोस् ।

**एण्टिडट :**

बिरामीलाई तुरुन्तै चिकित्सकको निगरानीमा एट्रोपिन सल्फेट दिनुहोस् र यसको २-४ मि.ग्रा. सम्मको खुराक ५-१० मिनेटको अन्तरमा दिई बिरामीलाई एट्रोपाइनाइज गर्नुहोस् । बिरामीको अवस्था अनुसार एकदिनमा २५ देखि ५० मि.ग्रा. सम्म एट्रोपिन सल्फेट आवश्यक पर्न सक्छ तथा बिरामीको लक्षणका आधारमा थप एट्रोपिन सल्फेट दिन सकिन्छ । एट्रोपिन सल्फेटको खुराक चिकित्सकले निर्धारण गरे अनुसार हुन्छ । मुखबाट निस्कने र्‍यालको मात्रा अनुसार निर्धारण गरिन्छ साथै बिरामीलाई १ देखि २ ग्राम २-पाम (2–PAM) डिस्टिल्ड वाटरमा मिसाएर नसाबाट बिस्तारै १०-१५ मिनेट लगाएर दिनुपर्दछ ।

**विषादी र विषादीयुक्त वस्तुको विसर्जन :**

प्रयोग गरिसकेको प्याकेटहरुलाई पुन: प्रयोग हुन नदिनको लागि बाहिर छोड्नुहुँदैन । विषादीका प्याकेट, भाँडा वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्किने उपकरणहरुबाट निस्केका विषाक्त वा विषादीयुक्त वस्तुलाई वातावरण वा जल प्रदूषण हुनबाट रोक्नका लागि सुरक्षित तरिकाले विसर्जन गर्नुपर्दछ । प्रयोग भइसकेको विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित रुपमा व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्दछ । साथै विषादीको संख्या र प्रकृतिका आधारमा छुट्टै दराजहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावाको राम्रो आहोरदोहोर हुने तथा वाष्पबाट दूषित नहुने खालका हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई मा ०१-५५२१५९८ नं. फोन गर्नुहोस् वा info@npponepal.gov.np इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** रिलायन्स एग्रो इन्डस्ट्रिज, ३१९, टेण्डवा बसन्तपुर लखनऊ रोड, बहराईच-(यु पी), भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना सम्पर्क नं.:** शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल ।
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-52,725/2006-Malathion(DP)(261)-2438

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0204-INS-DP-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ल्याम्ब्डासाइहेलोथ्रिन ५% ई.सी.

Lambdacyhalothrin 5% EC

# एक्शान (ACTION)

सम्पर्क तथा आन्तरिक कीटनाशक

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनी लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | फल छेड्ने गभारो (Bollworm), ज्यासिड (Jassid), थ्रिप्स (Thrips) | ३००-५०० | ४००-६०० | २१ | ०.७५-०.८३ |
| धान | पात बेरुवा (Leaf folder), डाँठको गभारो (Stem borer), पातको हरियो फड्के (Green leaf hopper), ढुङ्ग्रे कीरा (Gall midge), काँडादार खपटे (Hispa), थ्रिप्स (Thrips) | २५० | ४००-६०० | १५ | ०.४१६-०.६२५ |
| भण्टा | डाँठ र फलको गभारो (Shoot and fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| गोलभँडा | फलको गभारो (Fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| आँप | फड्के (Hoppers) | ०.५-१ मि.लि./लि. पानी | | ७ | ०.५-१ |
| भिण्डी | ज्यासिड (Jassid), डाँठको गभारो (Shoot borer) | ३०० | ३००-४०० | ४ | ०.७५-१ |
| रहर | कोसाको गभारो/भिंगा (Pod borer, pod fly) | ४००-५०० | ४००-६०० | १५ | ०.८३-१ |
| खुर्सानी | थ्रिप्स (Thrips), सुलसुले (Mite), कोसाको गभारो (Pod borer) | ३०० | ४००-६०० | ५ | ०.५-०.७५ |
| बदाम | थ्रिप्स (Thrips), पात फड्के (Leaf hopper), पात खन्ने कीरा (Leaf miner) | २००-३०० | ४००-५०० | १० | ०.५-०.६ |
| प्याज | थ्रिप्स (Thrips) | ३०० | ३००-४०० | ५ | ०.७५-१ |
| चना | कोसाको गभारो (Pod borer) | ५०० | ३००-४०० | ६ | १.२५-१.६६ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने टयांकीमा आधा मात्रासम्म पानी राखेर सिफारिस मात्राको विषादी हाली राम्रोसँग घोल्नुहोस् । त्यस पश्चात सिफारिस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । उपयुक्त स्प्रेयर जस्तै बकेट स्प्रेयर, रकिङ स्प्रेयर, स्टिरप पम्प स्प्रेयर (एकल वा डबल ब्यारेल) नापस्याक स्प्रेयर, फुट स्प्रेयर, ह्विल ब्यारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्रीले चल्ने कम्प्रेसन नापस्याक स्प्रेयर, ASPEE-HTP पाउडर स्प्रेयरको सहायताले बालीलाई पूर्ण रूपमा ढाक्ने गरी छर्कनुहोस् । लार्भा पहिलो पटक देखिनासाथ यो कीटनाशक प्रयोग गर्नुहोस् र आवश्यकताअनुसार पुनः प्रयोग गर्नुहोस् । पातहरु राम्रोसँग भिज्ने गरी पर्याप्त मात्रामा पानी प्रयोग गरेर कीटनाशक छर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीलाई खाद्य पदार्थ, पशु आहार र खानेकुरा राख्ने खाली भाँडाकुँडाभन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरु प्रयोग नगर्नुहोस् । कपडा, मुख, आँखा र छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा विषादीको छिटाहरु नाक, मुखबाट भित्र प्रवेश गर्न दिनुहुँदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्यास मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नु हुँदैन । विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस् । यो विषादी माछा तथा जलीय जनावर, मौरीको लागि विषाक्त हुन्छ । त्यसैले जलस्रोतमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग नगर्नुहोस् । साथै मौरीको सक्रिय चरन अवधिमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

विषाक्तको प्रारम्भिक लक्षणहरुमा डर लाग्ने, चिन्ता हुने, शरीर काम्ने (कम्पन), ऐंठन हुने, छालामा एलर्जी हुने, हाच्छ्युँ आउने, नाकबाट पानी बग्ने तथा नाक बन्द हुने समस्या देखा पर्न सक्छन् ।

**प्राथमिक उपचार :**

विषादी निलिएको छ भने बान्ता नगराउनुहोस् वा कुनै तरल पदार्थ जबरजस्ती नदिनुहोस् । छाला वा शरीरको भागमा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस् । यदि श्वासमार्फत भित्र गएमा बिरामीलाई खुला तथा ताजा हावा भएको ठाउँमा लैजानुहोस् ।

**एण्टिडट :**

यस विषादीको कुनै विशेष एण्टिडट छैन । यदि विषाक्तता भएमा लक्षणअनुसार उपचार गर्नुहोस् । एलर्जी नियन्त्रणका लागि चिकित्सकको निगरानीमा एन्टिहिस्टामिन (Antihistamines) औषधी दिन सकिन्छ ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रुपमा बिसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारण अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दूषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहार, औषधी वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
पारस पेष्टिसाइड्स इन्डस्ट्रिज एच सी-१५, इन्डस्ट्रियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर यु.पी. भारत ।

**आयातकर्ताको नाम, ठेगाना र सम्पर्क नं.:** शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-141841/2017- Lambdacyhalothrin-(EC) (377)-661

**नेपालमा पञ्जीकरण गरिएको नं. :**
0205-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरएन्ट्रानिलिप्रोल ९.३% + ल्याम्ब्डासाइहेलोथ्रिन ४.६% जैड.सी.

Chlorantraniliprole 9.3% + lambdacyhalothrin 4.6% ZC

एम्मीगो (Emmigo)

सम्पर्क तथा दैहिक, बहुप्रभावी कीटनाशक

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न् वा काट्न् अघि पखने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| भन्टा | डाँठ तथा फलको गभारो (Shoot and fruit borer), ज्यासिड (Jassid) | २०० | ५०० | ५ | ०.४ |
| खुर्सानी | थ्रिप्स (Thrips), सुलसुले (Mites), फलको गभारो (Fruit borer) | ६२५ | ५०० | ५ | १.२५ |
| कपास | डाँठ र फलको गभारो (Shoot and fruit borer), ज्यासिड (Jassid) | २५० | ५०० | २० | ०.५ |
| भिन्डी | डाँठको गभारो (Stem borer), पात बेरुवा (Leaf folder) पातको हरियो फड्के (Green leaf hopper) | २०० | ५०० | ३ | ०.४ |
| रहर | कोसाको गभारो (Pod borer) | २०० | ५०० | १८ | ०.४ |
| धान | डाँठको गभारो (Stem borer), पात बेरुवा (Leaf folder), पातको हरियो फड्के (Green leaf hopper) | २००-२५० | ५०० | ५३ | ०.४-०.५ |
| भटमास | पात खाने कीरा (Leaf worm), डाँठलाई घेरा पारेर काट्ने खपटे कीरा (Girdle beetle), वित्ते कीरा (Semilooper), डाँठको झिँगा(Stem Fly) | २०० | ५०० | ४१ | ०.४ |

**नोटः** कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधिः**

सिफारिस मात्रामा विषादी नाप्नुहोस् र थोरै पानीमा राम्ररी मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर घोल तयार गर्नुहोस् । उपयुक्त स्प्रेयरको सहायताले बालीलाई पूर्ण रूपमा ढाक्ने गरी छर्कनुहोस् । दिइएको सिफारिस अनुसार प्रयोग गर्दा, यो कीटनाशकले रहर बालीलाई कोसाको गभारोबाट र कपास बालीलाई कपासको फल छेड्ने कीराहरूबाट (Bollworm complex) सुरक्षा प्रदान गर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छः**

विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी मिसाउँदा चलाउनका लागि लट्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै श्वासमार्फत शरीर भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस् । विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा, ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा निस्कने छिटाहरु (drifts) बाट बच्नुहोस् र नोज़ललाई मुखले नफुक्नुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने, धुम्रपान गर्ने जस्ता कार्य गर्नु हुँदैन । यो विषादी जलीय जनावर तथा मौरीको लागी घातक हुन्छ । तसर्थ यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन । विषाक्तताको कुनै पनि संकेत देखिएमा, तुरुन्तै चिकित्सकसँग सल्लाह गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामाः**

विषाक्तताको बिशेष लक्षणहरु छैनन ।

**प्राथमिक उपचारः**

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट तुरुन्त खुल्ला र ताजा हावामा लैजानुहोस् । यदि छाला दूषित भएमा, दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् । विषादीको प्रयोग पछि सधै लुगा परिवर्तन गर्नुहोस् र नुहाउनुहोस् । यदि आँखा दूषित भएमा, लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त सफा पानीले धुनुहोस् । विषादी निलेको अवस्थामा एक गिलास पानी पिउन लगाउनुहोस् । बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केहि खाने कुरा नदिनुहोस् र बान्ता नगराउनुहोस् । बिरामीलाई यथाशीघ्र नजिकको स्वास्थ्य संस्थामा पुऱ्याई चिकित्सकको सल्लाह लिनुहोस् ।

**विशेष ध्यान दिनुपर्ने विषयः**

कीराहरुमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूहअन्तर्गत पर्ने Cyantraniliprole, Lubendiamide, Tetraniliprole जस्ता विषादीहरु एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नुहुँदैन । एक बाली अवधिभमा कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नुहुँदैन ।

**एण्टिडटः**

यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणअनुसार उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्थाः**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र राम्ररी हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ । विषादीलाई जम्न नदिनुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बलबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना (भारत):**

शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द ऐग्रो सेन्टर
अदालत रोड, कलैया-५
इमेलः
arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.** CIR-266246/2023-Chlorantraniliprole+ Lambdacyhalothrin (ZC) (444)-241

नेपालमा पञ्जीकरण गरिएको नं.

0206-INS-ZC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरान्ट्रानिलिप्रोल ९.३% + ल्याम्ब्डासाइहेलोथ्रिन ४.६% जेड सी

Chlorantraniliprole 9.3% + Lambdacyhalothrin 4.6% ZC

**अन्टार्टिक (Antartic)**

सम्पर्क तथा दैहिक, बहुप्रभावी कीटनाशक

सिफारिसः

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा(एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| भन्टा | डाँठ र फलको गभारो (Shoot and Fruit Borer), ज्यासिड (Jassids) | २०० | ५०० | ५ | ०.४ |
| खुर्सानी | सुलसुले (Mites), फलको गभारो (Fruit Borer), थ्रिप्स (Thrips) | ६२५ | ५०० | ५ | १.२५ |
| कपास | कपासको फलको गभारो (Bollworm) | २५० | ५०० | २० | ०.५ |
| भिन्डी | डाँठ र फलको गभारो (Shoot and Fruit Borer), ज्यासिड (Jassids) | २०० | ५०० | ३ | ०.४ |
| रहर | कोसाको गभारो (Pod Borer) | २०० | ५०० | १८ | ०.४ |
| धन पातको | हरियो फड्के (Green leaf hopper), पात बेरुवा (Leaf Folder), डाँठको गभारो (Stem Borer) | २००-२५० | ५०० | ५३ | ०.४-०.५ |
| भटमास | डाँठको झिंगा (Stem fly), डाँठ घेरा पारेर काट्ने खपटे कीरा (Girdle beetle), पात खाने कीरा (Leaf worm), विल्ते कीरा (Semilooper) | २०० | ५०० | ४१ | ०.४ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**

सिफारिसअनुसार आवश्यक मात्रामा विषादी नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस् । त्यसपछि निर्धारित मात्राअनुसार बाँकी पानी थप्दै राम्रोसँग चलाउँदै (घोल्दै) तयार गर्नुहोस् । तयार भएको विषादीको घोल उपयुक्त स्प्रेयर, जस्तै न्यापस्याक स्प्रेयर, प्रयोग गरी पातको माथि र तल दुवै सतह भिज्ने गरी बालीमा पूर्ण रूपमा छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी घोल्न लट्ठी/डण्डी प्रयोग गर्नुहोस् । छाला, आँखा र कपडाको सम्पर्क हुन नदिनुहोस् । विषादीको घोल तयार गर्दा उत्पन्न हुने विषादी मिश्रित धुँवा (Fog) र वाष्प (Vapors) श्वासमार्फत शरीरभित्र जान नदिनुहोस् । छालासँग सम्पर्क हुन नदिन र आँखामा छ्यापिनबाट जोगिन हातमा पञ्जा र अनुहार सुरक्षा कवच (Face Shield) प्रयोग गर्नुहोस् । विषादी प्रयोग गर्दा लामो ट्राउजर र पूर्ण बाहुलाको सर्ट, चश्मा र बुट वा ढाकिएको जुत्ता सहित सुरक्षात्मक कपडा लगाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नुहुँदैन । प्रयोगपछि, सुरक्षात्मक उपकरणहरू राम्ररी सफा गर्नुहोस् र सम्पूर्ण शरीर धुनुहोस् र सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् । हावा र पानीका स्रोतहरूलाई कीटनाशक विषादीबाट दूषित हुन नदिनुहोस् । यो विषादी माछा र मौरीका लागि विषाक्त हुन्छ । अतः यो विषादीको प्रयोग फूल फुल्ने बेलामा नगर्नुहोस् र माछा पोखरी तथा जलचर रहेको क्षेत्रमा यसको प्रयोग निषेध छ । साथै, यो विषादी पशुचौपाया, अन्य चराचुरूङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

विषाक्तताको विशेष लक्षणहरु छैनन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस् र चिसोबाट जोगाउनुहोस् । दूषित लुगा फेर्नुहोस् र विषादीको सम्पर्कमा आएका शरीरका भागहरू साबुन र पानीले राम्ररी धुनुहोस् । आँखाको सम्पर्कमा आएमा तुरुन्तै सफा पानीले केही बेरसम्म आँखा निरन्तर धुनुहोस् । विषादी निलेको खण्डमा बिरामी सचेत अवस्थामा छ भने १ गिलास पानी पिउन दिनुहोस् । बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही दिनु हुँदैन र बान्ता गराउनु हुँदैन । लक्षण गम्भीर भएमा तुरुन्तै चिकित्सकीय सल्लाह लिनुहोस् ।

**विशेष ध्यान दिनुपर्ने विषय :**

कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूहअन्तर्गत पर्ने Cyantraniliprole, lubendiamide, Tetraniliprole जस्ता विषादीहरू एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन । एक बाली अवधिभमा कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन ।

**एण्टिडट :**

यो विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन सक्ने गरी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला चावी लगाई सुरक्षित रुपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ । केवल आधिकारिक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् ताकि वाष्पबाट दुषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशुआहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

क्रप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., मोहाली, पञ्जाब, भारत ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना :**

नेपाल सिड सेन्टर, कलैया ४, बारा

सम्पर्क नं. ९७०६३६१४८८

Email: nepalseedcenter123@gmail.com

**उत्पादितदेशको रजिष्टर नं.** CIR-243378/2023-Chlorantraniliprole + Lambdacyhalothrin (ZC) (443)-105

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0207-INS-ZC-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस ।**

**जीवनाशक विषादी विष हो , औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

फ्लोनिकामिद ५० % डब्लु.जी.

Flonicamid 50% WG

# उलाला (ULALA)

दैहिक कीटनाशक विषादी

**सिफारिस :**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्रा) | यस विषादीको आवश्यक मात्रा पानी (लिटर) | | |
| धान | खैरो फड्के कीरा Brown Plant Hopper (BPH), सेतो पिठ्यु भएको फड्के कीरा (White backed plant hopper) , पातको हरियो फड्के (Green leafhopper) | १५० | ५०० | ३६ | ०.३० |
| कपास | लाही (Aphids), ज्यासिड (Jassids), सेतो झिँगा (Whiteflies) | १५० | ५०० | २५ | ०.३० |
| भिन्डी | लाही (Aphids), ज्यासिड (Jassids),थ्रिप्स (Thrips) सेतो झिँगा (Whiteflies) | २०० | ५०० | १० | ०.४० |
| भन्टा | लाही (Aphids),पातको फड्के कीरा (Jassids),थ्रिप्स (Thrips) सेतो झिँगा (Whiteflies) | २०० | ५०० | १५ | ०.४० |
| आँप | आँपको फड्के किरा ( Mango Hoppers) | ४०० | १०००लिटर /हेक्टर | १५ | ०.४० |
| गोलभेडा | लाही (Aphids), ज्यासिड (Jassids),थ्रिप्स (Thrips) सेतो झिँगा (Whiteflies) | २०० | ५०० | ५ | ०.४० |
| खुर्सानी | लाही (Aphids), ज्यासिड (Jassids),थ्रिप्स (Thrips) सेतो झिँगा (Whiteflies) | २०० | ५०० | ५ | ०.४० |
| भटमास | लाही (Aphids), ज्यासिड (Jassids), सेतो झिँगा (Whiteflies) | २०० | ५०० | ३५ | ०.४० |
| आलु | लाही (Aphids), ज्यासिड (Jassids),थ्रिप्स (Thrips) सेतो झिँगा (Whiteflies) | २०० | ५०० | २० | ०.४० |

**प्रयोग गर्ने विधि : मौसम अवस्था :** प्रतिकूल अवस्थामा यो विषादी प्रयोग गर्न हुँदैन । **माटो र पानी** : हल्कादेखि भारी माटो भएको र छर्नका लागि सफा पानीमा प्रयोग गर्नुपर्छ । प्रयोगको लागि बाली अवस्था : बेर्नादेखि उत्पादन हुने अवस्था सम्म हो । कीराको प्रकोपअनुसार २-३ पटक स्प्रे गर्नुहोस् र २४ घण्टाको अन्तरालमा दोहोर्याउनुहोस् । आवश्यक मात्रामा विषादी नापी उल्लेखित मात्राको पानीमा राम्ररी मिसाउनुहोस् । त्यसपछि निर्दिष्ट मात्रामा पानी थपी राम्रोसँग हल्लाई मिश्रण गरी घोल तयार गर्नुहोस् , ताकि बालीमा पूर्ण रूपमा छर्कन सकियोस् । उपयुक्त स्प्रेयर प्रयोग गरी छर्कनुहोस् । यसका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर, ब्याट्रीबाट चल्ने पावर स्प्रेयर तथा ASPEE–HTP पावर स्प्रेयर प्रयोग गर्न सकिन्छ । **नोट : मौरी र माछाको लागि विषाक्त हुने हुँदा माछापालन गरिने क्षेत्रहरूमा यो प्रयोग गर्नु हुँदैन तथा दिनको समयमा मौरी सक्रिय रुपमा चरिरहेको अबधिमा स्प्रे नगर्नुहोस् ।**

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

शरीरले आफै चालचलन गर्न कम क्षमता देखाउने वा आलस्य हुने , मांसपेशी लामो समयसम्म कस्सिने वा खिचिने अवस्था, तथा आँखा झप्कनु (ptosis) जस्ता लक्षणहरु देखा पर्न सक्छन् ।

**थप जानकारी को लागि पछाडि हेर्नुहोस् ।**

**यो विषादी प्रयोग गर्नुपूर्व देहायका सावधानी अपनाउनु पर्छ**

विषादी प्याकेट खोल्दा,घोल तयार गर्दा वा विषादी छर्कदा पन्जा, रबर बुट , चश्मा ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख,आँखामा एवम् छालामा विषादीको प्रक्तक्ष सर्म्पक हुन नदिनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दाखाने,चपाउने,पिउने, धूम्रपान गर्नुहुँदैन । मौरी, माछा, पानीको स्रोत नजिक विषादी छर्कनु हुँदैन । फूल फुलेको समयमा विषादी छर्कने कार्य कहिल्यै नगर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखियको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस र पालना गर्नुहोस् ।**

**सावधानी :** विषादीलाई वालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।

DANGER

**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोनगर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम-**

सुपरफोर्म केमिस्ट्री लिमिटेड , मुम्बई भारत , यु.पि.एल.सस्तेनेबल एग्री सोलुसन्स लिमिटेड , मुम्बई भारत ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

ग्लोबल एग्रो ट्रेडिङ्ग,
सानेपा २, ललितपुर महानगरपालिका
,ललितपुर,९८४१२३०५६४

**उत्पादित देशको रजिष्टर नं.**

CIR-1301/2012 (326)-Flonicamid (WG) -01

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0208-INS-WG-2026

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादी प्रयोग गरिएको क्षेत्रबाट प्रभावित व्यक्तिलाई राम्ररी हावा चल्ने ठाउँमा लैजानुहोस र धेरै चिसो हुनबाट जोगाउनुहोस् । शंकास्पद विषाक्तता भएको पाइएमा : तुरुन्त डाक्टरको सल्लाह लिनुहोस । विषादीको सम्पर्क भएको छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । नोट : बेहोस व्यक्तिलाई कहिल्यै पनि मुखबाट केही नदिनुहोस् र बान्ता नगराउनुहोस् ।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु तथा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस् । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एजोक्सिस्ट्रोबिन ४.८% + क्लोरोथालोनिल ४०% एस.सी.

Azoxystrobin 4.8% + Chlorothalonil 40% SC

# अमिस्टार ऑप्टी (Amistar Opti)

सम्पर्क तथा दैहिक ढुसीनाशक

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काँक्रो | डाउनी मिल्ड्यू (Downy mildew), पातको थोप्ले रोग (leaf spot), सेतो धुले ढुसी (Powdery mildew) | ३ | ५०० | ३ | ०.६ |
| काउली | डाउनी मिल्ड्यू (Downy mildew), पातको थोप्ले रोग (leaf spot) | ३ | ५०० | ३ | ०.६ |
| खरबुजा | डाउनी मिल्ड्यू (Downy mildew), पातको थोप्ले रोग (leaf spot), सेतो धुले ढुसी (Powdery mildew) | ३ | ५०० | ५ | ०.६ |

**प्रयोग गर्ने विधि:**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा राखी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । होलो कोन नोजल (Hollow cone nozzle) जडान गरिएको न्यापस्याक स्प्रेयर प्रयोग गरी बालीमा पूर्ण रूपमा ढाकिने गरी तयार गरेको विषादी छर्कनुहोस् । रोगको सुरुवाती संक्रमण देखिनासाथ पहिलो पटक विषादी छर्कनुहोस् र त्यसपछि रोगको प्रकोप हेरी १०-१५ दिनको अन्तरालमा थप १ देखि २ पटकसम्म छर्कनुहोस् । एक बाली सिजनमा तीन पटकभन्दा बढी विषादी नछर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछः**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पन्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा श्वासबाट तथा आँखा र छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुनबाट जोगिनुहोस् । प्रयोग गर्दा खानु, पिउनु, चपाउनु वा धूम्रपान नगर्नुहोस् । प्रयोगपछि खाली कन्टेनर नष्ट गर्नुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस् । एक बाली सिजनमा तीन पटकभन्दा बढी विषादी नछर्कनुहोस् । यो विषादी माछा तथा जलचर जीवहरूका लागि विषाक्त भएको हुनाले मत्स्यपालन (aquaculture) गरिने क्षेत्र वा त्यसको वरपर यसको प्रयोग गर्नु हुँदैन । भर्खरै विषादी छर्किएका क्षेत्रहरूमा घरपालुवा जनावरहरूलाई चराउनु हुँदैन र सबै चौपायाहरूलाई त्यस्ता क्षेत्रबाट टाढा राख्नु पर्दछ । यो विषादीको प्रतिरोधात्मक क्षमता विकास हुन नदिन फरक कार्य प्रकृति भएका ढुसीनाशक विषादीसँग आलोपालो गरेर छर्कनुहोस् । विषादी छर्केर नसुकेसम्म विषादी छर्केको क्षेत्रमा सुरक्षित पहिरन बिना प्रवेश गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

वाकवाकी लाग्ने, वान्ता हुने, पखाला लाग्ने र पेट दुख्ने, कमजोरी महसुस हुने, निष्कृयता (hypoactivity), चक्कर लाग्ने, ऐंठन हुने (ataxia), मांसपेशी काम्ने, पातलो सिँगान बग्ने र श्वास फेर्न गाह्रो हुने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार:**

छालामा विषादी परेमा तुरुन्तै कपडाहरू फुकालेर शरीरको प्रभावित भागहरू (कपाल र नङको भित्रि भाग समेत) पहिले पानीले र त्यसपछि साबुन-पानीले राम्ररी धुनुहोस् । श्वासप्रश्वास मार्फत शरीर भित्र गएमा बिरामीलाई खुला र ताजा हावा चल्ने ठाउँमा लैजानुहोस् । विषाक्तताको आशंका भएमा तुरुन्तै चिकित्सकको सल्लाह लिनुहोस्। आँखामा परेमा आँखा खुल्ला राखेर तुरुन्तै आँखा धुने घोल (Eye wash solution) वा सफा पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी पखाल्नुहोस्। विषादी निलेको खण्डमा पर्याप्त पानीमा पटक-पटक औषधीय चारकोल (medical charcoal) सेवन गराउनुहोस्। यदि धेरै मात्रामा विषादी (concentrate) निलिएको छ भने तुरुन्तै चिकित्सकलाई देखाउनुहोस् । बिरामी होसमा छ भने मुखलाई पानीले राम्ररी कुल्ला गराउनुहोस् । बेहोस भएको व्यक्तिलाई मुखबाट कहिल्यै पनि केही कुरा नदिनुहोस् र बान्ता गराउने प्रयास नगर्नुहोस् ।

**एण्टिडट:**

विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन:**

प्रयोगपछि बाँकी रहेका सामग्री, अतिरिक्त पदार्थहरू तथा विषादी धोएको पानीलाई वातावरण वा पानी प्रदूषण नहुने गरि सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ । पुनः प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला रूपमा नछोड्नुहोस् । प्रयोग गरिएका प्याकेटहरू तोडेर बस्तीभन्दा टाढा सुरक्षित तवरले बिसर्जन गर्नुपर्छ ।

**भण्डारणको अवस्था:**

विषादी भएका प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना:**

**सिन्जेन्टा इन्डिया प्राइभेट लिमिटेड,**
अमर प्याराडाइम, सर्वे नं. ११०/११/३,
बानेर रोड, पुणे, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००
इमेल:- nacpljnk@gmail.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-2128/2018/(387)-Azoxystrobin + Chlorothalonil (SC)-01

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0209-FUN-SC-2026

चित्रात्मक संकेत:




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अनिवार्य अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ग्लाइफोसेट ४१% एस.एल.

Glyphosate 41% SL

**जीपीएस-४१ (GPS-41)**

सबै प्रकारको वनस्पति मार्ने (Non–selective), अंकुरणपश्चात् (Post–emergence) छर्नुपर्ने दैहिक झारनाशक

सिफारिस

| बाली | झारको नाम | हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया | कार्पेट घाँस *(Axonopus compressus)*, दुबो *(Cynodon dactylon)*, सिरु *(Imperata cylindrica)*, फापरे झार *(Polygonum perfoliatum)*, कोदे झार *(Paspalum scrobiculatum)*, फुस्रो खर *(Arundinella bengalensis)*, आम्लिस (Kalm grass) | २.०-३.० | ४५० | २१ | ४.४४-६.६६ |
| खेती नगरेको क्षेत्र | जुनेलो प्रजातिको झार *(Sorghum halepense)* तथा अन्य साँघुरो तथा चौडा पात भएका झार | २.०-३.० | ५०० | - | ४-६ |

नोटः झारहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर सिफारिस दरअनुसार आवश्यक विषादीको पुरै मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरु उम्रिसकेपछिको अवस्थामा प्रयोग गर्नुहोस्, ताकि बिरुवामा विषादी एकरुपताका साथ प्रवेश गर्न सकोस् । झारपात कलिलो तथा सक्रिय रुपमा बढिरहको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण राम्रो हुन्छ । विषादी छर्कदा जमिनको सतहको नजिकबाट छर्कनुहोस् ताकि विषादीका छिटाहरू नजिकको बालीमा नपरोस्। खेती गरेको बालीमा विषादी परेमा विषाक्तता हुन सक्ने भएकाले विशेष ध्यान दिनुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पन्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्कदा खाने, चपाउने, पिउने तथा धुम्रपान गर्नुहुँदैन । तरकारी बालीको बिरुवामा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनुहुँदैन । यो विषादी मौरी र माछाका लागि घातक हुने भएकाले मौरीको चरन समयमा र माछापालन क्षेत्र नजिक वा त्यस्ता क्षेत्रमा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन । साथै, यो विषादी पशुचौपाया, अन्य चराचुरुङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, रिंगटा लाग्ने र ऐंठन (छारे रोग) जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि विषादी निलेको छ भने घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई प्रशस्त साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादीको सम्पर्क भएमा कम्तिमा १५ मिनेटसम्म सफा पानीले पखाल्नुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । यो विषादी निलेमा तत्काल बान्ता गराउनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा चल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् ।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

वातावरण वा जलस्रोत प्रदूषित नहुने गरी कन्टेनर तथा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । प्याकेटलाई बिगारी बस्तीबाट टाढाको क्षेत्रमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला चाबी लगाई सुरक्षित रुपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ । केवल आधिकारिक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् ताकि वाष्पबाट दूषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशुआहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

फार्मिष्ट एग्रोकेम, राजकोट, गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना :**

नेपाल सिड सेन्टर, कलैया ४, बारा

सम्पर्क नं. ९७०६३६१४८८

Email : nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-202486/2022-Glyphosate (SL) (437)-2255

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0210-HER-SL-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचक पत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एट्राजिन ५०% + मेसोट्रिओन ५% एस.सी.

ATRAZINE 50% + MESOTRIONE 5% SC

# मेसोट्रिक्स ५५ एस.सी. (MESOTRIX 55 SC)

चयनात्मक तथा अंकुरणपश्चात् प्रयोग गरिने दैहिक झारनाशक

## सिफारिस

| बाली | झारपातको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| वर्षे मकै | काने झार *(Commelina benghalensis)*, बेथे *(Chenopodium album)*, कपासी झार *(Abutilon theophrasti)* लुँडे साग *(Amaranthus viridis)*, | १२००-१८०० | ३००-४५० | ६० | २.६-४ |
| वसन्ते मकै | बन्सो झार *(Digitaria sanguinalis)*, कोदे झार *(Elusine indica)*, सामा घाँस *(Echinochloa crusgalli)* | १५००-२२५० | ३००-४५० | ६० | ३.३-५ |

नोटः झारपातहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि:**

यो विषादी झारपात विज्ञको सल्लाहमा मात्र प्रयोग गर्नुपर्छ। पहिलो पटक प्रयोग गर्दा सुरक्षा परीक्षण वा विज्ञको सल्लाह लिन अनिवार्य छ। यो विषादी जहिले पनि बिहान वा बेलुकाको शीतल समयमा प्रयोग गर्नुहोस्। तीव्र हावा चलेको समयमा नछर्नुहोस् । वार्षिक रूपमा उम्रने घाँसपात ( annual grass weeds) १-३ पाते अवस्थामा हुँदा, चौडा पाते झारपात २-४ पाते अवस्थामा हुँदा, अथवा मकै ३-५ पाते अवस्थाको हुँदा (मुख्यतया झारपातको पाते अवस्थालाई आधार मानी) डाँठ र पातमा स्प्रे गर्न सिफारिस गरिन्छ । सुख्खा मौसम वा खडेरी परेको अवस्थामा विषादी प्रयोग गर्नुअघि खेतमा सिँचाई गर्नाले वा पानी परेलगतै प्रयोग गर्नाले विषादीको प्रभावकारिता बढाउन मद्दत गर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ:**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कंदा पन्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस् र विषादी श्वासमार्फत भित्र जान वा निल्नबाट बच्नुहोस्। विषादी प्रयोग गरिसकेपछि हात र मुख राम्ररी धुनुहोस् । गर्भवती तथा स्तनपान गराउने महिलाहरूलाई यो विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् । यो उत्पादनलाई गुलियो मकै (sweet corn), चाम्रे मकै (waxy corn), पपकर्न (popcorn), र मकैको पैत्रिक लाइन (inbred corn line) खेती गरिएको बालीमा प्रयोग गर्न बन्देज गरिएको छ । साथै, यो विषादी प्रति सिजन (बाली चक्रमा) एक पटक भन्दा बढी प्रयोग गर्न बन्देज गरिएको छ । अन्य बालीहरूसँग अन्तरबाली (intercropped) को रुपमा लगाइएको मकैको खेतमा यो विषादी प्रयोग नगर्नुहोस्। अर्गानोफस्फेट (organophosphate) वा कार्बामेट (carbamate) समूहका कीटनाशकहरूसँग यो विषादी मिसाएर प्रयोग नगर्नुहोस्, अथवा यी विषादीहरू (organophosphate/carbamate) प्रयोग गरेको ७ दिनको अन्तरालभित्र यसको प्रयोग नगर्नुहोस्। सामान्य मौसमी अवस्थामा यो विषादी पछिल्ला बालीहरूका लागि सुरक्षित मानिन्छ, तर यो विषादी छरेपछि गहुँबाली लगाउन कम्तीमा ३ महिना तथा कपास, बदाम, आलु, भटमास तथा सूर्यमुखी बाली लगाउन ८ महिनाभन्दा बढी समय पर्खनुहोस् । अन्य बालीहरू जस्तैः सखरखण्ड, अल्फाअल्फा (एक प्रकारको घाँस), सुर्ती, तरकारी, तोरी/रायो र कोसेबालीहरू रोप्नुअघि सानो क्षेत्रमा परीक्षण गरेर मात्र प्रयोग गर्नुपर्छ । वर्षको दुई बाली खेती गरिएको क्षेत्रमा यो विषादी प्रयोग गरेको खण्डमा रायो/तोरी बाली लगाउनु हुँदैन । यो विषादी प्रयोग गरेपछि बालीको रङ्ग अस्थायी रूपमा बदलिने वा वृद्धि-विकासमा केही अवरोध देखिन सक्छ, तर यसले अन्तिम उत्पादनमा कुनै असर गर्दैन । अत्यधिक प्रतिकूल मौसम वा कमजोर मकैको बिरुवा भएको अवस्थामा छर्दा विज्ञको सल्लाह लिनुपर्छ र सावधानीपूर्वक प्रयोग गर्नुपर्छ। यो विषादी चरा, मौरी, जलचर प्राणी तथा जलचर बिरुवाका लागि विषाक्त हुन्छ । त्यसैले मौरीको सक्रिय चरन अवधिमा र जलाशयको नजिक पर्ने तथा बगेर जाने गरी प्रयोग नगर्नुहोस् । विषादी प्रयोग गर्दा जलचर (aquaculture) र अन्य पानीका स्रोतहरूबाट टाढा राख्नुहोस्। जमिनमुनिको पानीको स्रोत वा पिउने पानीको स्रोत नजिक यो विषादी प्रयोग गर्न निषेध गरिएको छ। विषादी प्रयोग गरिएका उपकरणहरू पानीका स्रोतहरूमा नधुनुहोस् र उपकरण धोएको पानीलाई जलस्रोतमा मिसिन नदिनुहोस् । विषादीको खाली भाँडा वा फोहोरलाई उचित तरिकाले विसर्जन गर्नुहोस्।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा:**

चक्कर लाग्ने, वाकवाकी लाग्ने, निन्द्रा लाग्ने, श्वाश फेर्न गाह्रो हुने जस्ता लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

विषादी निलेमा तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस्। बान्ता गराउने प्रयास नगर्नुहोस्। बिरामीलाई दुई गिलास पानी पिउन दिनुहोस्। बेहोस भएको व्यक्तिलाई कहिल्यै पनि बान्ता गराउने प्रयास नगर्नुहोस् वा मुखबाट केही पनि खान/पिउन नदिनुहोस्। विषादी श्वासमार्फत भित्र गएमा बिरामीलाई तुरुन्तै खुला र ताजा हावा आउने ठाउँमा लैजानुहोस्। यदि बिरामीले श्वास फेरेको छैन भने, कृत्रिम श्वासप्रश्वास (mouth-to-mouth resuscitation) दिनुहोस् र तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस्। आँखामा परेमा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखा राम्ररी पखाल्नुहोस् र तुरुन्तै चिकित्सक कहाँ लैजानुहोस्। छालामा परेमा विषादी लागेका कपडाहरू तुरुन्तै फुकाल्नुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि जलन वा समस्या निको भएन भने चिकित्सकसँग परामर्श गर्नुहोस्। प्रयोग गरिएका ती कपडाहरू पुनः प्रयोग गर्नु अघि राम्ररी धुनुहोस्।

**एण्टिडट:**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन। लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**

वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) गर्नुहुँदैन । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था:**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा र हावा चल्ने हुनुपर्छ । विषादीका प्याकेट र कन्टेनरहरू प्रत्यक्ष घामबाट टाढा राख्नुहोस् र सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना,पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

**Manufactured by:** Shandong Qiaochang Modern Agriculture Co., Ltd., China
**Exported by:** SHENZHEN YUFULL INDUSTRIES CO., Ltd., China

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

एग्रिकल्चर गुड्स सप्लायर सेन्टर, गरुडा, रौतहट, नेपाल, ९८६४२६७१८९
Email:- agriculturegoods123@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं.**

PD20172153

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0211-HER-SC-2026

**चित्रात्मक संकेत:**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

गुल्फोसिनेट एम्मोनिएम २० % एस.एल.

Glufosinate-ammonium 20% SL

# क्लिन पावर (CLEAN POWER)

दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारहरुको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| खनजोत नगरिएको जमिन | सामा घाँस *(Echinochloa crusgalli)*,<br>घोडे झार *(Digitaria* spp.),<br>कोदे झार *(Eleusine* spp.),<br>नुनिया साग *(Portulaca oleracea)*<br>मुलपाते *(Erigeron canadensis)* | ४५००-७५०० | ४५० | १४-२१ | १०-१६.६७ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

यो विषादी खेती नभएको जमिनमा झारपात उम्रेको अवधिमा एक पटक डाँठ र पातहरूमा छर्कनुपर्छ । यो विषादी प्रयोग गरेको २-३ दिनपछि मात्र बाली रोप्नुपर्छ । झारनाशक विषादी प्रयोग गर्दा विषादीको घोल अन्य बालीहरूमा बग्न वा छिटा पर्न नदिनुहोस् । यस विषादीले फाइटोटोक्सिसिटी (बालीमा विषाक्त असर) निम्त्याउन सक्छ । हावा नचलेको, माटोमा चिस्यान कायम भएको र घमाइलो दिनमा प्रयोग गर्नुहोस् र प्रभावकारिता कम हुन नदिन निरन्तर तुसारो वा गम्भीर खडेरी भएको अवस्थामा प्रयोग नगर्नुहोस् । हावा चलेको दिनमा वा १ घण्टा भित्र पानी पर्ने सम्भावना भएको बेला यो झारनाशक विषादी प्रयोग नगर्नुहोस् । विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक मात्रामा पानी थपेर पुन चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । विषादीको घोल तयार गर्दा सफा पानीको प्रयोग गर्नुहोस् अन्यथा, यसले विषादीको प्रभावकारितामा असर पार्न सक्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

यो उत्पादनले आँखामा सामान्य जलन गराउन सक्छ । यसको प्रयोग गर्दा सुरक्षात्मक पोसाक, चस्मा, पन्जा र मास्क लगाउनुहोस् तथा झारनाशकको वाफ वा धुलो श्वासप्रश्वासको माध्यमबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस् । विषादी प्रयोगको समयमा खाने, चपाउने, पिउने, धूम्रपान गर्नुहुँदैन। झारनाशक प्रयोग गरिसकेपछि हात, अनुहार र शरीरका खुला भागहरू तुरुन्तै धुनुहोस् । यो उत्पादनलाई अक्सिडेन्ट्स (oxidants) को सम्पर्कमा आउन दिनु हुँदैन। रेशम कीरा पालन गर्ने कोठा तथा किम्बु (मलवेरी)को बगैंचा नजिक यसको प्रयोग निषेध गरिएको छ। यो विषादी जलचर प्राणीका लागि विषाक्त हुन्छ, त्यसैले जलाशयको नजिक वा त्यस्तो स्थानमा बगेर जाने गरी प्रयोग नगर्नुहोस् । प्रयोग गरिएका उपकरणहरू नदी र पोखरी जस्ता जलाशयहरूमा सफा नगर्नुहोस् । प्रयोगपछि बाँकी रहेको घोल जथाभाबी फाल्नु हुँदैन । प्रयोग गरिएका कन्टेनरहरूको उचित व्यवस्थापन गर्नुपर्छ । खेतका बाटो, आली, फलफूलका रूखका लाइन, बाँझो जमिन तथा वन क्षेत्रजस्ता कृषि तथा वन क्षेत्रहरूमा यसको प्रयोग निषेध छ । गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरूलाई यस विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् । एलर्जी समस्या भएकाहरूकालाई पनि यो विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा :**

चक्कर लाग्ने, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने, साथै मुख र घाँटी दुख्ने जस्ता लक्षणहरु देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्तै ताजा र खुला हावा भएको ठाउँमा लैजानुहोस् । यदि लुगा र छाला दूषित भएमा, लुगा तथा जुत्ता हटाउनुहोस् र दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् । तातो पानी प्रयोग नगर्नुहोस्। लक्षण गम्भीर भएमा चिकित्सकलाई तुरुन्त देखाउनुहोस् । यदि आँखामा विषादी परेको भए करिब १० देखि १५ मिनेटसम्म प्रशस्त सफा पानीले धुनुहोस् । यदि विषादी निलेको खण्डमा, बान्ता नगराउनुहोस् र तरल पदार्थको सहायताले मुख भिजाउने र विषादीको लेवल सहित चिकित्सक कहाँ लैजानुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस्। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुहोस् । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

**Manufactured By**:- Nantong JinlingAgrochemical Co., Ltd, China
**Exported by-** Kingstar Biotech Co., Ltd., China

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

एग्रिकल्चर गुड्स सप्लायर सेन्टर, गरुडा , रौतहट, नेपाल
सम्पर्क नं - ९८६४२६७१८९
Email:- agriculturegoods123@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं. PD20241904**

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0212-HER-SL-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

हेक्साकोनाजोल ४% + कार्बेन्डाजिम १६% एस.सी.

Hexaconazole 4% + Carbendazim 16% SC

# पिकाचु (PIKACHU)

सुरक्षात्मक तथा उपचारात्मक कार्यप्रकृतिको दैहिक ढुसीनाशक

**सिफारिस:**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | मरुवा रोग (Blast), पातको फेद डढुवा रोग (Sheath blight) | ७५० | ४००-५०० | ४० | १.५–१.८६ |
| अंगुर | सेतो धुले ढुसी (Powdery mildew), कोत्रे रोग (Anthracnose) | १२५० | ५०० | ३० | २.५ |

यस लेबल/पर्चामा तोकिएको बाहेक अन्य बालीहरूमा प्रयोग नगर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

### प्रयोग गर्ने विधि:

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीको आधा भागसम्म पानी लिई सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुन: राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । उपयुक्त स्प्रेयर प्रयोग गरी बालीमा पूर्ण रूपमा ढाकिने गरी तयार गरेको विषादी छर्कनुहोस् । न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर, ब्याट्रीबाट चल्ने पावर स्प्रेयर तथा HTP पावर स्प्रेयर प्रयोग गरि विषादी छर्कनुहोस् । विषादी छर्कंदा रोगको प्रारम्भिक लक्षण देखिनासाथ गर्नुहोस् । यदि आवश्यकता परेमा १० दिनको अन्तरालमा पून: दोहोर्याउनुहोस् ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ:

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पन्जा, रबर बूट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । चेतावनी: गर्भवती महिलाहरूलाई विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् । यो विषादी मौरी, माछा, पशुचौपाया, जंगली चराहरु तथा अन्य जनावरहरुका लागि घातक हुन्छ ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना:**

**इन्सेक्टिसाइड (भारत) लिमिटेड,**
४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स, आजादपुर, दिल्ली, भारत

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:

निलिएको छ भने घबराहट, चिन्ता, कम्पन, ऐंठन हुने, एलर्जी, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुखाइ जस्ता लक्षण देखापर्छ । श्वासमार्फत भित्र गएमा ब्रोन्कियल र फोक्सोको तन्तुहरूमा जलन हुन सक्छ ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

### प्राथमिक उपचार:

विषादी निलेको अवस्थामा, यदि बिरामी होसमा र सचेत छ भने, पानीले मुख राम्ररी पखाल्नुहोस् र १ देखि २ गिलास पानी पिउन दिनुहोस् । बिरामी बेहोस भए मुखबाट केही पनि नदिनुहोस् । तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् । चिकित्सकले नभनेसम्म बान्ता गराउने प्रयास नगर्नुहोस् । श्वासप्रश्वास मार्फत विषादी शरीर भित्र प्रवेश गरेमा बिरामीलाई ताजा हावा चल्ने ठाउँमा लैजानुहोस् र शरीरको तापक्रमको ख्याल राख्नुहोस् । यदि बिरामीलाई श्वास फेर्न गाह्रो भइरहेको छ भने कृत्रिम श्वासप्रश्वास दिनुहोस् र तुरुन्तै चिकित्सकसँग परामर्श लिनुहोस् । छालामा विषादी परेको अवस्थामा, शरीरको प्रभावित भागलाई (कपाल र नङभित्रको भागसहित) साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस् । यदि छाला दुख्ने, रातो हुने वा जलन भइरहने भएमा डाक्टरसँग परामर्श लिनुहोस् । विषादी लागेका सबै कपडाहरूलाई पुन: प्रयोग गर्नुअघि साबुन र पानीले राम्ररी धुनुहोस् । आँखामा विषादी परेको अवस्थामा, कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई बिस्तारै पखाल्नुहोस् । यदि आँखा दुख्ने, जलन हुने, रातोपन हुने समस्या रहिरहेमा तुरुन्त नेत्र रोग विशेषज्ञसँग परामर्श लिनुहोस् ।

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-2098/2018 (386)-HEXACONAZOLE + CARBENDAZIM (SC)-01

### एण्टिडट:

यो विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0213-FUN-SC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

### प्रयोग गरीएका भाँडाको विसर्जन:

प्रयोगपछि बाँकी रहेका सामग्री, अतिरिक्त पदार्थहरू तथा विषादी धोएको पानीलाई वातावरण वा पानी प्रदूषण नहुने गरि सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ । पुन: प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला रूपमा नछोड्नुहोस् । प्रयोग गरिएका प्याकेटहरू तोडेर बस्तीभन्दा टाढा सुरक्षित तवरले व्यास्थापन गर्नुहोस् ।

### भण्डारणका अवस्था:

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्नुपर्दछ । विषादी भएका प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोधन वा मलखादबाट टाढा राख्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

म्यान्कोजेब ६४% + मेटालेक्सिल ८% डब्ल्यू.पी.

Mancozeb 64% + Metalaxyl 8% WP

# हाईमिल (HIMIL)

सम्पर्क तथा दैहिक ढुसीनाशक

**सिफारिस:**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | डाउनी मिल्ड्यू (Downy mildew) | २५०० वा ०.५% विषादीको घोल | ५०० | ४९ दिनभन्दा बढी | ५ |
| सुर्ती (नर्सरी) | बेर्ना कुहिने रोग (Damping off) | ५००० वा ०.१%विषादीको घोल | ५००० | ४९ दिनभन्दा बढी | १ |
| | पात डढुवा रोग (Leaf Blight), कालो फेद कुहिने रोग (Black Shank). | २००० वा ०.२% विषादीको घोल | १००० | ४९ दिनभन्दा बढी | २ |
| आलु | पछौटे डढुवा (Late blight) | २५०० वा ०.२५% विषादीको घोल | १००० | ४९ दिनभन्दा बढी | २.५ |
| तोरी | सेतो सिन्दुरे (White rust), डढुवा रोग (Alternaria blight) | २५०० वा ०.२५% विषादीको घोल | १००० | ५६ दिनभन्दा बढी | २.५ |
| कालो मरिच | फेद कुहिने रोग (Phytophthora foot rot) | २.५ ग्राम प्रति लहरा वा ०.१२५% विषादीको घोल | **स्प्रे गर्दा:** २ लि. प्रति लहरा, **ड्रेन्चिङ गर्दा:** ५ लि. प्रति लहरा | १४७ दिनभन्दा बढी | **स्प्रे गर्दा:** ०.५ ग्राम प्रति लहरा, **ड्रेन्चिङ गर्दा:** १.२५ ग्राम प्रति लहरा |
| बाजरा | डाउनी मिल्ड्यू (Downy mildew) | २००० वा ०.४% | ५०० | ४९ दिनभन्दा बढी | ४ |

**प्रयोग गर्ने विधि:**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीको आधा भागसम्म पानी लिई सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । यसका लागि उच्च मात्रामा छर्कने उपकरण जस्तै, न्यापस्याक स्प्रेयर र ह्यान्ड कम्प्रेसन स्प्रेयर तथा थोरै मात्रामा छर्कने उपकरण जस्तै, मोटरबाट चल्ने न्याप्स्याक स्प्रेयर, मिस्ट ब्लोअर आदि प्रयोग गर्न सकिन्छ ।

- अङ्गुरमा लाग्ने डाउनी मिल्ड्यू रोगका लागि ५ ग्राम विषादी प्रति लिटर पानीको दरले बनाएको विषादीको घोल छर्कनुपर्दछ ।
- सुर्तीको नर्सरीमा बेर्ना कुहिने रोगका लागि १ ग्राम विषादी प्रति लिटर पानीको दरले बनाएको विषादीको घोल नर्सरीको माटोमा जरा भिज्ने गरि प्रयोग (ड्रेन्चिङ) गर्नुपर्दछ । सुर्तीको बोटमा लाग्ने पात डढुवा रोग र कालो फेद कुहिने रोगका लागि प्रति लिटर पानीमा २ ग्राम विषादीको दरले घोल बनाएर छर्कनुपर्दछ ।
- आलुमा लाग्ने पछौटे डढुवा रोगका लागि २.५ ग्राम विषादी प्रति लिटर पानीको दरल घोल बनाएर छर्कनुपर्दछ ।
- तोरीमा लाग्ने सेतो सिन्दुरे र डढुवा रोगका लागि २.५ ग्राम विषादी प्रति लिटर पानीको दरल घोल बनाएर छर्कनुपर्दछ ।
- कालो मरिचको पूर्ण विकसित लहरामा लाग्ने फेद कुहिने रोगका लागि प्रति लहरा ०.५ ग्राम विषादी प्रति लिटर पानीको दरले बनाएको विषादीको घोल छर्कनुपर्दछ तथा प्रति लहरा १.२५ ग्राम विषादी प्रति लिटर पानीको दरले बनाएको विषादीको घोल माटोमा जरा भिज्ने गरि प्रयोग (ड्रेन्चिङ) गर्नुपर्दछ ।
- बाजरामा लाग्ने डाउनी मिल्ड्यू रोगका लागि ४ ग्राम विषादी प्रति लिटर पानीको दरले बनाएको विषादीको घोल छर्कनुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ:**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पन्जा, रबर बूट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्दा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । शरीरमा विषादी पोखिएमा प्रशस्त पानीले राम्ररी धुनुहोस् । यो विषादी मौरी तथा जलीय जनावरका लागि विषाक्त हुने हुँदा मौरीको चरनको समयमा, माछापालन क्षेत्र नजिक तथा पानीको स्रोत नजिक विषादी छर्कनुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

अत्यधिक सुस्तता हुनु, श्वास फेर्न गाह्रो हुनु, आँखाबाहिर निस्किएको जस्तो हुनु, असामान्य शारीरिक मुद्रा र मांसपेशी कडा हुनु जस्ता लक्षणहरू देखिन सक्छन् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना:**

**इन्सेक्टिसाइड (भारत) लिमिटेड,** ४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स, आजादपुर, दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,** धनुषा, जनकपुर, नेपाल ९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR-44,754/2003-MANCOZEB + METALAXYL (WP) (235)-266

**नेपालमा पञ्जीकरण गरिएको नं.:** 0214-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

यदि विषादी निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन । छाला वा शरीरको भागमा विषादीको सम्पर्क भएमा तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेमा सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा प्रभावित व्यक्तिलाई ताजा हावा चल्ने खुला ठाउँमा लैजानुहोस् ।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ ्। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नु पर्दछ ।

**भण्डारणको अवस्थाः** विषादी भएका प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने हुनुपर्छ ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रोफेनोफोस ४०% + फेनपाइरोक्सिमेट २.५% ई.सी.

Profenofos 40% + Fenpyroximate 2.5% EC

# एटना (ETNA)

दैहिक तथा सम्पर्क कीटनाशक र सुलसुलेनाशक

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा (लि.) |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| खुर्सानी | थ्रिप्स (Thrips), सुलसुले (Mites), गभारो (Borer) | १००० | ५०० | ७ | २ |
| भन्टा | सेतो झिँगा (Whitefly), सुलसुले (Mites), फल र डाँठको गभारो (Fruit & Shoot Borer), | १००० | ५०० | ७ | २ |

**प्रयोग गर्ने विधिः**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीको आधा भागसम्म पानी लिई सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । उपयुक्त स्प्रेयर प्रयोग गरी बालीमा पूर्ण रूपमा ढाकिने गरी तयार गरेको विषादी छर्कनुहोस् । यसका लागि न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर ( फ्ल्याट फ्यान वा फ्लड जेट नोजल सहित) प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछः**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । श्वास फेर्नबाट तथा आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुनबाट जोगिनुहोस् । प्रयोग गर्दा खानु, पिउनु, चपाउनु वा धूम्रपान नगर्नुहोस् । प्रयोगपछि खाली कन्टेनर नष्ट गर्नुहोस् । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस् । चिसो र सुख्खा ठाउँमा ताप वा खुला आगोबाट टाढा राख्नुहोस् । यो विषादी मौरी, चराचुरुङ्गी, जलचर वनस्पति, माछा र ढाड नभएका जलचर जीवहरू (Invertebrates) का लागि अत्यधिक विषाक्त भएको हुनाले यस्को प्रयोग मत्स्यपालन (aquaculture) गरिने क्षेत्र र यसको वरपर गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामाः**

हल्का देखि मध्यम लक्षणहरू : टाउको दुख्ने, कमजोरी महसुस हुने, पसिना आउने, असहजता हुने, घबराहट, र निल्न गाह्रो हुने । गम्भीर विषाक्तताका लक्षणहरूः अत्यधिक पसिना आउने, आँखा दुख्ने, आँखाको नानी सानो हुनु (miosis), मांसपेशी काम्ने (twitching), लर्बरिएको बोली, अत्यधिक र्‍याल आउने, पेट दुख्ने (ऐंठन हुने), चिलाउने (irritation), श्वास फेर्न गाह्रो हुने, रौं ठाडो हुने (piloerection), अत्यधिक थकाइ वा शिथिलता (prostration), सुस्तता, अचेत जस्तो हुनु (lethargy), पखाला लाग्ने र पक्षघात (paralysis), मुटु सम्बन्धी समस्या र बेहोस हुने जस्ता लक्षण देखा पर्दछ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचारः**

विषादी निलिएको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् र वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । बिरामी बेहोस छ भने वान्ता गराउनुहुँदैन । छाला वा शरीरको भागमा विषादीको सम्पर्क भएमा तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेमा सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा प्रभावित व्यक्तिलाई ताजा हावा चल्ने खुला ठाउँमा लैजानुहोस् ।

**एण्टिडटः**

चिकित्सकको निगरानीमा एट्रोपिन (Atropine) का साथै अक्सिम प्रिपरेसन (oxime preparation), जस्तै टक्सोगोनिन (toxogonin) प्रयोग गर्नुहोस् । एट्रोपिन सल्फेट २ देखि ४ मिलिग्राम (बालबालिकाहरूको हकमा उमेर अनुसार ०.५ देखि २.० मिलिग्राम) नसाबाट (i.v.) वा मांसपेशीबाट (i.m.) एट्रोपिनको असर देखा नपरुन्जेल (sign of atropanisation) प्रत्येक ५ देखि १० मिनेटमा इन्जेक्सनमार्फत दिनुहोस् । ढिलो अवशोषण (delayed resorption) का कारण हुन सक्ने पछिल्लो विषाक्ततालाई रोक्नका लागि बिरामीलाई पर्याप्त समयसम्म (२४ देखि ४८ घण्टा) एट्रोपिनको प्रभावमा (atropanised) राखिरहनु पर्छ ।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**

प्रयोगपछि बाँकी रहेका सामग्री, अतिरिक्त पदार्थहरू तथा विषादी धोएको पानीलाई वातावरण वा पानी प्रदूषण नहुने गरि सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ । पुनः प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला रूपमा नछोड्नुहोस् । प्रयोग गरिएका प्याकेटहरू तोडेर बस्तीभन्दा टाढा सुरक्षित तवरले व्यास्थापन गर्नुहोस् । यो सबै कार्य चिकित्सकको निगरानीमा गर्नुपर्छ ।

**भण्डारणको अवस्थाः**

विषादी भएका प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । अनाधिकृत व्यक्ति, बालबालिका र जनावरहरूबाट टाढा राख्नुहोस् । सूर्यको सिधा प्रकाश पर्ने ठाउँमा भण्डारण नगर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

सुमितोमो केमिकल इन्डिया लिमिटेड भवन नम्बर १, ग्राउन्ड फ्लोर, शान्त मनोर को-अप हाउसिंग सोसाइटी लिमिटेड, चक्रवर्ती अशोक 'एक्स' रोड, कांदिवली (पूर्व), मुम्बई, महाराष्ट्र, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड, धनुषा, जनकपुर, नेपाल ९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR-2107/2017(378)-PROFENOFOS + FENPYROXIMATE (EC)-01

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0215-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एसिटामिप्रिड २०% एस.पी

# ACETAMIPRID 20% SP

**इक्का (EKKA)**

दैहिक कीटनाशक विषादी

**सिफारिस,**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि ( दिन) | विषादीको आवश्यक मात्रा-ग्राम प्रति लि.) |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | पात फड्के कीरा (Jassid) | ५० | ५००-६०० | १५ | ०.०८ - ०.१ |
| | लाही (Aphids) | ५० | ५००-६०० | १५ | ०.०८ - ०.१ |
| | सेतो झिंगा (Whiteflies) | १०० | ५००-६०० | १५ | ०.१६ - ०.२ |
| खुर्सानी | थ्रिप्स (Thrips) | ५०-१०० | ५००-६०० | ३ | ०.०८ - ०.२ |
| धान | खैरो फड्के (Brown plant hoppers) | ५०-१०० | ५००-६०० | ७ | ०.०८ - ०.२ |
| बन्दा | लाही (Aphids) | ७५ | ५००-६०० | ७ | ०.१२५- ०.१५ |
| भिण्डी | लाही (Aphids) | ७५ | ५००-६०० | ३ | ०.१२५- ०.१५ |

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। त्यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। छर्काइ कार्यका लागि न्यापस्याक स्प्रेयर र खुट्टाले चलाउने स्प्रेयर,कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर तथा एएसपीईई एच.टी.पी. पावर स्प्रेयर प्रयोगबाट विषादीको समान तथा प्रभावकारी छर्काइ गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीको प्याकेट खोल्दा वा घोल तयार गर्दा सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। हावाको दिशातर्फ स्प्रे गर्नुहोस्। मुख, आँखा, छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने केहि चपाउने, खाने, अथवा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गरिसकेपछि दुषित कपडाहरु र शरीरका भागहरु राम्ररी साबुन पानीले धुनुहोस्। माछा र मौरीको लागि घातक हुने हुँदा मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा वगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुँदैन। साथै, घरपालुवा पशुवस्तु, जगंली जनावर तथा पन्छीहरुले चरन गर्ने वा पानी खाने क्षेत्रमा यसको प्रयोग गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने, चक्कर लाग्ने तथा पेट सम्बन्धी समस्याहरू देखा पर्न सक्छन्।

**प्राथमिक उपचार :**

यो विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाटीको पछिल्लो भागमा औंलाले चलाएर वान्ता गराउनुहोस्। बिरामी बेहोस छ भने वान्ता नगराउनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेट सम्म पानीले निरन्तर धुनुहोस्। यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाँउमा लैजानुहोस् र तुरुन्त चिकित्सक काँहा पुऱ्याउनुहोस्।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतासँग सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पनि पुनः प्रयोग (पानी, खाना, तेल जस्ता तरल पदार्थ राख्न) नगर्नुहोस्। खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरी खाडलमा गाडेर सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था :**

विषादीलाई खाद्य पदार्थ ,पशुआहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँच भन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नु पर्दछ। विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्ररी ओहोरदोहोर गर्ने फलतः वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नम्बरमा फोन गर्नुहोस वा info@npponepal.gov.np मा इमेल गर्नुहोस।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि

न्यु दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं:**

मनिता एग्रो इन्टरप्राईजेज,

कलैया - ६,बारा, ९८५५०२६१४४

इमेल: manitaagro@gmail.com

**उत्पादित देशको रजिस्ट्रेसन नं.**

CIR-38061/2002-Acetamiprid (SP)-14

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0216-INS-SP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सुचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

सल्फर ८०% डब्लु.डी.जी

Sulphur 80% WDG

**क्रि- सल्फ जी (KRI-SULF G)**

सम्पर्क ढुसीनाशक

सिफारिस,

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति (लिटर) पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (के. जी.) | विषादी घोल्न चाहिने पानी (लिटर) | | |
| अंगुर | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| बोडी | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| भुप्पा सिमी | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| केराउ | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| जीरा | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| स्याउ | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| आँप | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर तथा फ्लयाट फ्यान वा फ्लड जेट नोजल जडित कम्प्रेसन न्यापस्याक स्प्रेयरको प्रयोग गरी छर्न सकिन्छ । विषादीलाई विरुवाका सम्पूर्ण भाग राम्ररी भिज्ने गरी छर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादीको प्याकेट खोल्दा वा घोल तयार गर्दा सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखा, छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धूम्रपान गर्ने केही चपाउने, खाने, अथवा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट शरीरभित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गरिसकेपछि दुषित कपडाहरु र शरीरका भागहरु राम्ररी साबुनपानीले धुनुहोस्। यो विषादी जलचर प्राणीका लागि विषाक्त हुने हुँदा माछा पोखरीमा पर्ने वा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन । साथै, घरपालुवा पशुवस्तु, जगंली जनावर तथा पन्छीहरुले चरन गर्ने वा पानी खाने क्षेत्रमा यसको प्रयोग गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा श्वासनली (ब्रोकाइ), आँखा र फोक्सोमा जलन वा चिलाउने जस्ता समस्या देखा पर्न सक्छन ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

विषादी निलिएको अवस्थामा घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउने प्रयास गर्नुहोस्। बान्ता नहुनजेलसम्म यो प्रक्रिया दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा भए बान्ता गराउनु हुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा प्रभावित भागलाई प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । आँखामा विषादी परेको अवस्थामा कस्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई राम्ररी पखाल्नुहोस् । श्वासप्रश्वास मार्फत विषादी शरीरभित्र प्रवेश गरेको अवस्थामा प्रभावित व्यक्तिलाई तुरुन्त खुला तथा स्वच्छ हावा आउने स्थानमा राख्नुहोस् । कुनै गम्भीर लक्षण देखिएमा वा स्वास्थमा असहजता महसुस भएमा तत्काल चिकित्सकको परामर्श तथा उपचार लिनुहोस् ।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रुपमा व्यवस्थापन तथा विर्सजन गर्नुपर्छ । प्रयोग भइसकेको विषादीका खाली प्याकेटहरु पुनः प्रयोग हुन नदिने गरी खुला स्थानमा फाल्नु वा छोडनुहुँदैन । त्यस्ता प्याकेटहरुलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई वस्ती तथा पानीको मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादीलाई खाद्य पदार्थ ,पशुआहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँच भन्दा टाढा, छुट्टै कोठामा ताला चाबी लगाएर राख्नु पर्दछ । विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्ररी ओहोरदोहोर गर्ने फलतः वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ । आगो वा विधुतीय फिल्काबाट जोगिने गरी भण्डारण गर्नुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

**यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा** info@npponepal.gov.np **मा इमेल गर्नुहोस्।**

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना**

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि

न्यु दिल्ली, भारत ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं**

मनिता एग्रो इन्टरप्राईजेज,

कलैया - ६,बारा, ९८५५०२६१४४

इमेलः manitaagro@gmail.com

**उत्पादित देशको रजिस्ट्रेशन नं.**

CIR-53,586/2006-Sulphur (WDG)(263)-1525

**नेपालमा पञ्जीकरण गरिएको नः**

**0217-FUN-WDG-2026**

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेटसल्फ्यूरोन मिथाइल २०% डब्लु. पी.

Metsulfuron Methyl 20% WP

**नोमोर सुपर (Nomor Super)**

अंकुरणपश्चात् (Post-Emergence) छर्कने, चौडापाते झारनाशक

सिफारिसः

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| उखु | मोथे *(Cyperus esculentus)*, सेतो लट्टे घाँस *(Amaranthus viridis)*, नुनढिकी *(Portulaca oleracea)*, गाजर घाँस *(Parthenium hysterophorus)*, पुनर्नवा सानो/चिन्तिका/खपरा झारका प्रजाती *(Trianthema* sp.*)*, बनतोरी *(Cleome viscosa)*, कण्टकारी *(Solanum* sp.*)*, कानेझार *(Commelina bengalensis)*, दुधे झारका प्रजाती *(Euphorbia* sp.*)*, लुँडे घाँसका प्रजाती *(Digeria* sp.*)* | ३० | ५००-६०० | ३४६ | ०.०६-०.०५ |
| गहुँ | बेथे *(Chenopodium album)*, मेथी घाँस *(Melilotus indica)*, जंगली केराउ *(Lathyrus aphaca)*, अर्मले/कृष्णनील *(Anagallis arvensis)*, कुटीलकोसा *(Vicia sativa)*, काँडे झार *(Cirsium arvensis)* | २० | ५००-६०० | ८० | ०.०४-०.०३ |
| रोपेको धान | मोथे *(Cyperus rotundus)*, पानीझारका प्रजाती *(Ludwigia* sp.*)*, पानी मरिचका प्रजाती *(Sphaenoclea* sp.*)*, कानेझार *(Commelina bengalensis)*, थुकझार *(Caesulia axillaris)*, ज्वाने झार *(Fimbristylis* sp.*)* | २० | ५००-६०० | ६० | ०.०४-०.०३ |

नोटः झारहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

### प्रयोग गर्ने विधिः

आवश्यक मात्रामा विषादी छुट्टै भाँडामा लिनुहोस् र त्यसमा थोरै पानी थपेर राम्ररी चलाई एकनासको घोल तयार गर्नुहोस् । त्यसपछि स्प्रे ट्याङ्कीमा आधा पानी भरेर तयार घोल मिसाउनुहोस् र बाँकी आवश्यक पानी थपेर पुनः राम्ररी चलाउनुहोस् । तयार भएको घोललाई झारपातका पातहरूमा समान रूपमा पर्ने गरी छर्कनुहोस् । सतह सक्रिय तत्व (surfactant) प्रयोग सम्बन्धी सिफारिसः उखु तथा गहुँ बालीमा प्रयोग गर्दा विषादी घोलको प्रति लिटरमा २ मिलिलिटरका दरले सतह सक्रिय तत्व (non-ionic surfactant) थप्नुहोस् । रोपाइँ गरिएको धानमा प्रयोग गर्दा सतह सक्रिय तत्व (surfactant) थप्नु हुँदैन । अन्तरबाली वा मिश्रित बाली प्रणालीमा यो झारनाशक प्रयोग नगर्नुहोस् । रोपेको धानको हकमा (surfactant) प्रयोग गर्नुहुँदैन । यो विषादीको घोल खेती गरिएका चौडापाते बालीमा परेमा नष्ट हुने भएकाले विशेष ध्यान दिनुपर्छ । प्रयोग गर्ने समय, **गहुँ:** बीउ रोपेको २५-३५ दिनपछि (एक पटक प्रयोग), **धानः** रोपाइँ गरेको ५-१० दिनपछि (एक पटक प्रयोग), **उखुः** रोपेको १०-१५ दिनपछि (एक पटक प्रयोग) ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछः

खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशु आहारबाट टाढा राख्नुहोस् । मुख, आँखा तथा छालासँग सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा निस्कने वाष्प श्वासमार्फतभित्र जान नदिनुहोस् । हावाको दिशातर्फ छर्कनुहोस् । विषादी छर्के पछि दूषित कपडा तथा शरीरका प्रभावित भागहरू राम्ररी धुनुहोस् । विषादी छर्कदा धूम्रपान, खानपान वा चपाउने कुनै पनि वस्तु प्रयोग नगर्नुहोस् । घोल तयार गर्दा तथा छर्कदा पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस् । गर्भवती महिला तथा स्तनपान गराइरहेका महिलालाई यस विषादीको सम्पर्कबाट टाढा राख्नुपर्छ । विषादी छर्कदा विषादीको छिटा लक्षित क्षेत्र बाहिरका चौडापाते बोटबिरुवा वा जलस्रोतमा नपुग्ने गरी विशेष सावधानी अपनाउनुहोस् । यो विषादी माछाका लागि घातक हुने भएकाले माछा पोखरी तथा जलचर रहेको क्षेत्रमा सिधै वा बगेर जाने गरि प्रयोग नगर्नुहोस् । साथै यो विषादी पशुचौपाया, अन्य चराचुरुङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामाः

आँखा चिलाउने/ जलन हुने, आँसु आउने, दृष्टि धमिलो हुने तथा छालामा दागसहित जलन जस्ता लक्षणहरु देखिन सक्छन् ।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः

विषादी निलिएको अवस्थामा घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउने प्रयास गर्नुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस्। बिरामी बेहोस भएमा बान्ता गराउने प्रयास नगर्नुहोस् । कपडा तथा छाला दूषित भएमा कपडा हटाई साबुन र प्रशस्त पानीले प्रभावित भाग धुनुहोस् । आँखामा परेमा १०-१५ मिनेटसम्म सफा पानीले राम्ररी धुनुहोस् । श्वासमार्फत विषादी शरीर भित्र गएको अवस्थामा बिरामीलाई ताजा हावामा लैजानुहोस् ।

### एण्टिडट

यो विषादी विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

### प्रयोग गरिएको भाँडाको विसर्जनः

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन सक्ने गरी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्छ ।

### भण्डारणको अवस्था :

खाद्य वस्तुहरु, पशु आहार, पेय पदार्थ, औषधी वा मलखाद तथा अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीका प्याकेट र कन्टेनरहरु सुरक्षित स्थानमा भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** क्रप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., मोहाली, पञ्जाब, भारत ।

**पञ्जीकरण कर्ताको नाम ठेगानाः** नेपाल सीड सेन्टर, कलैया ४, बारा सम्पर्क नं ९७०६३६१४८८

Email:nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-102377/2012-Metsulfuron methyl (WP) (330)-1

**नेपालमा पञ्जीकरण गरिएको नं.** 0218-HER-WP-2026

**चित्रात्मक संकेत :**



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायामेथोक्साम १.०% + क्लोरान्ट्रानिलिप्रोल ०.५% जी.आर.

Thiamethoxam 1.0% + Chlorantraniliprole 0.5% GR

# चकदे! (CHAKDE!)

सम्पर्क तथा दैहिक कीटनाशक

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा<br>विषादीको आवश्यक मात्रा (के.जी) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) |
|---|---|---|---|
| मकै | लाही (Aphids), डाठँका गभारो (Stem borer) | ६ | ९५ |
| धान | डाठँको गभारो (Stem borer), पात बेरुवा (Leaf Folder), पातको हरियो फड्के (Green Hopper), पातको खैरो फड्के (Brown Planthopper) | ६ | ६० |
| उखु | प्रारम्भिक मुना/डाँठको गभारो ( Early shoot borer) | १० | २७० |

**नोट:** कीराहरुको नेपाली नाम स्थानविशेषअनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोस्।
**द्रस्तब्य** : यो दानेदार विषादी भएकोले वालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउन पर्दैन।

**प्रयोग गर्ने विधि :**
यो विषादी धानमा प्रति हेक्टर ६ के.जी का दरले रोपेको १५ देखि ३५ दिन भित्र सबैतिर समानरुपमा पर्ने गरी छर्नुहास्। उखुमा प्रति हेक्टर १० के.जी का दरले बिरुवा रोप्दा ड्याङमा वा बिरुवामा डाँठ निस्कने अवस्थामा बिरुवाको फेदमा विषादी प्रयोग गर्दा यसले सुरुमा देखिने प्रारम्भिक मुना/डाँठको गभारो (early shoot borer) का अण्डा वा प्रारम्भिक लार्भाको अवस्था देखिनेबितिकै तुरुन्त प्रयोग गर्दा कीराको राम्रो नियन्त्रण हुन्छ। विषादीको प्रयोग पश्चात हल्का सिँचाई गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ :**
यो मौरी र अन्य परागसेचन गर्ने कीराहरुको लागि अत्यधिक विषाक्त छ; त्यसैले सक्रिय चरन अवधिमा यो विषादीलाई प्रयोग गर्नुहुँदैन। फूल फुल्नुभन्दा ५ दिनअघिदेखि र फूल फुल्ने अवधि समाप्त नभएसम्म फूल फुल्ने बालीहरूमा प्रयोग नगर्नुहोस्। यो जलचर मेरुदण्ड नभएका जीवहरूका लागि विषाक्त छ। त्यसैले, यसलाई माछा, झिंगे माछा र धान खेतमा हुर्काइएका अन्य क्रस्टेसियन (Crustacea) नजिक प्रयोग गर्नुहुँदैन। यो कीटनाशक प्रयोग गरिएको खेतमा २४ घन्टासम्म सुरक्षात्मक कपडा ( पूर्ण शरीर छोप्ने गरि कपडा र जुत्ता) नलगाई प्रवेश नगर्नुहोस्। विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बूट, चश्मा ग्यास मास्क तथा पूर शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। मुख, आँखामा एवम् छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादीछरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगँ धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन।

**विशेष ध्यान दिनु पर्ने विषय :**
कीराहरुमा यस विषादी प्रति प्रतिरोधात्मक क्षमत विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूह अन्तर्गत पर्ने Chlorantraniliprole, Flubendiamide, Tetraniliprole जस्ता विषादीहरु एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन। एक बाली अवधिमा कुल बाली अवधिमा ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
यस विषादीको कारणले मांसपेशीमा समन्वयको अभाव, कम्पन (कम्पन हुने) र आँखाको नानी (पुतली) फैलिनेजस्ता लक्षणहरु देखिन्छन् ।
**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
यदि कुनै असहजता वा बिरामीपन देखा परेमा तुरुन्त काम बन्द गरी चिकित्सकलाई बोलाउनुहोस्। प्रभावित अङ्गलाई राम्रोसँग हावा चल्ने स्थान वा ताजा हावामा लैजानुहोस्। छालासँग सम्पर्क भएमा दूषित लुगा हटाई विषादी परेकोहरूलाई साबुन र पानीले राम्ररी धुनुहोस्। आँखामा परेमा आँखालाई सफा पानीले बिस्तारै केही मिनेटसम्म पखाल्नुहोस्। निलेमा तुरुन्तै चिकित्सक कहाँ लैजानुहोस्। नोट:बान्ता गराउन प्रयास नगर्नुहोस् र बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि कुरा नदिनुहोस्।

**एन्टिडट :**
कुनै विशेष एन्टिडट उपलब्ध छैन। लक्षणअनुसार उपचार गर्नुहोस्।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन :**
विषादी राखिएको कन्टेनर वा प्याकेजलाई कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्। बाँकी रहेको सामग्री, प्रयोग गरिएका कन्टेनर तथा उपकरण छोएको पानीलाई वातावरण वा पानीका स्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन गर्नुहोस्। प्रयोग भइसकेका प्याकेज वा भाँडालाई फुटाएर वा प्वाल पारेर मानव बस्तीभन्दा टाढा उचित तरिकाले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था:**
विषादी भएको कन्टेनरलाई खाद्यान्न, पशुखाद्य तथा अन्य उपभोग्य सामग्री राख्ने स्थानबाट अलग्गै सुरक्षित कोठा वा स्थानमा राख्नुहोस्। विषादीको मात्रा र प्रकृतिअनुसार ताल्चा लगाइएको छुट्टै दराज वा भण्डारण स्थानमा सुरक्षित राख्नुहोस्। भण्डारण कक्ष राम्रोसँग निर्माण गरिएको, ओस नआउने र राम्रो हावा ओहोरदोहोर हुने हुनुपर्दछ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, मध्यम घातक, निलो (कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाइ ०१-५०१०१११ मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादकको नाम र ठेगाना:**
जेनेरल क्रप साइन्स, पानीपत-१३२१०३, हरियाणा, भारत।

**बजार व्यवस्थापक :**
रोयल क्रप साइन्स इंडिया लिमिटेड, मुम्बई - ४०००२२, भारत।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क नं.:**
राज एग्रो, कलैया-०१, बारा, नेपाल।
९८५५०२९८००
इमेल: rajagrok800@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-340096/2024-THIAMETHOXAM + CHLORANTRANILIPROLE (GR) (455) 535
नेपालमा पञ्जीकरण गरिएको नं.
0219-INS-GR-2026

चित्रण्मक संकेत :



विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

हेक्साकोनाजोल ५% एस.सी.

Hexaconazole 5% SC

# काउन्टर प्लस (Counter Plus)

दैहिक ढुसीनाशक

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | मि.लि. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (मि.लि.) | विषादी घोल्न चाहिने जम्मा पानी (लि.) | | |
| अंगूर | सेतो धूलो ढुसी (Powdery Mildew) | ५००-१००० | ५०० | १४ | १-२ |
| धान | पातको फेद डढुवा रोग (Sheath blight) | २०० | १०० | ४० | २ |
| आँप | सेतो धूलो ढुसी (Powdery Mildew) | २०० | १०० | २७ | २ |

नोटः रोगहरुको नेपाली नाम स्थानविशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोस्।

**प्रयोग गर्ने विधि :**

आवश्यक मात्रामा हेक्साकोनाजोल ५% एस.सी. लाई थोरै पानीमा मिसाई राम्ररी चलाएर घोल तयार गर्नुहोस्। त्यसपछि सिफारिस मात्रासम्म पानी थपेर पुनः राम्रोसँग मिसाउनुहोस् । यो विषादीलाई बकेट पम्प स्प्रेयर, स्टिरप पम्प स्प्रेयर, रकिङ स्प्रेयर, फुट स्प्रेयर, ह्विलब्यारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर तथा ASPEE HTP पावर स्प्रेयर प्रयोग गरी बालीमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखा तथा छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छर्दा वा प्रयोग गर्दा धूम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने काम नगर्नुहोस् । विषादी छरेपछि दूषित कपडा तथा शरीरका सम्पर्कमा आएका भागहरू राम्ररी साबुनपानीले धुनुहोस्।

**चेतावनी:** यो विषादी जलचर प्राणी, पन्छी तथा मौरीका लागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग निषेध छ। साथै चराचुरुङ्गी र पशु चौपायालाई हानी पुग्ने अवस्थामा यसको प्रयोग निषेध छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

आत्तिने, चिन्ता, कम्पन, एंठन (Convulsion) तथा एलर्जीसम्वन्धी लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलेको अवस्थामा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नहुनजेलसम्म दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा भए बान्ता गराउन हुँदैन । लुगा वा छाला दूषित भएमा, दूषित लुगा हटाई प्रशस्त साबुन र पानीले छाला राम्रोसँग धुनुहोस् । आँखा दूषित भएमा, १० देखि १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा धुनुहोस् । श्वासप्रश्वासमार्फत विषादी गएको भए, बिरामीलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् ।

**एन्टिडटः**

यस विषादीको कुनै विशेष एण्टिड छैन । लक्षणका आधारमा उपचार गर्ने ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको कन्टेनर वा प्याकेजलाई कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । बाँकी रहेको सामग्री, प्रयोग गरिएका कन्टेनर तथा उपकरण छोएको पानीलाई वातावरण वा पानीका स्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन गर्नुहोस् । प्रयोग भइसकेका प्याकेज वा भाँडालाई फुटाएर वा प्वाल पारेर मानव बस्तीभन्दा टाढा उचित तरिकाले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरहरूमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, पर्याप्त उज्यालो भएको, सुख्खा र हावा चल्ने हुनुपर्छ। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादकको नाम र ठेगानाः**

जेनेरल क्रप साइन्स, पानीपत-१३२१०३, हरियाणा, भारत ।

**बजार व्यवस्थापक :**

रोयल क्रप साइन्स इंडिया लिमिटेड, मुम्बई - ४०००२२, भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क नं.:**

राज एग्रो, कलैया-०१, बारा, नेपाल ।

९८५५०२९८००

इमेल: rajagrok800@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-101780/2012-Hexaconazole (SC) (326)-1

नेपालमा पञ्जीकरण गरिएको नं.

0220-FUN-SC-2026

चित्रात्मक संकेत :





विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

सल्फर ८०% डब्ल्यू.डी.जी.

Sulphur 80% WDG

# सल्फेक्स गोल्ड (SULFEX GOLD)

सम्पर्क ढुसीनाशक

**विशेष सावधानी : यो ढुसीनाशक प्रतिरोध वर्ग - M02 मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य ढुसीनाशक उक्त बालीमा प्रयोग**

**सिफारिसः**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | सेतो धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| बोडी | सेतो धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| झुप्पा सिमी | सेतो धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| केराउ | सेतो धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| जीरा | सेतो धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| स्याउ | दादे रोग (Scab) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |
| आँप | सेतो धुले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | - | २.५ |

**प्रयोग गर्ने विधिः**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा राखी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । विषादी छर्कनका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर (फ्ल्याट फ्यान/फ्लड जेट नोजल सहित) प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । मौरी, माछा, पानीको स्रोत नजिक विषादी छर्कनु हुँदैन । फूल फुलेको समयमा विषादी छर्कने कार्य कहिल्यै नगर्नुहोस् । यस विषादीको प्रयोग गन्धक प्रति संवेदनशील (Sulphur shy) तरकारीहरू जस्तै काक्रो लगायत कुकुरबिट्स (Cucurbits) परीवारका लहरेबाली तथा केही जातका फलफूल बालीहरूमा सिफारिस गरिएको छैन । उच्च तापक्रम रहेको अवस्थामा गन्धक प्रयोग गर्दा बालीमा विषाक्तताको असर (Phytotoxicity) देखिन सक्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

प्रारम्भिक लक्षणहरूमा वाकवाकी लाग्नु वा वान्ता हुनु, आँखा चिलाउनु/पोल्नु (जलन हुनु) र श्वासप्रश्वास मार्फत विषादी शरीरभित्र गएमा श्वासप्रश्वास नली (ब्रोङ्कियल ट्युब) मा जलन हुने जस्ता लक्षणहरू देखा पर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

यदि विषादी निलेमा तुरुन्त औंलाको सहायताले घाँटीको पछाडिको भागमा चलाएर वान्ता गराउनुहोस् र वान्ता सफा नभएसम्म यो प्रक्रिया दोहोर्याउनुहोस् । बिरामी बेहोस भएमा वान्ता गराउने काम नगर्नुहोस् । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । इदि आँखामा विषादीको सम्पर्क भएमा आँखालाई कम्तिमा १०-१५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् ।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदुषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग गर्न मिल्ने गरी खुला स्थानमा फाल्नु हुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा गहिरो खाडल खनी सुरक्षित रूपमा बिसर्जन गर्नुपर्छ ।

**भण्डारणको अवस्थाः**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र राम्ररी हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ । यो विषादी विस्फोटक हुने भएकोले यसलाई आगो वा कुनै प्रकारको विद्युतीय झिल्का नपर्ने स्थानमा भण्डारण गर्नुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

**सुमितोमो केमिकल इन्डिया लिमिटेड,**
भवन नम्बर १, ग्राउन्ड फ्लोर, शान्त मनोर को-अप हाउसिंग सोसाइटी लिमिटेड, चक्रवर्ती अशोक 'एक्स' रोड, कांदिवली (पूर्व), मुम्बइ, महाराष्ट्र (भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्कः-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-37,722/2002-SULPHUR (WDG)-893

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0221-FUN-WDG-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

सल्फर ८०% डब्ल्यू.पी.

Sulphur 80% WP

# सल्फेक्स (SULFEX)

सम्पर्क ढुसीनाशक तथा सुलसुलेनाशक

**विशेष सावधानी : यो ढुसीनाशक प्रतिरोध वर्ग - M02 मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य ढुसीनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।**

**सिफारिसः**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| स्याउ | सेतो धुले ढुसी(Powdery Mildew) | २.५-५.० | ७५०-१००० | - | ३.३-५.० |
| अंगुर | सेतो धुले ढुसी(Powdery Mildew) | २.५-५.० | ७५०-१००० | - | ३.३-५.० |
| बदाम | पातको दाग(Tikka Leafspot) | २.५-५.० | ७५०-१००० | - | ३.३-५.० |
| बोडी, मुँग/मास (कालो दाल) | सेतो धुले ढुसी (Powdery Mildew) | ३.१३ | ७५०-१००० | - | ४.१८-३.१३ |
| केराउ | सिन्दुरे (Rust), सेतो धुले ढुसी (Powdery Mildew) | ३.१३ | ७५०-१००० | - | ३.१३-४.१७ |
| जुनेलो | दानामा लाग्ने कालोपोके (Grain Smut) | ३-४ ग्राम/किलो बीउ | १ लिटर/१० किलो बीउ | - | ३-४ ग्राम/किलो बीउ |
| खुर्सानी र भिंडी | सेतो धुले ढुसी (Powdery Mildew) | ३.१३ | ७५०-१००० | - | ३.१३-४.१७ |
| आँप | सेतो धुले ढुसी (Powdery Mildew) | ३.१३ | ७५०-१००० | - | ३.१३-४.१७ |
| सुन्तला | सेतो धुले ढुसी (Powdery Mildew) | ३.१३ | ७५०-१००० | - | ३.१३-४.१७ |
| चिया | रातो सुलसुले (Red Spider mite), गुलाबी-बैंगनी सुलसुले (Pink-Purple Mite) | १ | २०० | - | ५ |

**प्रयोग गर्ने विधिः**

विषादीको आवश्यक मात्रालाई थोरै पानीमा मिसाएर बाक्लो र एकनासको लेदो (पेस्ट) बनाउनुहोस् । यसलाई ५-१० मिनेटसम्म भिज्न दिनुहोस् । त्यसपछि लगातार चलाउँदै बाँकी पानी बिस्तारै थपेर तोकिएको कुल मात्रा बनाउनुहोस् । तैयार भएको विषादीको घोल तुरुन्तै उपयुक्त स्प्रेयर प्रयोग गरी छर्कनुहोस् । यसका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर, ब्याट्रीबाट चल्ने पावर स्प्रेयर तथा ASPEE–HTP पावर स्प्रेयर प्रयोग गर्न सकिन्छ । बीउ उपचारका लागि तोकिएको मात्रामा विषादी लिएर थोरै सफा पानी हालेर बाक्लो र एकनासको लेदो बनाउनुहोस् । प्लास्टिकको ड्रम, बीउ उपचार गर्ने भाँडो वा सफा प्लास्टिकमा बीउ राखेर तयार पारिएको लेदोलाई त्यसमा हालेर बिस्तारै चलाउँदै प्रत्येक दानामा एकनासले लेप (Coating) गर्नुहोस् । उपचार गरिएको बीउलाई छायाँमा १०-१५ मिनेटसम्म हल्का ओभानो हुन दिनुहोस् । बीउ ओभानो भइसकेपछि खेत वा नर्सरीमा छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कंदा पन्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न नदिनुका साथै मुख, आँखा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नुहुँदैन । विषादी प्रयोगपछि सम्पर्कमा आएका कपडाहरु राम्ररी धुनुहोस् र नुहाउनुहोस् । सल्फरप्रति संवेदनशील बालीहरु, विशेष गरी कुकुर्बिट वर्गका लहरे तरकारीहरू (फर्सी, लौका, घिरौँला, आदि) तथा केही जातका स्याउ, नासपाती, र अन्य फलफूल बालीमा यसको प्रयोग सिफारिस गरिँदैन । साथै, तापक्रम ३०°C (८५°F) भन्दा माथि भएको अवस्थामा सल्फरको प्रयोग गर्दा बालीमा फाइटोटक्सिसिटी (वनस्पतिमा विषाक्त असर) देखिन सक्ने भएकाले त्यस्तो अवस्थामा प्रयोग नगर्नुहोस् । यो विषादी मौरी तथा जलीय जनावरका लागि विषाक्त हुने हुँदा मौरीको चरनको समयमा, माछापालन क्षेत्र नजिक तथा पानीको स्रोत नजिक विषादी छर्कनुहुँदैन । फूल फुलेको समयमा विषादी छर्कने कार्य कहिल्यै नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामाः**

वाकवाकी लाग्ने, वान्ता हुने, टाउको दुख्ने र श्वासनलि, आँखा र फोक्सोमा जलन हुने जस्ता लक्षण देखा पर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

यदि विषादी निलेमा तुरुन्त औलाको सहायताले घाँटीको पछाडिको भागमा चलाएर वान्ता गराउनुहोस् र वान्ता सफा नभएसम्म यो प्रक्रिया दोहोर्याउनुहोस् । बिरामी बेहोस भएको अवस्थामा वान्ता नगराउनुहोस् । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । इदि आँखामा विषादीको सम्पर्क भएमा आँखालाई कम्तिमा १०-१५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् ।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग गर्न मिल्ने गरी खुला स्थानमा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्थाः**

विषादी भएका प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । यो विषादी विस्फोटक हुने भएकोले यसलाई आगो वा कुनै प्रकारको विद्युतीय झिल्का नपर्ने स्थानमा भण्डारण गर्नुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः-**

**सुमितोमो केमिकल इन्डिया लिमिटेड,** भवन नम्बर १, ग्राउन्ड फ्लोर, शान्त मनोर को-अप हाउसिंग सोसाइटी लिमिटेड, चक्रवर्ती अशोक 'एक्स' रोड, कांदिवली (पूर्व), मुम्बइ, महाराष्ट्र(भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,** धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR-46,926/2003-SULPHUR (WP) (240)-1184

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0222-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**फिप्रोनिल ०.०५% जेल**

# Fipronil 0.05% Gel

# अन्तिम रेखा जेल (ANTIM REKHAA GEL)

**साङ्ला नियन्त्रणमा प्रयोग गरिने सम्पर्क तथा दैहिक घरायसी कीटनाशक**

**विशेष सावधानी: यो कीटनाशक प्रतिरोध वर्ग 2B मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य कीटनाशक साङ्लामा प्रयोग नगर्नुहोस् ।**

**सिफारिस :-** यो रासायनिक विषादी अमेरिकन साङ्ला (*Periplaneta americana*) र जर्मन साङ्ला (*Blattella germanica*) कीराहरुका नियन्त्रणको लागि सिफारिस गरिएको घरायसी कीटनाशक हो । यस विषादी प्रयोग गर्ने बन्दुक (Bait Gun) एक पटक थिच्दा ०.०३ ग्राम विषादी निस्कन्छ । अतः साङ्ला आवतजावत गर्ने क्षेत्रमा साङ्लाको नियन्त्रणको लागि प्रति वर्ग मिटर क्षेत्रको लागि ३ देखि ४ पटक सम्म बन्दुक थिचेर विषादीको थोप्लाहरु पर्ने गरी प्रयोग गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**
यो जेल प्रयोग गर्न सजिलो भएको हुँदा विषादी भएको बट्टा विशेष रुपमा डिजाईन गरिएको बन्दुक (बेट गन) मा जडान गरि प्रयोग गर्दा यसले एक पटकमा ०.०३ ग्राम फिप्रोनिल जेल निस्कने हुँदा साङ्ला कीराहरुको पहिचान गरि जर्मन साङ्ला जस्ता साना साङ्लाहरुको लागि ३-४ मि.मि. र अमेरिकन साङ्ला जस्ता ठूला साङ्ला कीराहरुका लागि ६ मि.मि.व्यासको थोपा आकार प्रयोग गर्नु पर्दछ । ठूला साङ्लाहरुलाई नियन्त्रण गर्न ठूलो आकारका थोपाहरु आवश्यक पर्ने भएकोले थोपाको आकारमा भिन्नता राख्न आवश्यक पर्दछ । साङ्लाहरुका संक्रमण तहको आधारमा कीटनाशक जेल साङ्लाहरुको बासस्थान जस्तै : चिराहरु, चर्किएको ठाँउ वा साघुँरा प्वालहरु तथा साङ्ला लुक्ने वा बस्ने ठाँउहरुमा प्रयोग गर्नुपर्ने थोप्लाहरको आकार निर्धारण हुने हुन्छ । यस विषादीको प्रयोग गर्दा भुइँको क्षेत्रफलका आधारमा नभई साङ्लाको वासस्थानको क्षेत्रफल अनुसार वरपर गर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**
यो विषादी खाद्य पदार्थ भन्दा टाढा राख्नुहोस् । यो विषादी प्रयोग गर्दा धुम्रपान गर्ने, खाने र पिउने नगर्नुहोस् । विषादी प्रयोग गर्दा सम्पर्कमा आएका शरिरका भागहरु र लुगालाई प्रयोग पश्चात सफा गर्नुहोस् । साथै खाद्य पदार्थ खानु वा पिउनु अगाडि सफा पानीले शरीर/कपडा धुनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
चिड्चिडापन हुने, थकान महसुस हुने, मांसपेशीमा कम्पन वा ऐंठन हुने र बढि भएमा बेहोस हुने जस्ता लक्षणहरु देखा पर्दछ । फिप्रोनिल एउटा यस्तो कीटनाशक हो जस्ले स्नायु प्रणालीको GABA (स्नायुलाई शान्त पार्ने तत्व) लाई केहि समयको लागि अवरोध गर्दछ । यस विषादी सँगको सम्पर्क समाप्त भएपछि शरिरमा देखिएका लक्षणहरु बिस्तारै हराउँदै जान्छ र विष लागेको व्यक्ति पहिलेको सामान्य अवस्थामा फर्कन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि निलेमा औंलाले घाँटीको पछाडी भागमा कुतकुती लगाएर बान्ता गराउनुहोस् । आँखामा विषादी परेमा पर्याप्त मात्रामा चिसो पानीले केही समयसम्म पखाल्नुहोस् । छालामा सम्पर्क भएमा पर्याप्त मात्रामा साबुनपानीले धुनुहोस् । यदि लक्षणहरु लामो समयसम्म देखा परेमा चिकित्सकको परामर्श लिनुहोस् ।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**विषादी र विषादीयुक्त वस्तुको विसर्जन :**

विषादीका खाली बट्टाहरुलाई तोडेर/बिगारेर पानीको मुहान र बस्तीभन्दा टाढा सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस् । जल वा वातावरण प्रदूषण हुन नदिनका लागि विषादीका खाली बट्टाहरुलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् । प्रयोग गरिसकेका विषादीका बट्टाहरु पुनः प्रयोग नियन्त्रणका लागि बाहिर नराख्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका बट्टा वा प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको संख्या र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने र वाष्पबाट प्रदुषित नहुने खालको हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(घरायसी कीटनाशक नियन्त्रणको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**उत्पादक:** श्री सिद्धदाता फार्मएड प्रा.ली., पिथमपुर औद्योगिक क्षेत्र, जिल्ला: धार-४५४७७५, (एम.पी.), भारत,

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल,
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको पञ्जीकरण नं.:** CIR-113475/2014-Fipronil (Gel) (347)-135

नेपालमा पञ्जीकरण गरिएको नं.:
0223-INS-GEL-2026

**चित्रात्मक संकेत :**



**विषादीको प्रयोग गर्नुपूर्व सूचक पत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कार्बोक्सिन ३७.५% + थिराम ३७.५% डब्लु. एस.

# Carboxin 37.5%+Thiram 37.5%WS

# बीटावैक्स (BITAVAX)

सम्पर्क तथा दैहिक ढुसीनाशक

**सिफारिस** — **बीउ उपचारको लागि मात्र**

| बाली | रोगको नाम | सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम / प्रति केजी. बीउमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम.) | विषादी घोल्न चाहिने पानी (लि.) | | |
| कपास | जरा कुहिने रोग (Root Rot), डढुवा रोग (Bacterial blight) | ३.५ | | ९० | ३.५ |
| रहर | बीउ कुहिने रोग (Seed rot), जरा कुहिने रोग (Root Rot), डाँठ कुहिने रोग (Stem rot), ओइलाउने रोग ( Fusarium wilt) | ४ | | ९० | ४ |
| आलु | कालो खोस्टे रोग (Black scurf) | २.५ | | ९० | २.५ |
| गहुँ | कालो पोके (Loose smut), अन्य बीउजन्य तथा प्रारम्भिक माटोजन्य रोग (Other seed borne and early soil borne diseases) | ३ | | ९० | ३ |
| बदाम | फेद कुहिने रोग (Collar rot), बीउ कुहिने रोग (Seed rot) जरा कुहिने रोग (Root Rot), र डाँठ कुहिने रोग (Stem rot) | ३ | | ९० | ३ |
| भटमास | फेद कुहिने रोग (Collar rot), डाँठ कुहिने रोग (Charcoal rot) र अन्य वेर्ना कुहिने रोग (other seedling diseases) | ३ | | ९० | ३ |

**नोट :** यो विषादी उल्लिखित बालीका बीउ उपचारको लागि मात्र प्रयोग गरिन्छ ।

**प्रयोग गर्ने विधि :**

बीउ उपचारका लागि प्रयोग गरिने रोटरी हाते बीउ उपचार ड्रम (Rotary Hand Operated Seed Dressing Drum) लाई विद्युतीय मोटरबाट घुम्ने गरी जडान गरेर सञ्चालन गर्नुहोस् । बीउ र विषादी समान रूपमा मिसिने गरी ३-५ मिनेटसम्म घुमाएर बीउ उपचार गर्नुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीको घोल तयार गर्दा त्यसको धुलो श्वासमार्फत शरीरभित्र प्रवेश गर्न नदिनुहोस् तथा छालासँग प्रत्यक्ष सम्पर्क हुनबाट बच्नुहोस् । विषादीलाई नाङ्गो हातले नछुनुहोस् । विषादी प्रयोग गर्ने व्यक्तिले अनिवार्य रूपमा रबरको पञ्जा, रबरको बुट, अनुहार ढाक्ने फेस मास्क, धुलो रोक्ने मास्क वा रेस्पिरेटर, एप्रोन, हुड वा टोपी तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षित पहिरन लगाउनु पर्दछ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

प्रारम्भिक लक्षणहरूमा वाकवाकी लाग्ने, बान्ता हुने जस्ता समस्या देखिन सक्छन् । यदि विषादीको मसिनो धुलो श्वासमार्फत शरीरभित्र प्रवेश गरेमा श्वासनली (ब्रोंकियल ट्युब) तथा फोक्सोका तन्तुहरूमा जलन हुन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषाक्तता भएको अवस्थामा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस् । यदि विषादी निलिएको छ भने, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउने प्रयास गर्नुहोस् । छालामा विषादी परेमा विषादी लागेको शरीरको भागलाई साबुनपानीले राम्ररी धुनुहोस् । आँखामा विषादी परेका अवस्थामा प्रशस्त सफा पानीले पखाल्नुहोस् ।

**एण्टिडट :**

हालसम्म यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

प्रयोग भइसकेका विषादीका भाँडा, बाँकी रहेका विषादी तथा भाँडा धोएको पानीलाई सुरक्षित तरिकाले व्यवस्थापन गरी वातावरण तथा जलस्रोत प्रदूषित हुन नदिनुहोस् । प्रयोग गरिएको विषादीको भाँडाको पुनः प्रयोग हुन नदिनका लागि उक्त भाँडालाई बाहिर खुला ठाउँमा नछोड्नुहोस् । प्रयोग गरिएका विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा आगो वा तापको स्रोतबाट टाढा हुने, ढलान गरिएको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने र वाष्पबाट प्रदूषित नहुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(बीउ उपचार प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** पारस पेष्टिसाइड्स इन्डस्ट्रिज एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला बुलन्दसहर यु.पी., भारत ।

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.:** शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके, नेपाल, सम्पर्क नं. : ९८४८०४३६८० shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-356642/2025-Carboxin + Thiram (WS) (466)-224

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0224-FUN-WS-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**थायामेथोक्साम १२.६% + ल्याम्ब्डा-साइहेलोथ्रिन ९.५% जेड.सी.**

**Thiamethoxam12.6% w/w + Lambda-cyhalothrin 9.5% ZC**

# एरीना (ARENA)

**सम्पर्क तथा दैहिक बहुप्रभावी कीटनाशक**

**विशेष सावधानी:** यो कीटनाशक प्रतिरोध वर्ग **4A** र **3A** मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य कीटनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

**सिफारिस :**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphids),जेसिड (Jassids), थ्रिप्स (Thrips), कपासको फल छेड्ने कीरा (Bollworm) | २०० | ५०० | २६ | ०.४ |
| चिया | थ्रिप्स (Thrips), वित्ते कीरा (Semilooper), चियाको लामखुट्टे कीरा (Tea mosquito bug) | १५० | ५०० | १ | ०.३ |
| गोलभेंडा | थ्रिप्स (Thrips), सेतो झिंगा (White flies), फलको गभारो (Fruit borer) | १२५ | ५०० | ५ | ०.२५ |
| मकै | लाही कीरा (Aphids), डाँठको झिंगा (Shoot fly), डाँठको गभारो (Stem borer) | १२५ | ५०० | ४२ | ०.३ |
| खुर्सानी | थ्रिप्स (Thrips), फलको गभारो (Fruit Borer) | १५० | ५०० | ३ | ०.३ |
| बदाम | पातको फड्के (Leaf hopper), पात खाने भुसिलकीरा (Leaf eating caterpillar) | १२५ | ५०० | २८ | ०.४ |
| भटमास | डाँठको झिंगा (Stem fly), वित्ते कीरा (Semi looper), डाँठ घेरा पारेर काट्ने खपटे कीरा (Girdle beetle) | १२५ | ५०० | ४८ | ०.३ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकीन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

यो एक संयुक्त कीटनाशक हो जसले पेट तथा सम्पर्कमार्फत छिटो प्रभाव पार्ने कार्य गर्दछ । सिफारिस अनुसार आवश्यक मात्रामा विषादी नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस् । त्यसपछि निर्धारित मात्रा अनुसार बाँकी पानी थपी राम्रोसँग चलाउँदै (घोल्दै) तयार भएको विषादीको घोल उपयुक्त स्प्रेयर, जस्तैः न्यापस्याक स्प्रेयर प्रयोग गरी बिरुवामा प्रारम्भिक संक्रमण देखिनासाथ पातको माथि र तल्लो दुवै सतह पूर्ण रूपमा भिज्ने गरी छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी घोल्न लट्ठी/डन्डी प्रयोग गर्नुहोस् । छाला, आँखा र कपडामा सम्पर्क हुन नदिनुहोस् । विषादीको घोल तयार गर्दा उत्पन्न हुने विषादी मिश्रित धुँवा (Fog) र वाष्प (Vapor) श्वासप्रश्वासमार्फत शरीरभित्र जान नदिनुहोस् । छालासँग सम्पर्क हुन नदिन र आँखामा छ्यापिनबाट जोगिन हातमा पन्जा र अनुहार सुरक्षा कवच (Face Shield) प्रयोग गर्नुहोस् । विषादी प्रयोग गर्दा लामो ट्राउजर र पूरा बाहुलाको सर्ट, चश्मा र बुट वा ढाकिएको जुत्ता सहित सुरक्षात्मक कपडा लगाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान नगर्नुहोस् । प्रयोगपछि सुरक्षात्मक उपकरणहरू राम्ररी सफा गर्नुहोस्, सम्पूर्ण शरीर धुनुहोस् र विषादीको सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् । हावा र पानीका स्रोतहरूलाई कीटनाशक विषादीबाट दूषित हुन नदिनुहोस् । यो विषादीले मौरी, माछा, पशुधन, जंगली चराचुरुङ्गी तथा अन्य जनावरलाई हानी पुग्न सक्ने सम्भावना भएकाले यस विषयमा विशेष सावधानीका साथ प्रयोग गर्नुहोस् । माछा र मौरीको लागि घातक हुने हुँदा मौरी चरनको लागि फुल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुँदैन ।

**मनिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

जनावरहरुमा विषाक्तताका लक्षणहरू विशेष प्रकारका हुँदैनन् । यसले शरीरको सन्तुलन गुम्ने (Ataxia), र्‍याल बग्ने, आँसु आउने तथा श्वासप्रश्वास कम हुने जस्ता लक्षण देखिन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

श्वासमार्फत विषाक्तता भएमा प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस् र शरीरलाई चिसो हुनबाट जोगाउनुहोस् । छालासँग सम्पर्क भएमा दूषित लुगा फेर्नुहोस् र शरीरका सर्म्पकमा आएका भागहरू साबुन र पानीले राम्ररी धुनुहोस् । आँखामा विषादी परेमा तुरुन्तै सफा पानीले केही बेरसम्म आँखा खोलेर निरन्तर १० देखि १५ मिनेटसम्म धुनुहोस् । विषाक्तताको शंका लागेमा तुरुन्तै चिकित्सकको सल्लाह लिनुहोस् । मुखबाट विषादी निलिएको अवस्थामा, औषधीय चारकोल (Medicinal charcoal) प्रशस्त पानीसँग बारम्बार दिनुहोस् । बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही दिनु हुँदैन र बान्ता गराउनु हुँदैन ।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**

वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको दुषित पानीलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल आदी राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरी सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका बट्टा वा प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको संख्या र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरिएको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने र वाष्पबाट प्रदूषित नहुने खालको हुनुपर्छ । आधिकारिक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधी तथा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहैंलो**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं. ०१-५५२१५९७ मा फोन गर्नुहोस् वा यो info@npponepal.gov.np इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना**

: पारस पेष्टिसाइड्स इन्डस्ट्रिज
एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर यु.पी. भारत.

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल.
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-161252/2019-Thiamethoxam + Lambda-Cyhalothrin(ZC)(399)-1858

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0225-INS-ZC-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

# जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

एट्राजिन ५० % + मेसोट्रिओन ५% एस.सी.
Atrazine 50% + Mesotrione 5% SC
साफाया (SAFAYA)
अंकुरणपश्चात् प्रयोग गरिने दैहिक झारनाशक

**विशेष सावधानीः** यो झारनाशक प्रतिरोध वर्ग ५ र २७ मा पर्ने भएकाले यसपछि सोही वर्ग अन्य झारनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

सिफारिस

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्न अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| बर्खे मकै / ग्रीष्मकालीन मकै | एक वर्षीय चौडा पात भएको झार (Annual broad-leaved weed) | १२००-१८०० | ४५० | ६० | २.६-४ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**
मकैबारीमा उम्रिएका एकवर्षीय चौडा पाते झारहरु २-५ पाते अवस्थामा हुँदा विषादीको घोल तयार गरी उपयुक्त स्प्रेयरको मद्दतले झारका पात र डाँठ दुवै भिज्ने गरी समान रुपमा छर्कनुहोस् । सिमी, खरबुजा, चाइनिज बन्दा, मुला र बन्दागोभीजस्ता बालीहरु यस विषादीप्रति संवेदनशील हुन्छन् । त्यसैले विषादी छर्कँदा यसको छिटा यी बालीहरुमा नपर्ने गरी सावधानीपूर्वक छर्कनुहोस् । सामान्य मौसमी अवस्थामा यो विषादी पछिल्ला बालीहरुका लागि सुरक्षित हुन्छ । तर मकैबालीपछि गहुँ छर्न कम्तीमा ३ महिनाको अन्तराल राख्नुपर्छ भने कपास, बदाम, आलु, भटमास र सूर्यमुखी बाली रोप्न कम्तीमा ८ महिनाको अन्तराल राख्नुपर्छ । यो विषादी प्रत्येक बाली चक्रमा एक पटक मात्र प्रयोग गर्नुपर्छ । यो विषादी मकैको प्रारम्भिक वृद्धि अवस्था देखि पातको अंकुरणपछि प्रयोग गरिने झारनाशक हो । यसले गर्मी मौसममा लगाइने मकै बालीमा उम्रिने एकवर्षीय झारहरुलाई प्रभावकारी रुपमा नियन्त्रण गर्छ । विशेष गरी समस्या उत्पन्न गर्ने काने झार (*Commelina communis*), किन्वा (Quinoa), जुट (Jute), लट्टेझार (Amaranth), सूर्यमुखी परिवार (Compositae), लट्टे परिवार(Amaranthaceae), कपास परिवार (Malvaceae), तोरी परिवार (Cruciferae), गाँठे परिवार (Polygonaceae) का झारहरु नियन्त्रण गर्न प्रभावकारी हुन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**
विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, सुरक्षात्मक चश्मा, ग्यास मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट शरीर भित्र प्रवेश गर्न नदिनुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने तथा धुम्रपान नगर्नुहोस् । प्रयोगपछि तुरुन्तै पर्याप्त साबुनपानीले हात, मुख तथा विषादीको सम्पर्कमा आएका शरीरका अन्य भागहरु राम्ररी धुनुहोस् । यो विषादी ग्रीन अल्गी (Green Algae) का लागि विषाक्त छ । गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरुलाई यो विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् । भूमिगत जलस्रोत तथा खानेपानीका स्रोत नजिक यो विषादी प्रयोग गर्नुहुँदैन । माछापालन क्षेत्र, पोखरी तथा अन्य जलाशय नजिक यो विषादी प्रयोग गर्नुहुँदैन । विषादी छर्कने उपकरण पोखरी वा अन्य जलक्षेत्रमा सफा गर्न पनि निषेध गरिएको छ । हावाहुरी चलेको समयमा वा एक घण्टाभित्र पानी पर्ने सम्भावना भएमा विषादीको प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
चक्कर लाग्ने, वाकवाकी लाग्ने, निद्रा लाग्ने तथा श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**प्राथमिक उपचार :**
प्रयोग गर्ने क्रममा वा प्रयोग गरेपछि असहज महसुस भएमा तुरुन्त काम बन्द गरी आवश्यक प्राथमिक उपचार गर्नुहोस् । विषादी आँखामा वा छालामा परेमा तुरुन्तै सफा पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी पखाल्नुहोस् । विषादी निलेको खण्डमा बान्ता नगराउनुहोस् । विषादीको लेबल साथमा लिएर तुरुन्त नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा जानुहोस् । **आपत्कालीन चिकित्सकीय उपायः** बिरामी सचेत अवस्थामा भएमा चिकित्सकको सल्लाहअनुसार औषधीय चारकोल (Medicinal Charcoal) प्रयोग गरी पेट सफा (Gastric lavage) गर्नुपर्छ र पेटको पदार्थलाई श्वासनलीमा प्रवेश हुन नदिन विशेष सावधानी अपनाउनुपर्छ ।

**एण्टिडट :**
यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामाग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुहोस् । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः (पानी, खाना तथा तेल राख्न) प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेजहरु प्रयोग गर्न नमिल्ने गरी बिगारेर बस्तीबाट टाढा सुरक्षित रुपमा व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था**
विषादी भण्डारण गर्नका लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, सुख्खा, हावा चल्ने, आगाको स्रोतभन्दा टाढा हुनुपर्दछ । विषादीलाई बालबालिका तथा अनाधिकृत व्यक्तिको पहुँचबाट टाढा राख्नुहोस् । विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुहोस् । झारनाशकलाई खाद्य तथा पेय पदार्थ र पशु आहारासँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
(कृषि प्रयोजनको लागि मात्र)

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादकको नाम ठेगाना :**
जियाङ्सी भोङ्सुन एग्रो-केमिकल कम्पनी लिमिटेड
ठेगानाः मेटल मटेरियल्स् इन्डस्ट्रियल बेस अफ अन्यी इन्डस्ट्रियल पार्क, नानचाङ सिटी, जियाङ्सी प्रान्त (दोङयाङ एभेन्यु), चीन

**विषादीको वितरकको नाम ठेगाना :**
आन्हुई बाइटर एग्रिकल्चर टेक्नोलोजी कम्पनी लिमिटेड
ठेगानाः कोठा नं. ३०२-२, भवन नं. १, नं. ५, पूर्व छियानशुई रोड, उच्च-प्रविधि जिल्ला, हेफेई सिटी, आन्हुई प्रान्त, जनवादी गणतन्त्र चीन

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
अरविन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५, बारा
इमेलः
arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

उत्पादित देशको रजिष्टर नं. PD20161440
नेपालमा पञ्जीकरण गरिएको नंः-
0226-HER-SC-2026

**चित्रात्मक संकेत**




विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**ग्लाइफोसेट ४१% एस.एल.**

**Glyphosate 41% SL**

# ग्लाइफोकिङ्ग (GLYPHOKING)

**सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात (Post-emergence) दैहिक झारनाशक**

**सिफारिस :**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति/ लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया | बन्सो प्रजातीको झार वा कार्पेट घाँस (*Axonopus compressus*), दुबो (*Cynodon dactylon*), सिरु (*Imperata cylindrica*), फापर झार (*Polygonum perfoliatum*), कोदे झार (*Paspalum scorbiculatum*), फुस्रो खर (*Arundinella bengalensis*), आम्लिस (*Kalm grass*) | २०००-३००० | ४५० | २१ | ४.४४-६.६६ |
| धान खेत (रोप्नु पूर्व) | सामा झार (*Echinochloa crusgalli*), सामा झार(*E.colonum*), भृङ्गराज (*Eclipta alba*), छतरे मोथे (*Cyperus iria*),पानी प्याउली (*Marsilea quadrifolia*) | १०००-२५०० | ४००-५०० | - | २.५-५ |
| खेती नगरिएको क्षेत्र | जुनेलो प्रजातिको झार र अन्य एक दलिय र दुईदलिय झार (*Sorghum halepense* and other monocot & dicot weeds) | २०००-३००० | ५०० | - | ४-५ |

**नोट :** झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा भागसम्म पानी राखेर सिफारिस गरिएको विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्राअनुसार थप पानी हालेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । चिया र खेती नगरिएको क्षेत्रमा झारपातहरु कलिलो र सक्रिय रुपमा बढेको अवस्थामा झारपातमा भिज्ने गरी छर्कनुहोस् । यो विषादी छर्कदा खेती गरिएको बालीमा पर्ने गरी छर्कनु हुँदैन । यो विषादी छर्कदा, जमिनको सतह नजिकबाट छर्कनुपर्दछ । यो झारनाशक विषादी छर्कन न्यापस्याक स्प्रेयरमा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडान गरी प्रयोग गर्नुपर्छ । त्यसैगरि रकिङ स्प्रेयर तथा न्यापस्याक स्प्रेयर पनि प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर वुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नु हुँदैन । तरकारी बालीमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनुहुँदैन र नजिकका बालीमा विषादीका थोपा पर्ने गरी छर्कनुहुँदैन । यो विषादी मौरी, जलचर र चराचुरुङ्गीको लागि विषाक्त हुन्छ । त्यसैले जलस्रोतमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग नगर्नुहोस् । साथै मौरीको सक्रिय चरन अवधिमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, चक्कर लाग्ने तथा ऐंठन हुनेजस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

विषादीको सम्पर्कमा आएका लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादीको सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । विषादी निलेको खण्डमा घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नहुन्जेल सम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने बान्ता गराउनु हुँदैन । यदि श्वासमार्फत विषादी शरीर भित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् ।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगानाः** रिलायन्स एग्रो इन्डस्ट्रिज, ३१९, टेण्डवा बसन्तपुर, लखनऊ रोड, बहराईच-(यु पी), भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना सम्पर्क नं.:**
शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल । सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-354563/2025-Glyphosate (SL) (465)-1724

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0227-HER-SL-2026

**चित्रात्मक संकेत**




थप जानकारीका लागि पछाडि हेर्नुहोस् ।

| | |
|---|---|
| **प्रयोग गरिएको भाँडोको विसर्जन :**<br>विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस् । वातावरण वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।<br><br>**भण्डारणको अवस्था :**<br>विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर हुने खालको हुनुपर्छ । आधिकारीक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू भण्डारण गर्नुहोस् । विषादीलाई खाद्य पदार्थ, पेय पदार्थ, पशु आहारा, औषधी वा मलखादबाट टाढा राख्नुहोस् । | **विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।** |

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**कार्बेन्डाजिम ५०% डब्लू.पी.**

**Carbendazim 50% WP**

# पारस्टिन (PARASTIN)

**दैहिक ढुसीनाशक**

**सिफारिस :**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगूर | कोत्रे रोग (Anthracnose) | ३०० | ६०० | १४ | ०.५ |
| ओखर | पातको थोप्ले रोग (Downy leaf spot) | ३ | १० लि. प्रति बोट | १४ | ०.३ |
| लहरे बाली | धुले ढुसी रोग (Powdery mildew) | ३०० | ६०० | १४ | ०.५ |
| | कोत्रे रोग (Anthracnose) | ३०० | ६०० | १४ | ०.५ |
| कपास | पातको थोप्ले रोग (Leaf spot) | २५० | ७५० | १४ | ०.३३ |
| गुलाब | धुले ढुसी रोग (Powdery mildew) | १ | २ | १४ | ०.५ |
| भुप्पा सिमी | धुले ढुसी रोग (Powdery mildew) | ३५० | ७५० | १४ | ०.४७ |
| चुकन्दर | पातको थोप्ले रोग (Leaf spot) | २०० | ४०० | १४ | ०.५ |
| | धुले ढुसी रोग (Powdery mildew) | २०० | ४०० | १४ | ०.५ |
| सिमल तरुल | आँख्ला कुहिने रोग (Set rot) | १ | १ | १४ | १ |
| सुर्ती | भ्यागुते थोप्ले रोग (Frog eye spot) | २२५ | ७५० | १४ | ०.३ |
| | कोत्रे रोग (Anthracnose) | २२५ | ७५० | १४ | ०.३ |
| बेल | धुले ढुसी रोग (Powdery mildew) | १० | १० लि. प्रति बोट | १५ | १ |
| भण्टा | पातको थोप्ले रोग (Leaf spot) | ३०० | ६०० | १४ | ०.५ |
| | फल कुहिने रोग (Fruit rot) | ३०० | ६०० | १४ | ०.५ |
| केराउ | धुले ढुसी रोग (Powdery mildew) | २५० | ६०० | १५ | ०.४१ |
| मुंङ्ग | धुले ढुसी रोग (Powdery mildew) | ५०० | ७५० | १५ | ०.६६ |
| | पातको थोप्ले रोग (Leaf spot), पात तथा डाँठ डढुवा रोग (Web blight) | २५०-५०० | ७५० | १५ | ०.३३-०.६६ |
| बदाम | टिक्का पातको थोप्ले रोग (Leaf spot) | २२५ | ७५० | १४ | ०.३ |
| बोडी | पातको थोप्ले रोग (Leaf spot) | ३०० | ६०० | १५ | ०.५ |
| | डाँठ कुहिने (Collar rot) | ३०० | ६०० | १५ | ०.५ |
| | कोत्रे रोग (Anthracnose) | ३०० | ६०० | १५ | ०.५ |
| | धुले ढुसी रोग (Powdery mildew) | ३०० | ६०० | १५ | ०.५ |
| स्याउ | दादे रोग (Scab) | २.५ | १० लि. प्रति बोट | १४ | ०.२५ |
| जुट | बेर्ना डढुवा रोग (Seedling blight) | २ ग्राम/केजी बीउ | १ लि./१० केजी बीउ | बीउ उपचार | २ |
| जौ | कालो पोके रोग (Loose smut) | २ ग्राम/केजी बीउ | १ लि./१० केजी बीउ | बीउ उपचार | २ |
| खुर्सानी | बेर्ना कुहिने रोग (Damping off) | २ ग्राम/केजी बीउ | १ लि./१० केजी बीउ | बीउ उपचार | २ |
| गहुँ | **कालो** पोके रोग (Loose smut) | २ ग्राम/केजी बीउ | १ लि/१० केजी बीउ | बीउ उपचार | २ |
| धान | एरियल फेज (Arial Phase) | २५०-५०० | ७५० | बीउ उपचार | ०.३३-०.६६ |
| | मरुवा रोग (Blast) | २५०-५०० | ७५० | बीउ उपचार | ०.३३-०.६६ |
| | पातको फेद डढुवा रोग (Sheath Blight) | २ ग्राम/केजी बीउ | १ लि./१० केजी बीउ | बीउ उपचार | २ |

**प्रयोग गर्ने विधि :**

सिफारिस गरिएको विषादीलाई बीउ उपचार, माटोमा ड्रेन्चिङ्ग, माटोको मिश्रण तथा पातमा छर्कने लगायत विभिन्न विधिबाट प्रयोग गर्न सकिन्छ । पातमा छर्कनका लागि सिफारिस गरिएको विषादीको मात्रालाई स्प्रेयरको आधा भागसम्म राखिएको पानीमा राम्रोसँग मिलाएर घोल तयार गर्नुहोस् । त्यसपछि बाँकी पानी थपेर तयार गरिएको मिश्रणलाई एकनासले पातमा पर्ने गरी छर्कनुहोस् । विषादी छर्कनका लागि विभिन्न प्रकारका विषादी छर्कने उपकरणहरु, जस्तै : न्यापस्याक स्प्रेयर (Knapsack Sprayer), फुट स्प्रेयर (Foot Sprayer), कम्प्रेसन न्यापस्याक स्प्रेयर (Compression Knapsack Sprayer), कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर (Compression Knapsack Battery Sprayer) तथा ASPEE-HIP पावर स्प्रेयर प्रयोग गरी छर्कनुहोस् । **गहुँ**मा लाग्ने कालो पोके, **जुट**मा लाग्ने बेर्ना डढुवा, **जौ**मा लाग्ने कालो पोके, **धानको** बीउमा **र खुर्सानी**को बेर्ना कुहिने रोगका लागि बीउ उपचारको हकमा २ ग्राम विषादीको मात्रालाई प्रति केजी बीउका दरले १०० मि.लि. पानीमा राखी मिश्रण तयार गर्ने र उक्त मिश्रण र बीउलाई बीउ उपचार गर्ने ड्रममा राखी बीउको सबै भागमा विषादी पर्ने गरी राम्ररी घुमाउनुहोस् । त्यसपछि उपचार गरिएको बीउ छायाँमा सुकाई रोप्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**
**ठेगाना :** पारस पेष्टिसाइड्स इन्डस्ट्रिज एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर यु.पी., भारत.

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके, नेपाल.
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-112042/2014-Carbendazim (WP) (344)-96

**नेपालमा पञ्जीकरण गरिएको नं.**
**0228-FUN-WP-2026**




थप जानकारीका लागि पछाडि हेर्नुहोस् ।

| | |
|---|---|
| **यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**<br>खाद्य पदार्थ, खाद्य पदार्थका रित्ता भाँडाहरु तथा पशुचौपायाको आहारा भन्दा यो विषादी टाढा राख्नुहोस् । मुख, आँखा एवम् छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कंदा छिटाहरु श्वासप्रश्वासमार्फत भित्र प्रवेश गर्न नदिनुहोस् र हावा चलेको दिशातर्फ यो विषादीलाई छर्कनुहोस् । यो विषादी छर्किसकेपछि सम्पर्कमा आएका लुगा तथा शरिरका भागहरु राम्रोसँग सफा साबुनपानीले पखाल्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने र धूम्रपान गर्नु हुँदैन । विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा, ग्यास मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । यो विषादीलाई गर्भवती महिलाहरुको पहुँचबाट टाढा राख्नुहोस् । यो विषादी माछा तथा अन्य जलचर जीवका लागि विषाक्त हुने भएकाले मत्स्यपालन क्षेत्र तथा जलस्रोतमा पर्ने वा बगेर जाने गरी प्रयोग नगर्नुहोस् ।<br><br>**विषाक्तताका लक्षणहरू :**<br>टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने तथा शरीरमा कम्पन हुने जस्ता लक्षणहरू देखा पर्न सक्छन् ।<br><br>**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**<br>विषादी निलिएको छ भने घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने बान्ता गराउन हुँदैन । यदि लुगा वा छालामा विषादी लागेको छ भने, दूषित लुगा तुरुन्त फुकाल्नुहोस् र प्रभावित छालाका भागहरुलाई प्रशस्त सफा साबुनपानीले राम्ररी धुनुहोस् । आँखामा विषादी लागेको अवस्थामा लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा पखाल्नुहोस् । यदि श्वासप्रश्वासको माध्यमबाट विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् ।<br><br>**एण्टिडट :**<br>यी विषादीको विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।<br><br>**प्रयोग गरिएको भाँडाको विसर्जन :**<br>विषादीको प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री तथा विषादी छर्कने उपकरण वा अन्य भाँडाबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई वातावरण वा जलस्रोत प्रदूषित हुन नदिने गरी सुरक्षित रूपमा विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग हुन नदिन बाहिर खुला स्थानमा छोड्नुहुँदैन । विषादीका प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा व्यवस्थापन गर्नुपर्दछ ।<br><br>**भण्डारणको अवस्था :**<br>विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थलगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा र प्रकृतिअनुसार तिनलाई छुट्टै अलमारी वा भण्डारण कक्षमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएको कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो तथा हावादार हुनुपर्छ । | **विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।** |

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

२,४-डी अमाइन साल्ट ५८% एस.एल.

2,4-D AMINE SALT 58% SL

# सैकवीड ५८ (Sackweed 58)

अंकुरण पूर्व र अंकुरण पश्चात् छर्कने बहुप्रकृतिको चयनात्मक झारनाशक

**विशेष सावधानी:** यो झारनाशक प्रतिरोध वर्ग ४ मा पर्ने भएकाले यसपछि सोही वर्ग अन्य झारनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

## सिफारिस

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा (लि.) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पखने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| जुनेलो | छाता मोथे (*Cyperus iria*), स्ट्रिगा झार (*Striga* spp), पुनर्नवा (*Trianthema* Spp), लट्टे झार (*Digera arvensis*), हलिनखुर (*Convolvulus arvensis*), दुधे झार (*Euphorbia hurta*), भुईं अमला (*Phyllanthus niruri*) | ३ | ५००-६०० | - | ५-६ |
| मकै | सेतो पुनर्नवा (*Trainthema monogynae*), लुँडे झार (*Amaranthus* spp), गोखुरे झार (*Tribulus terreistris*), पुनरनभा (*Boerhavia diffusa*), दुधे झार (*Euphorbia hirta*), नुनियाँ साग (*Portuluca oleracea*), मोथे (*Cyperus* spp) | ०.८६ | ४००-५०० | ५०-६० | १.७२-२.१५ |
| गहुँ | बेथे (*Chenopodium album*), प्याजी (*Asphodelus tenuifolius*), ढुकुरे झार (*Fumaria* spp), मेथी झार (*Melilotus alba*), हलिनखुर (*Convolvulus arvensis*) | ०.८५-१.३० | ५००-६०० | - | १.७-२.१६ |
| आलु | बेथे (*Chenopodium album*), प्याजी (*Asphodelus tenuifolus*), हलिनखुर (*Convolvulus arvensis*), नुनियाँ साग (*Portulaca oleracea*) | ३.५० | ४०० | - | ८.७५ |
| खेती नगरिएको जमिन | गाजर घाँस (*Parthenium hysterophorus*), मोथे (*Cyperus rotundus*) | ४.५० | ३००-४०० | - | ११.२५-१५ |

**नोट:** झारहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि:**

सिफारिस गरिएको मात्रामा विषादी नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस् र त्यसपछि बाँकी पानी थपेर घोल तयार गर्नुहोस् । विषादी छर्कनका लागि नापस्याक स्प्रेयर, फुट स्प्रेयर, ब्याट्रीबाट चल्ने कम्प्रेसन न्यापस्याक स्प्रेयर वा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडित ASAPEE-HTP कम्प्रेसन न्यापस्याक स्प्रेयर प्रयोग गर्नुहोस् । **जुनेलो बाली:** उम्रिएपछि १०-३० से.मी. अग्लो हुँदा, **मकै बाली:** उम्रनुअघि बीउ रोपेको २-३ दिनपछि र **गहुँ बाली:** उम्रिएपछि बीउ छरेको ३-३५ दिनपछि प्रयोग गर्नुहोस् । **आलुका लागि:** बाली वा झार उम्रनुअघि प्रयोग गर्नुहोस् । खेती नगरिएको जमिनमा झार सक्रिय रूपमा बढिरहेको अवस्थामा खाली जमिनमा समान रुपमा छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ:**

विषादीलाई खाद्य पदार्थ, खाली खाद्यपदार्थका कन्टेनर तथा पशु आहारबाट टाढा राख्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै श्वासमार्फत शरीर भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस् । विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा निस्कने छिटाहरु (drifts) बाट बच्नुहोस् र नाङ्गो हातले विषादी नमिसाउनुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने, धूम्रपान गर्ने जस्ता कार्य गर्नुहुँदैन । यो विषादी जलीय जनावर तथा मौरीको लागी घातक हुन्छ । तसर्थ यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन । साथै मौरीहरुको सक्रिय चरन अवधिमा यो विषादी प्रयोग नगर्नुहोस् । विषादी छर्किएको क्षेत्रबाट पशुहरुलाई दुई हप्तासम्म टाढा राख्नुहोस् । कपास, आलु, सुर्ती, खुर्सानी, गोलभेंडा तथा अंगुर बालीको नजिक विषादी नछर्कनुहोस् किनकि यी बालीहरू यस विषादीप्रति अत्यन्त संवेदनशील हुन्छन । विषाक्तताको कुनै पनि संकेत देखिएमा, तुरुन्तै चिकित्सकसँग सल्लाह गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

मानिसमा विषाक्तता भएमा वाकवाकी लाग्ने, टाउको दुख्ने, कमजोरी महसुस हुने, पखाला लाग्ने तथा हातखुट्टाका मांसपेशीहरू खुम्चिने जस्ता लक्षणहरू देखा पर्न सक्छन् । केही अवस्थामा अत्याधिक ज्वरो आउन सक्छ । गम्भीर विषाक्तताको अवस्थामा हृदयको धड्कन अनियमित भई भेन्ट्रिकुलर फिब्रिलेसन (Ventricular fibrillation) वा हृदयगति बन्द (Cardiac arrest) भई मृत्यु समेत हुन सक्छ ।

**प्राथमिक उपचार:**

यदि विषादी निलिएको छ भने घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो दोहोर्याउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन । श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्तै खुला तथा ताजा हावा भएको स्थानमा लैजानुहोस् । छालाको सम्पर्कमा आएमा दूषित लुगा हटाउनुहोस् र शरीरको प्रभावित भागलाई प्रशस्त साबुन पानीले राम्ररी धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस् । विषाक्तताको शंका लागेमा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस् ।

**एण्टिडट:**

मांसपेशी खुम्चिने समस्या (Myotonia) नियन्त्रण गर्न तथा हृदयको धड्कनमा देखिने असामान्यता (Ventricular arrhythmia) नियन्त्रण गर्न चिकित्सकको सल्लाहअनुसार क्विनिडिन सल्फेट (Quinidine sulfate) दिन सकिन्छ । बिरामीमा देखिएका लक्षणका आधारमा आवश्यक लाक्षणिक तथा सहयोगात्मक उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जन:**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामाग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था:**

विषादी भएका प्याकेजहरुलाई सधैं यसको मूल कन्टेनरमै राखी अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा तथा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि पानीको वाष्पबाट दूषित नहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेंलो (कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना (भारत):**

शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगाना: नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५
इमेल: arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.**
CIR-51,087/2005-2,4-D amine salt (SL)(253)-1001

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0229-HER-SL-2026

**चित्रात्मक संकेत**



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेट्सल्फुरन मिथाइल २०% डब्लु.पि

Metsulfuron Methyl 20% WP

# इन्डोगल्फ अल्टो (Indogulf Alto)

चयनात्मक तथा झारपात अंकुरण पश्चात् प्रयोग गर्ने बहुप्रकृतिको झारनाशक (selective post-emergence broad spectrum herbicide)

**सिफारिस**

| बाली | झारपातहरुको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्रा) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गहुँ | जंगली बेथे (*Chenopodium album*), सेतो बन मेथी (*Melilotus indica*), बन खेसरी (*Lathyrus aphaca*), कृष्ण नील (*Anagallis arvensis*), कुटिलकोशा (*Vicia sativa*), थाकलकाडाँ (*Cirsium arvense*) | २० | ५००-६०० | ८० | ०.०३-०.०४ |
| धान | भूमिराज झार (*Eclipta alba*), सिमसाग (*Marsilea quadrifolia*) , ल्वाङ झार (*Ludwigia parviflora*), पानी मरिचे झार (*Sphenoclea zeylanica*), पानी मोथे (*Fimbristylis miliacea*), कान (*Commelina benghalensis*), थुक झार (*Caesulia axillaris*) | २० | ५००-६०० | ६० | ०.०३-०.०४ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ। त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि:**

यसलाई पातमा छर्कने झारनाशक विषादीका रूपमा सिफारिस गरिएको छ । प्रयोग गर्नुअघि विषादीको बोतल राम्रोसँग हल्लाउनुहोस् । आवश्यक मात्रामा झारनाशक विषादी नाप्नुहोस् र थोरै मात्रामा पानीमा राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी आवश्यक पानी थप गरी राम्ररी चलाएर घोल तयार गर्नुहोस् । यसका लागि बढी मात्रामा घोल छर्न सक्ने उपकरणहरू जस्तैः नेपस्याक स्प्रेयर ( Knapsack sprayer), रकिङ स्प्रेयर (Rocking sprayer), वा फुट स्प्रेयर (Foot sprayer) मा फ्लड जेट नोजल (Flood jet nozzle) जडान गरी प्रयोग गर्नुहोस् । यो झारनाशक विषादी **गहुँमा** : बीउ छरेको २५ देखि ३५ दिनभित्र (१ पटक मात्र प्रयोग गर्नुहोस्), **धानमा**: रोपाईं गरेको ५ देखि १० दिनभित्र १ पटक मात्र प्रयोग गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ:**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चस्मा ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न नदिनुहोस् । मुख, आँखामा एवम् छालामा विषादीको प्रत्यक्ष सर्म्पक हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सर्म्पकमा आएका कपडाहरु राम्ररी धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान नगर्नुहोस् । विषादी छर्दा निस्कने मसिना थोपाहरू (Spray mist) श्वासप्रश्वासमार्फत शरीरभित्र जान नदिनुहोस् । जहिले पनि हावा चलेको दिशाको पछाडिबाट (हावा बगेको तर्फ) फर्केर मात्र विषादी छर्नुहोस् । विषादी छर्दा हावाको माध्यमबाट उडेर लक्षित क्षेत्रभन्दा बाहिर रहेका चौडा पाते बिरुवा वा पानीका मुहान/स्रोतमा पुग्न नदिन विशेष सावधानी अपनाउनुहोस् । यो विषादी माछा र मौरीका लागि घातक हुने भएकाले मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने सम्भावना भएका स्थानमा प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा:**

आँखामा जलन हुने, आँसु आउने, दृष्टि धमिलो हुने, छालामा जलन हुनुका साथै डाबर आउने जस्ता लक्षण देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

यदि विषादी निलेको छ भने तुरुन्त घाँटीको पछाडिको भागमा चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस भएमा बान्ता नगराउनुहोस् । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी परेमा वा सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले पखाल्नुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस् ।

**एण्टिडट:**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन:**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस् । वातावरणीय तथा जल प्रदुषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि वनाइएको कोठा ढलान गरिएको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारिक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेण्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** इन्डोगल्फ क्रपसाइन्स लिमिटेड., दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल सम्पर्क नं.९८४८७२७१३७, ichand921@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-47,992/2004-Metsulfuron Methyl (WP)(242)-36

नेपालमा पञ्जीकरण गरिएको नं.
0230-HER-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अनिवार्य अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्याप्टान ७०% + हेक्साकोनाजोल ५% डब्ल्यु.पी.

Captan 70%+ Hexaconazole 5% WP

# रिमोट पावर (Remote Power)

सम्पर्क तथा दैहिक ढुसीनाशक

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि ( दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा-ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आलु | पछौटे डढुवा, अगौटे डढुवा (Late and Early blight) | ५००-१००० | ५०० | २१ | १- २ |
| खुर्सानी | कोत्रे रोग (Anthracnose) | ५००-१००० | ५०० | ५ | १- २ |
| मास | धुले ढुसी (Powdery Mildew), सिँदुरे रोग (Rust disease), | ७५० | ५०० | २० | १.५ |

नोटः रोगहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा भागसम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । न्यापस्याक स्प्रेयर (Knapsack sprayer), फुट स्प्रेयर (Foot sprayer), कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर वा एस्पी-एचटीपी (ASPEE–HTP) स्प्रेयर प्रयोग गर्नुहोस्। । पातको माथि र तल दुवै सतह भिज्ने गरी छर्कर्नुहोस् । रोगको प्रारम्भिक संक्रमण देखिनेबित्तिकै पहिलो पटक प्रयोग गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छः**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस् । मिश्रण बनाउँदा पोखिने वा छिट्किने हुनाले श्वासद्वारा भित्र पस्न वा छालामा पर्नबाट बचाउनुहोस् । नाङ्गो हातले नमिसाउनुहोस् तथा छाला, आँखा र कपडाको सम्पर्कबाट बच्नुहोस् । छालाको सम्पर्कबाट बच्न रासायनिक प्रतिरोधी पञ्जा लगाउनुहोस् । विषादी प्रयोग गर्दा लामो ट्राउजर र पूर्ण बाहुलाको शर्ट, चश्मा र बुट वा ढाकिएको जुत्ता सहित सुरक्षात्मक कपडा लगाउनुहोस् । प्रयोगपछि, सुरक्षात्मक उपकरणहरू राम्ररी सफा गर्नुहोस् र सम्पूर्ण शरीर धुनुहोस् तथा लुगा परिवर्तन गर्नुहोस् । पुनः प्रयोग गर्नुअघि दूषित लुगाहरू तथा अन्य लुगाहरूबाट अलग धुनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान नगर्नुहोस् ।

**चेतावनी**ः यो विषादी मौरी, माछा तथा जलचर जीवहरूका लागि विषाक्त (हानिकारक) हुन्छ, त्यसैले यसलाई मौरी चरनको फूल फुलेको अवस्था, मत्स्यपालन क्षेत्र भित्र वा वरिपरि प्रयोग नगर्नुहोस् । सिँचाइ वा घरेलु प्रयोजनका लागि प्रयोग हुने पानी तथा पोखरी, खाल्डा, ताल, नाला/निकास प्रणाली आदि जस्ता जल क्षेत्रहरूमा विषादीको फोहोर फालेर पानी दूषित गर्नु हुँदैन । विषादी छर्किएको क्षेत्रबाट घरपालुवा जनावर वा चौपायाहरूलाई कम्तीमा दुई हप्तासम्म टाढा राख्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने तथा नाक, घाँटी र श्वासप्रश्वास नली चिलाउने वा जलन हुने जस्ता लक्षणहरू देखिन सक्छन् । केही व्यक्तिहरूमा यसले एलर्जी समेत गराउन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई खुला हवा भएको ठाउँमा लैजानुहोस् । विषाक्तताको शङ्का लागेमाः तुरुन्त चिकित्सा सल्लाह लिनुहोस्। दूषित छालालाई साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस्। दूषित कपडाहरू हटाउनुहोस् । यदि आँखामा परेको छ भने, कम्तीमा १० मिनेटसम्म सफा पानीले आँखा पखाल्नुहोस् । यदि निलेको छ भने, घाँटीको पछिल्लो भागमा औँलाले चलाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रक्रिया दोहोर्‍याउनुहोस् । नोटः बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही नदिनुहोस् र बान्ता गराउनु हुँदैन ।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन । लक्षणका आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको विसर्जन:**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेजलाई बिगारेर बस्तीबाट टाढा क्षेत्रमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस । वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था:**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: इन्डोगल्फ क्रपसाइन्स लिमिटेड., दिल्ली, भारत ।

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल ।
सम्पर्क नं.९८४८७२७१३७,
ichand921@gmail.com

उत्पादित देशको पञ्जीकरण नं.
CIR-101983/2012-Captan + Hexaconazole (WP) (327)-1

नेपालमा पञ्जीकरण गरिएको नं.
0231-FUN-WP-2026

चित्रात्मक संकेत:



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

थायमेथोक्साम १२.६%+लाम्ब्डा-साइहालोथ्रिन ९.४% जेडसि

Thiamethoxam 12.6%+Lambda-Cyhalothrin 9.4% ZC

## आर-रकेट (R-ROCKET)

सम्पर्क, आन्तरिक तथा दैहिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -एम एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गहुँ | लाही (Aphid) | ७५-१०५ | ५०० | २१ | ०.३ |

**प्रयोग गर्ने विधि:**

यो विषादी प्रयोग गर्नका लागि गहुँको लाही कीराको प्रकोप सुरु हुने समय र प्रकोप उच्च भएको अवस्था उपयुक्त समय हो । बोटबिरुवामा सबैतिर राम्रोसँग र समान रूपमा लाग्ने गरी विषादी छर्किनुहोस् । हावा चलेको दिनमा वा एक घण्टाभित्र पानी पर्ने सम्भावना भएमा विषादी प्रयोग नगर्नुहोस्। गहुँ बालीमा यो विषादी प्रति बाली सिजनमा १ पटक भन्दा बढी प्रयोग गर्नु हुँदैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

यो विषादीलाई क्षारीय (alkaline) कीटनाशक वा अन्य पदार्थहरूसँग मिसाउनु हुँदैन । यो विषादी माछा, पानीका साना कीरा, मौरी, रेशमकीरा र ट्राइकोग्रामा बारुलाका लागि अत्यधिक विषाक्त छ । फूल फुल्ने बिरुवाहरूको फूल फुल्ने अवधिमा (बिरुवाको वरिपरि) यसको प्रयोग गर्न निषेध गरिएको छ र प्रयोग गर्दा वरपरका मौरीका घारहरूमा पर्ने प्रभावमा विशेष ध्यान दिनुहोस् । रेशमकीरा पालन गर्ने कोठा र किम्बु बगान नजिक, वा लेडीबग (ladybugs) जस्ता प्राकृतिक शत्रु जीवहरू छोडिएका क्षेत्रहरूमा यसको प्रयोग गर्न निषेध गरिएको छ । विषादी प्रयोग गर्दा नदी, पोखरी र अन्य जलस्रोतहरू भन्दा टाढा रहनुहोस् र कुनै पनि जलस्रोत, माटो वा अन्य वातावरणलाई प्रदूषित नगर्नुहोस् । नदी, पोखरी वा अन्य जलस्रोतहरूमा विषादी छर्कने उपकरणहरू धुन निषेध गरिएको छ । यो उत्पादन प्रयोग गर्दा छालाको सम्पर्क र मुख तथा नाकबाट श्वासप्रश्वासको माध्यमबाट भित्र जान नदिन लामो बाहुला भएको कपडा, लामो सुरुवाल, टोपी, पञ्जा र मास्क लगाउनुहोस् । विषादी प्रयोग गर्दा धुम्रपान गर्ने, पानी पिउने वा केही खाने नगर्नुहोस् । प्रयोग गरिसकेपछि हात, अनुहार र खुला रहेका अन्य छाला तुरुन्तै धुनुहोस् र समयमै कपडा फेर्नुहोस् । गर्भवती र स्तनपान गराउने महिलाहरू यस उत्पादनको सम्पर्कमा आउनु हुँदैन । कीराहरूमा प्रतिरोधात्मक क्षमता विकास हुन नदिनका लागि फरक कार्यप्रणाली भएका अन्य कीटनाशक विषादीहरूसँग आलोपालो गरी प्रयोग गर्न सिफारिस गरिन्छ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा :**

छालामा रुखोपन, चिलाउने र रातोपन हुने, आँखा पोल्ने वा बिझाउने र नाकमा जलन, टाउको दुख्ने, बान्ता, पेट दुखाइ, घाममा कमजोर महसुस, गम्भीर अवस्थामा: चक्कर, होश हराउनु, श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखापर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा: कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट:**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन:**

विषादी प्रयोग गरिसकेपछि, यसको प्याकेजिङ (खाली भाँडो वा पाकेट) लाई उचित तरिकाले विसर्जन गर्नुपर्छ र अन्य कुनै काममा प्रयोग गर्नु हुँदैन । कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

**भण्डारणको अवस्था**

यो विषादीलाई आगो वा तापका स्रोतहरू भन्दा टाढा, सुख्खा, चिसो र राम्रोसँग हावा आवतजावत हुने ठाउँमा भण्डारण गर्नुपर्छ । बालबालिका, अनधिकृत व्यक्तिहरू र जनावरहरूको पहुँचभन्दा टाढा राख्नुहोस् र सुरक्षित रूपमा लक (बन्द) गरेर राख्नुहोस् । यसलाई खाद्यान्न, पेय पदार्थ, अन्न वा पशुपन्छीको दानासँगै भण्डारण वा ढुवानी नगर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा यो ठेगानामा इमेल गर्नुहोस info@npponepal.gov.np

**विषादीको उत्पादकको नाम ठेगाना:** वूशी जियाबाओ पेस्टिसाइड एन्ड फार्मास्युटिकल कम्पनी लिमिटेड, वूशी सिटी, जियाङ्सु प्रान्त, पी.आर. चाइना

**वितरकको नाम ठेगाना:** निङ्बो जेनेरिक केमिकल कम्पनी लिमिटेड, झेजियाङ, चीन

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** रोयल एग्रो प्रा.लि, भक्तपुर सम्पर्क नं.०१६६३६९१३, royalagro2323@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** PD20200605

नेपालमा पञ्जीकरण गरिएको नं. 0232-INS-SC-2026

चित्रात्मक संकेत.




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ग्लुफोसिनेट अमोनियम २०० जी/एल एसएल

Glufosinate Ammonium 200 G/L SL

# सुपर फास्ट (SUPER FAST)

सबै प्रकारको वनस्पती मार्ने, सम्पर्क तथा बहु प्रकृतिको झारनाशक (Non-Selective, contact and broad-spectrum herbicide)

**सिफारिस**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम.एल/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| बाझो जग्गा | झारपात (Weed) | ३७५०-४५०० | ४५० | प्रतीक्षा अवधि लागू हुँदैन | ८.३३-१० |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गनुहोस् । अन्य बालीको खेती नगरिने क्षेत्र भएको हुनाले खेती नगरिएको जग्गामा (non–crop / non–plow land) प्रयोगको सिफारिस गरिएकोले पर्खनुपर्ने अवधि उल्लेख गरिएको छैन, किनकि त्यहाँ खाद्य बालीको कटानी हुँदैन।

**प्रयोग गर्ने विधिः**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको आवश्यक मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि बाँकी पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल झारपातहरू सक्रिय रूपमा बढिरहेको अवस्थामा झारको डाँठ र पातहरूमा राम्ररी भिज्ने गरी तुरुन्त छर्कनुहोस् । विषादी छर्कँदा हावाको दिशा र बहावलाई विशेष ध्यान दिनुहोस् । विषादीको छिटा हावासँग उडेर नजिकका बालीमा पर्दा क्षति हुनु भएकाले बाछिटा (मिस्ट) छेउछाउका अन्य संवेदनशील बालीहरूमा पर्दा अन्य बाली नोक्सान हुन सक्ने भएकोले त्यस्तो बाछिटा (मिस्ट) पर्ने गरी विषादी छर्कनु हुँदैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादीको घोल तयार गर्दा सफा पानीको प्रयोग गर्नुहोस्, किनकि धमिलो वा फोहोर पानीको प्रयोगले विषादीको प्रभावकारिता कम हुन सक्छ । यो विषादी माटोको सम्पर्कमा आउनेबित्तिकै निष्क्रिय हुने भएकाले पातमा पर्ने गरी छर्कनुहोस्। विषादी छरेको ४ घण्टाभित्र वर्षा भएमा विषादीको प्रभावकारिता कम हुन सक्ने हुँदा आवश्यकताअनुसार पुनः विषादी प्रयोग गर्नुहोस् । विषादी छर्कँदा हावाको दिशा र बहावमा विशेष ध्यान दिनुहोस् । विषादीको छिटा हावासँग बगेर नजिकका बालीमा नपुग्ने तथा बालीमा विषाक्त असर नपर्ने सुनिश्चित गर्नुहोस् । विषादीको प्याकेट खोल्दा, घोल बनाउँदा वा छर्कँदा पन्जा, रबर बुट, चश्मा, ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा र विषादी छर्कँदा नाक, मुख, आँखा एवं छालामा सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी प्रयोग गर्दा खाने, पिउने वा धूम्रपान नगर्नुहोस् र काम सकिएपछि हातमुख साबुनपानीले राम्ररी धुनुहोस्। जलचर पालन गरिएका क्षेत्र, नदी, पोखरी तथा अन्य जलाशयबाट टाढा रही विषादी प्रयोग गर्नुहोस् तथा विषादी छर्कने उपकरणहरू नदी, पोखरी वा अन्य जलाशयमा नधुनुहोस्। बाँकी रहेको विषादीको घोल तथा खाली भाँडाको उचित व्यवस्थापन गर्नुहोस् र पानीका मुहान, जलस्रोत, खानेकुरा तथा पशुआहार दूषित हुन नदिनुहोस् । गर्भवती तथा स्तनपान गराउने महिलाहरूलाई यो विषादीको सम्पर्कबाट टाढै राख्नुहोस्। यो विषादी मौरी, माछा, अन्य जलचर जीव तथा रेशमकीराका लागि विषाक्त हुने भएकाले विषादी प्रयोग गर्दा नजिकका मौरीका घारमा असर पर्न नदिनुहोस् तथा फूल फुल्ने बालीको फूल फुल्ने अवधिमा, रेशमकीरा पालन गरिने स्थान तथा किम्बुको बगैंचा नजिक प्रयोग नगर्नुहोस्। ट्राइकोग्रामा बारुला जस्ता प्राकृतिक शत्रुहरू छोडिएका क्षेत्रमा यो विषादी प्रयोग निषेध छ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा :**

यस विषादीको सम्पर्कले छाला, आँखा र श्वासप्रश्वास नलीमा जलन (Irritation) गराउने जस्ता लक्षण हुन सक्छन् ।

**प्राथमिक उपचार :**

श्वासप्रश्वासमार्फत झुक्किएर विषादी शरीरभित्र प्रवेश भएमा प्रभावित व्यक्तिलाई तुरुन्त पर्याप्त स्वच्छ हावा आउने खुला तथा हावायुक्त ठाउँमा लैजानुहोस् । छालामा विषादीको सम्पर्क भएको अवस्थामाः प्रभावित भागलाई प्रशस्त सफा पानीले राम्ररी धुनुहोस् । आँखामा विषादी परेको अवस्थामाः कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई धुनुहोस् । यस विषादी झुक्किएर निलिएको अवस्थामा, विषादीको लेबल वा बोतलसहित बिरामीलाई तुरुन्त चिकित्सककहाँ लैजानुहोस् र लक्षणअनुसार उपचार गराउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

यस विषादीलाई सुख्खा, चिसो, पर्याप्त हावा आउजाउ हुने र वर्षाको पानी नपस्ने स्थानमा, आगो वा तापका स्रोतहरूबाट टाढा भण्डारण गर्नुहोस् । यसलाई बालबालिका तथा अनधिकृत व्यक्तिहरूको पहुँचबाट टाढा राख्नुहोस् र सुरक्षित रूपमा ताला लगाउनुहोस्। यसलाई खाद्यपदार्थ, पेय पदार्थ, खाद्यान्न, पशुआहार वा अन्य यस्तै सामानहरूसँगै भण्डारण वा ओसारपसार नगर्नुहोस्। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, प्रयाप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो झारनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक नाम ठेगानाः**
जिनान लेफेङ क्रप साइन्स कम्पनी लिमिटेड, साङ्हे काउन्टी आर्थिक विकास क्षेत्र, जिनान, सान्दोङ, चीन

**वितरकको नाम ठेगानाः**
एभरस्टार इन्डस्ट्रियल कम्पनी लिमिटेड, सेन्जेन, चीन

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौं, नेपाल
सम्पर्क नं.९८५१०२०४७३,
info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.
PD20170735

नेपालमा पञ्जीकरण गरिएको नं.
0233-HER-SL-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व पर्चा र सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रोफेनोफस ५०% इ.सी.

Profenofos 50% EC

# प्रोफेक्स (PROFEX)

सम्पर्क तथा आन्तरिक कीटनाशक

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | कोसाको गभारो (Bollworm) | १.५-२ | ५००-१००० | १५ | २-३ |
| | ज्यासिड (Jassid), लाही (Aphids), थ्रिप्स (Thrips), सेतो झिँगा (Whitefly) | १ | ५००-१००० | १५ | १ -२ |
| भटमास | वित्ते कीरा (Semilooper), डाँठलाई घेरा पारेर काट्ने खपटे कीरा (Girdle Beetle) | १ | ५०० | ४० | २ |
| रहर | कोसाको गभारो (Pod Borer) | २-४ | ५०० | ३६ | ४-८ |

**प्रयोग गर्ने विधि:**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीको आधा भागसम्म पानी लिई सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । उपयुक्त स्प्रेयर प्रयोग गरी बालीमा पूर्ण रूपमा ढाकिने गरी तयार गरेको विषादी छर्कनुहोस् । यसका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर तथा ASPEE–HTP पावर स्प्रेयरबाट छर्कन सकिन्छ । विषादी छरिसकेपछि कम्तिमा ४८ घण्टासम्म विषादी छरेको ठाउँमा प्रवेश गर्नुहुँदैन । विषादी छर्कदा शत्रुजीवको प्रकोप अनुसार १५ दिनको अन्तरालमा दुई पटकसम्म छर्कन सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पन्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । स्प्रे घोल तयार गर्दा खाना पकाउने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । स्प्रे घोल चलाउन काठको लौरो प्रयोग गर्नुहोस् । नोजल मुखले फुक्नु हुँदैन । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । प्रयोगपछि स्प्रेयर, बाल्टिन तथा अन्य उपकरणहरू सफा पानीले धुनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने वा धुम्रपान गर्नुहुँदैन । बाँकी रहेको विषादी घोल वा सफाइको फोहोर पानी खोल्सा, पोखरी, नहर तथा अन्य जलस्रोतमा नफाल्नुहोस्, यसले पानी प्रदूषण हुन सक्छ । यो विषादी माछा, जलचर, जलीय वनस्पति र मौरीका लागि विषाक्त भएको हुनाले जलश्रोतको वरपर र मौरीहरू सक्रिय भएको समयमा यो विषादी प्रयोग नगर्नुहोस् । विषादी छर्कदा बिहान र साँझको समयमा हावा नचलेको बखत छर्कनुहोस् । यदि २ घण्टाभित्र पानी पर्ने सम्भावना भएमा यो विषादी छर्कनुहुँदैन । यस पर्चामा तोकिए बाहेकका अन्य बालीहरूमा यस विषादीको प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुख्ने, कमजोरी हुने, अत्यधिक पसिना आउने, असजिलो हुने, वान्ता हुने, घबराहट हुने, निल्न गाह्रो हुने, शरीर काम्ने, ऐंठन हुने जस्ता लक्षणहरू देखापर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

आँखामा विषादी परेमा आँखा कम्तीमा १५-२० मिनेटसम्म प्रशस्त सफा पानीले धुनुहोस् । श्वासप्रश्वास मार्फत शरीरमा विषादी प्रवेश भएमा बिरामीलाई तुरुन्त खुला र ताजा हावामा लैजानुहोस् । विषादी निलेको खण्डमा, बान्ता गराउने प्रयास नगर्नुहोस् । बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस् र तुरून्त चिकित्सकको परामर्श लिनुहोस् । छालामा विषादीको सम्पर्क भएमा वा कपडामा लागेमा साबुन र प्रशस्त पानीले विषादी लागेको शरीरको भाग र दूषित कपडा राम्ररी धुनुहोस् ।

**एण्टिडट:**

बिरामीलाई चिकित्सकको निगरानीमा तुरुन्तै एट्रोपाइन सल्फेट २-४ मि.ग्रा. (बच्चाहरुको उमेर अनुसार ०.५-०.२ मि.ग्रा.) दिनुहोस् र प्रत्येक ५ देखि १० मिनेटको अन्तरालमा १ मि.ग्रा. सुईमार्फत नसाबाट बारम्बार दिएर पूर्ण एट्रोपिनाइजेशन कायम राख्नुहोस् । विषाक्ततालाई रोक्न बिरामीलाई पर्याप्त समय (२४-४८ घण्टा) को लागि एट्रोपनाइज्ड अवस्थामा राख्नुपर्दछ । एक दिनमा २५ देखि ५० मि.ग्रा. सम्म एट्रोपिन आवश्यक पर्न सक्छ । थप एट्रोपिन चाहिने अवस्था लक्षणहरूमा निर्भर रहन्छ । त्यालको मात्रा बमोजिम कति मात्रामा एट्रोपिन दिने भन्ने निर्धारण गर्न सकिन्छ । १-२ ग्राम २-PAM लाई १० मि.लि. डिस्टिल्ड पानीमा घोली १०-१५ मिनेट लगाएर बिस्तारै नसाबाट दिनुपर्छ ।

**प्रयोग गरीएका भाँडाको विसर्जन:**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था**

विषादी भएका बट्टा वा प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्दछ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावाको ओहोरदोहोर हुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बालबालिकाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

**एन.ए.सी.एल. इंडस्ट्रीज लिमिटेड,**
लक्ष्मी टावर, प्लट नम्बर १२ A, 'C' कर्पोरेशन बैंकको विपरीत, नागार्जुन हिल्स, पुन्जगुट्टा, हैदराबाद, तेलंगाना, भारत

**कोरोमंडल इन्टरनेशनल लिमिटेड,**
कोरोमंडल हाऊस, १ –२–१० ,सरदार पटेलरोड, सिकंदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिस्टर नं.:** CIR-32,292/99/PROFENOFOS (EC)-43.

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0234-INS-EC-2026

**चित्रात्मक संकेत:**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

थायोफेनेट मिथाइल ७०% डब्लु.पी.

Thiophanate methyl 70% WP

# एभेन्जर (AVENGER)

दैहिक ढुसीनाशक

**सिफारिस**

| बाली | रोगहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | फेद डढुवा (Sheath Blight), मरुवा रोग (Blast) | १५००-२१४५ | ६७५ | ३० | २.२-३.२ |
| फर्सीवर्गीय तरकारी बाली | सेतो धुले ढुसी (Powdery Mildew) | ४८०-७२० | ६७५ | २१ | ०.७-१.१ |
| नासपाती | दादे रोग (Scab) | ३३८-४२२ | ६७५ | २१ | ०.५-०.७ |
| स्याउ | घेरादार धब्बा रोग (Ring Spot) | ६७५ | ६७५ | २१ | १ |
| गहुँ | टुप्पा डढ्ने रोग (Fusarium head blight) | १०६५-१५०० | ६७५ | ३० | १.५-२.२ |
| गोलभेडा | पातको ढुसी (Leaf Mold) | ५४०-८१० | ६७५ | ७ | ०.८-१.२ |
| सखरखण्ड | कालो दाग (Black Spot) | ३३८-४२२ | ६७५ | १ पटक (बीउ उपचार) | ०.५-०.७ |

नोटः रोगहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गनुहोस्।

**प्रयोग गर्ने विधिः**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा क्षमतासम्म पानी राखेर विषादीको आवश्यक मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि बाँकी पानी थपेर पुनः रूपमा चलाउनुहोस् । तयार भएको विषादीको घोल बालीमा रोगको लक्षण देखिनेबित्तिकै वा रोगको सुरुवाती अवस्थामा बोटविरुवा राम्ररी भिज्ने गरी समान रूपमा छर्कनुहोस् । रोगको प्रकोप र आवश्यकताअनुसार पुनः प्रयोग गर्नुपर्ने भएमा ७ दिनको अन्तरालमा दोहोऱ्याउनुहोस् । कडा घाम लागेको समयमा यो विषादी प्रयोग नगर्नुहोस् । विषादी छर्कंदा हावाको दिशा र बहावलाई विशेष ध्यान दिनुहोस् , ताकि विषादीको छिटा उडेर छेउछाउका अन्य संवेदनशील बालीमा परी क्षति नहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा छर्कंदा पन्जा, रबर वुट, चश्मा, मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा र विषादी छर्कंदा नाक, मुख, आँखा तथा छालामा प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । यो विषादीको कार्बेन्डाजिम (Carbendazim) र वेनोमाइल (Benomyl) सँग पारस्परिक प्रतिरोध (Cross–resistance) हुने भएकोले यी विषादीहरुसँग आलोपालो गरी वा मिसाएर प्रयोग नगर्नुहोस् । यसलाई तामायुक्त (Copper-based) वा अन्य क्षारीय पदार्थहरूसँग पनि मिसाएर प्रयोग नगर्नुहोस् । विषादीको प्रतिरोधात्मक क्षमता विकास हुन नदिन फरक कार्यविधि भएका अन्य ढुसीनाशकहरूसँग आलोपालो गरी प्रयोग गर्न सिफारिस गरिन्छ । विषादी प्रयोग गर्दा खाने, पिउने वा धूम्रपान नगर्नुहोस् र काम सकिएपछि साबुनपानीले हात-मुख र शरीर राम्ररी नुहाउनुहोस् । गर्भवती तथा स्तनपान गराइरहेको महिलाहरूलाई यो विषादीको सम्पर्कबाट टाढै राख्नुहोस् । प्रयोग गरिएका खाली प्याकेट, भाँडा र उपकरणहरू नदी वा जलाशयमा नधोई उचित व्यवस्थापन गर्नुहोस् । खाली प्याकेट वा भाँडालाई पुनः प्रयोग नगरी सुरक्षित रूपमा व्यवस्थापन गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो विषादी छाला, आँखा र श्वासप्रश्वास नलीका लागि जलनकारी (Irritating) हुन सक्छ । यसको सम्पर्कले आँखाको झिल्ली र नानी सुनिने (Conjunctivitis and Keratitis) गराउन सक्छ, जुन निको हुन समय लाग्न सक्छ ।

**प्राथमिक उपचारः**

झुक्किएर विषादी छाला वा आँखामा परेमा तुरुन्तै कम्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले प्रभावित भाग राम्ररी धुनुहोस् । झुक्किएर विषादी निलिएको छ भने, तुरुन्तै यस विषादीको लेबल वा बोतलसहित चिकित्सककोमा लैजानुहोस् र लक्षणका आधारमा उपचार गराउनुहोस्।

**एण्टिडट**

यो विषादीको कुनै विशेष एण्टिडट छैन । लक्षणका आधारमा चिकित्सकबाट उपचार गराउनुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानीलाई सुरक्षित तरिकाले वातावरण वा पानीका मुहानहरू प्रदूषण नहुने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका खाली प्याकेटहरूलाई पुनः प्रयोग नगरी बस्तीबाट टाढा, पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

यस विषादीलाई सुख्खा, चिसो, पर्याप्त हावा आवतजावत हुने र वर्षाको पानी नपस्ने स्थानमा, आगो वा तापका स्रोतहरूबाट टाढा भण्डारण गर्नुहोस्। यसलाई बालबालिका तथा अनधिकृत व्यक्तिहरूको पहुँचबाट टाढा राख्नुहोस् र सुरक्षित रूपमा ताला लगाउनुहोस्। यसलाई खाद्यपदार्थ, पेय पदार्थ, खाद्यान्न, पशुआहार वा अन्य यस्तै सामानहरूसँगै भण्डारण वा ओसारपसार नगर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् । सावधानी** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो ढुसीनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादकको नाम ठेगानाः**
हेबेई ग्वानलङ एग्रोकेमिकल कम्पनी लिमिटेड, हेङ्शुई न्यू इन्डस्ट्रियल पार्क, हेबेई, चीन

**वितरकको नाम ठेगानाः**
एभरस्टार इन्डस्ट्रियल कम्पनी लिमिटेड, सेन्जेन, चीन

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौं, नेपाल ।
सम्पर्क नं.९८५१०२०४७३,
info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.
PD91106-22

नेपालमा पञ्जीकरण गरिएको नं.
0235-FUN-WP-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व पर्चा र सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

**सल्फोसल्फूराँन ७५% डब्लू.जी.**

**Sulfosulfuron 75 % W.P.**

# ग्लाइडर (GLYDER)

**पोस्ट-इमर्जेन्स (अंकुरण पछिको), बहुप्रकृतिको दैहिक झारनाशक**

**विशेष सावधानी: यो झारनाशक प्रतिरोध वर्ग B मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य झारनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस्।**

**सिफारिस :**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति/ लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गहुँ | रगते झार *(Phalaris minor)*, बेथे *(Chenopodium album)*, सेतो मेथी घाँस *(Melilotus alba)* | ३३.३३ | २००-२५० | ११० | ०.१४-०.१७ |

**नोट :** झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ। त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**

गहुँ छरेको ३०-३५ दिन पछि झारहरु २-४ पात भएको अवस्थामा हुँदा सिफारिस गरिएको विषादीको मात्रालाई १५ लिटर पानीमा राम्रोसँग घोल्नुहोस् । त्यसपछि उक्त घोलमा १२५० एम.एल. क्याटआयोनिक सर्फ्याक्टेन्टको (cationic surfactant) सबै मिश्रणलाई एउटा लट्ठिको प्रयोग गरि राम्रोसँग घोल्नुहोस्। तयार गरिएको घोललाई सिफारिस मात्राको पानीमा मिसाएर एकनासले छर्कनुहोस्। गहुँ बालीमा यो विषादी प्रयोगपश्चात् गहुँ बाली लगाएको क्षेत्रमा मकै र जुनेलो बाली लगाउनु हुँदैन।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

यो विषादीलाई घोल बनाएर मात्र छर्कनु पर्दछ तथा विषादीलाई खेतमा सिधा छर्कनु हुदैंन । विषादी छर्कन पावर स्प्रे वा मिस्ट ब्लोअर (मेसिनबाट चल्ने स्प्रे) को प्रयोग नगर्नुहोस्। विषादी छर्कंदा अनिवार्य रुपमा टोपी, लामो बाहुला भएको सर्ट, लामो पाइन्ट र रवर बुट जस्ता पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस्। विषादी छर्कंदा छिटाहरु श्वासमार्फत शरीरभित्र प्रवेश गर्न नदिनुहोस् साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । साथै गहुँ बाली संगै तोरी र चना जस्ता दुईदलिय बालीहरुलाई मिश्रित वा अन्तरबालीको रुपमा लगाएको छ भने यो विषादीको प्रयोग नगर्नुहोस्। विषादी छरिसकेपछी सम्पर्कमा आएका स्प्रेयर लगायत अन्य सामाग्रीहरुलाई राम्रोसँग साबुन पानीले धुनुहोस्। विषादी छर्कंदा खाने, चपाउने, पिउने र धूम्रपान गर्ने जस्ता कार्य नगर्नुहोस्। गहुँ बाली पछि धान बाली वा कपास लगाउने क्षेत्रमा मात्रै यो झारनाशक विषादीको प्रयोगको लागि सिफारिस गरिन्छ। यो विषादीले मौरी, माछा, पशुधन, जंगली चराचुरुङ्गी तथा अन्य जनावरको लागि विषाक्त हुने भएकाले मौरीको सक्रिय चरन अवधि तथा फूल फुलेको समयमा यो विषादी छर्कनु हुँदैन। साथसाथै माछापालनको क्षेत्र, नदी तथा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादीको प्रयोग गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

आँखा र छालामा जलन हुने, अत्याधिक र्‍याल आउने, पखाला लाग्ने, आँखाबाट आँसु बग्ने, श्वास फेर्न गाह्रो हुने जस्ता लक्षणहरु देखिन सक्छन्।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यो विषादी आँखामा पर्न गएमा कम्तीमा १५ मिनेट सम्म सफा पानीले राम्ररी पखाल्नुहोस् र आँखामा जलन कायमै छ भने चिकित्सकलाई देखाउनुहोस्। छालाको सम्पर्कमा यो विषादी परेमा विषाक्त भागलाई प्रशस्त मात्रामा पानी र साबुनले धुनुहोस्। लक्षण अनुसार उपचार गर्नुहोस्।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

प्रयोग भएका भाँडा वा विषादीका सम्पर्कमा आएका सामाग्री र विषादी छर्किने उपकरणहरुबाट निस्केका विषाक्त वा विषादीयुक्त वस्तुहरुलाई वातावरणीय वा जल प्रदुषण हुनबाट रोक्नका लागि सुरक्षित तवरले विसर्जन गर्नुपर्दछ। प्रयोग गरिएको विषादीको भाँडाको पुनः प्रयोग रोकथामको लागि उक्त भाँडालाई बाहिर खुल्ला ठाउँमा नछोड्नुहोस्। प्रयोग गरिसकेका प्याकेटहरुलाई पुनः प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था :**

यस विषादीलाई बीउबिजन, दाना खाद्यपदार्थ वा पानी भन्दा टाढा राख्नुहोस् । यस विषादीलाई खाद्यपदार्थ वा अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसर भन्दा अलग कोठा वा परिसरमा ताला चाबी लगाई भण्डारण गर्नुहोस्। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसरहरु राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावाको ओहोरदोहोर हुने तथा वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं.०१-५५२१५९७ मा फोन गर्नुहोस् वा यो info@npponepal.gov.np इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

पारस पेष्टिसाइड्स इन्डस्ट्रिज
एच सी-१५, इन्डस्ट्रियल एरिया गोपालपुर,
सिकन्दरवाद, २०३२०५, जिल्ला : बुलन्दसहर
यु.पी. भारत.

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके,
नेपाल, सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-160028/2019-Sulfosulfuron (WG) (397)-266

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0236-HER-WG-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

# सल्फर ८०% डब्लु.डि.जी.
# Sulphur 80% WDG
# सैकोवैट (Sacovet)
सम्पर्क ढुसीनाशक

**विशेष सावधानी:** यो ढुसीनाशक प्रतिरोध वर्ग M02 मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य ढुसीनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

## सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि(दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| स्याउ | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| बोडी | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| झुप्पा सिमी | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| केराउ | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| जीरा | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| आँप | सेतो धुले ढुसी (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |

**नोटः** रोगहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**
सिफारिस गरिएको विषादीको मात्रालाई थोरै पानीमा मिसाई राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्रामा पानी थपेर राम्ररी चलाई घोल तयार गर्नुहोस् । यो विषादी छर्कनका लागि न्यापसाक स्प्रेयर, खुट्टाले चलाइने स्प्रेयर तथा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडित कम्प्रेसन न्यापस्याक स्प्रेयर प्रयोग गर्नुहोस् । यस विषादीप्रति संवेदनशील तरकारी बालीहरु, जस्तैः फर्सी परिवारका बालीहरु (फर्सी, काँको, लौका आदि) मा प्रयोग नगर्नुहोस् साथै स्याउ, नास्पाती र अन्य केही फलफूलका निश्चित जातहरुमा तापक्रम ३०°से. (८५°फे) भन्दा माथि भएको अवस्थामा सल्फरको प्रयोग गर्दा बालीमा फाइटोटक्सिसिटी (वनस्पतिमा विषाक्त असर) देखिन सक्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ :**
विषादीलाई खाद्य पदार्थ, खाली खाद्य पदार्थका कन्टेनर तथा पशु आहारबाट टाढा राख्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै श्वासमार्फत शरीर भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस् । विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा निस्कने छिटाहरु (drifts) बाट बच्नुहोस् र हावाको दिशाअनुसार विषादी छर्कनुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने, धुम्रपान गर्ने जस्ता कार्य गर्नु हुँदैन । यो विषादी जलीय जनावरको लागी घातक हुन्छ । तसर्थ यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी गर्नुहुँदैन । विषाक्तताको कुनै पनि संकेत देखिएमा, तुरुन्तै चिकित्सकसँग सल्लाह गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा श्वासनली (ब्रोंकाइ), आँखा र फोक्सोमा जलन वा चिलाउने जस्ता समस्या देखा पर्न सक्छन् ।

**प्राथमिक उपचार :**
विषादी निलेको अवस्थामा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नहुन्जेलसम्म यो प्रकृया दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने बान्ता गराउनु हुँदैन । लुगा र छाला दूषित भएमा दूषित लुगा हटाई प्रशस्त सफा पानी र साबुनले छाला राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको अवस्थामा कम्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई राम्ररी पखाल्नुहोस् । श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा प्रभावित व्यक्तिलाई तुरुन्त खुला तथा स्वच्छ हावा आउने स्थानमा लैजानुहोस् ।

**एण्टिडट :**
यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**
विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन नदिनका लागी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारण अवस्था :**
विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११९ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना (भारत):**
शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
अरबिन्द ऐग्रो सेन्टर
अदालत रोड, कलैया-५
इमेल: arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिस्टर नं.** CIR-55,792/2007- SULPHUR (WDG) (270)-1611
**नेपालमा पञ्जीकरण गरिएको नं.**
0237-FUN-WDG-2026
**चित्रात्मक संकेत**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

मेट्रिब्युजिन ७०% डब्लु. पी.

Metribuzin 70% WP

**मेटाकेयर (Metacare)**

चयनात्मक, अंकुरण पूर्व र अंकुरण पश्चात् प्रयोग गरिने, सम्पर्क एवं दैहिक कार्य प्रकृतिको झारनाशक (Selective, pre-and post-emergence, contact and systematic herbicide)

विशेष सावधानीः यो झारनाशक प्रतिरोध वर्ग-C1 मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य झारनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

सिफारिसः

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | यस विषादीको ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| उखु | मोथे *(Cyperus rotundus)*, दुवो *(Cynodon dactylon)*, प्याजी *(Asphodelus tenuifolius)*, बेथे *(Chenopodium album)*, हलिनखुर *(Convolvulus arvensis)*, नुनिया साग *(Portulaca oleracea)*, कृष्णनील *(Anagallis arvensis)*, कासनी *(Cichorium intybus)*, सामा घाँस *(Echinochloa colonum)*, माकुरे घाँस *(Dactyloctenium aegypticum)*, पाती झार *(Parthenium hysterophorus)*, काने झार *(Commelina* species*)* | १.५०-३.० (अंकुरण पश्चात) | ७००- १००० | ६० | ०.५-४.२९ |
| | | १.५-२.० (अंकुरण पूर्व) | ७००- १००० | ६० | ०.५-२.८६ |
| आलु | बेथे *(Chenopodium album)*, सेतो पुनर्नवा *(Trianthema monogyna)*, पाती झार *(Parthenium hysterophorus)*, फुमारिया झार *(Fumaria parviflora)*, मेथी झार *(Melilotus* spp.*)*, रगते झार *(Phalaris minor)* | ०.७५० | ७५०- १००० | ३० | ०.७५-१ |
| गोलभेंडा | भुईं झार *(Trianthema portulacastrum)*, लट्टे झार *(Digera arvensis)*, माकुरे घाँस *(Dactyloctenium aegyptium)*, कोदो घाँस *(Eleusine indica)*, हरहुरे साग *(Gynadropsis pantaphylla)*, लुँडे साग *(Amaranthus viridis)*, नुनियाँ साग *(Portulaca oleracea)*, दुधे झार *(Euphorbia frustula)*, सामा घाँस *(Echinochloa colonum)*, गन्धे झार *(Ageratum conyzoides)*, कागुने झार *(Setaria glauca)*, काने झार *(Commelina benghalensis)* | ०.७५० | ७५०- १००० | ३० | ०.७५-१ |
| भटमास | घोडे झार (Digitaria species), मोथे *(Cyperus esculentus)*, ठुलो मोथे *(Cyperus campestris)*, गहते झार *(Borreria* species*)* | ०.५०० - ०.७५० | ७५०- १००० | ३० | ०.५-१ |
| गहुँ | रगते झार *(Phalaris minor)*, बेथे *(Chenopodium album)*, मेथी झार *(Melilotus* species*)* | ०.२५० (दोमट माटो), ०.३०० (चिम्टाइलो माटोमा) | ५००-७५०<br>५००-७५० | १२० | ०.५ (दोमट माटोमा), ०.६ (चिम्टाइलो माटोमा) |

नोटः झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

### प्रयोग गर्ने विधि :

पहिले मेट्रिब्युजिन धूलोलाई थोरै पानीमा मिसाई पातलो लेदो (paste) तयार गर्नुहोस् । त्यसपछि यो लेदो (paste) आवश्यक मात्राको पानीमा बिस्तारै थप्दै राम्ररी चलाउनुहोस् । बीचमा काम रोकेर पुनः स्प्रे सुरु गर्दा घोललाई राम्रोसँग चलाउनुपर्छ । यो विषादीलाई न्यापस्याक स्प्रेयर (Knapsack Sprayer) वा खुट्टाले चलाइने (foot operated) स्प्रेयर, जसमा फ्ल्याट फ्यान वा फ्लड जेट प्रकारको नोजल जडान गरिएको हो, प्रयोग गर्नुहोस् । राम्रो प्रभावकारिताका लागि तलका निर्देशनहरू पालना गर्नुहोस् । (१) **उम्रनु पूर्व प्रयोगका लागिः** (क) खेतमा डल्ला (clods) र ठुटा/ठुटी (stubbles) नरहेको सुनिश्चित गर्नुहोस् । (ख) यो विषादी छर्किसकेपछि माटोलाई नचलाउनुहोस्/नखोतल्नुहोस् । (२) **उम्रनुपूर्व तथा उम्रेपछिको प्रयोगका लागिः** (क) छेउछाउका बालीमा स्प्रे बगेर नजाओस् (drift) भन्ने सुनिश्चित गर्नुहोस् । (ख) सिफारिस गरिएको समय र मात्रा (dose) कडाइका साथ पालना गर्नुहोस् । (ग) यस विषादीको तयारी घोललाई फ्लड जेट वा फ्ल्याट फ्यान नोजलबाट, नदोहोर्याईकन छर्कनुहोस् । (घ) समान चौडाइ कायम राख्न नोजलको उचाइ जमिनबाट करिब ४८-५० से.मी. स्थिर राख्न सल्लाह दिइन्छ । प्रयोग गर्ने समय : **उखुः** उम्रनु अघि वा रोपेको ३-५ दिन पछि वा रोपेको २५-३० दिन पछि । **आलुः** रोपेको ३-४ दिन पछि र आलु उम्रेदेखी बिरुवा ५ सेन्टिमिटरको उचाइमा पुग्ने बीचको समय । टमाटर रोपाइँको एक हप्ता अघि वा रोपाइँ गरेको १५ दिन पछि । **भटमासः** रोपाइँ गरेको १-२ दिन पछि । **गहुँः** बाली रोपेको ३५ दिन पछि ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** क्रप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., पञ्जाब, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना :** नेपाल सिड सेन्टर, कलैया ४, बारा सम्पर्क नं. ९७०६३६१४८८ Email: nepalseedcenter123@gmail.com

**उत्पादितदेशको रजिष्टर नं.** CIR-39,545/2002-METRIBUZIN (WP) (222)-106

**नेपालमा पञ्जीकरण गरिएको नं.** 0238-HER-WP-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**<u>गहुँमा प्रयोगको लागि सावधानी:</u>** बलौटे माटोमा प्रयोग नगर्नुहोस् । बादल नलागेको दिनमा स्प्रे गर्नुहोस् । दोस्रो सिँचाइ हल्का हुनुपर्छ र पानी स्थिर हुनबाट जोगिनुपर्छ । बाली रोपेको ३५ दिनमा बाली ३-५ पात भएको र झारपात २-३ पात भएको अवस्थामा स्प्रे गर्नुहोस् । अन्य झारनाशकहरूसँग यो विषादी मिश्रण गरी प्रयोग नगर्नुहोस्। यो विषादी अंकुरण पूर्व वा अंकुरण पश्चात अवस्थामध्ये कुनै एक अवस्थामा मात्र एक पटक प्रयोग गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्दछ :**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट शरीरभित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । प्रयोगपछि सप्रयेर उपकरणलाई राम्ररी सफा गर्नुपर्दछ । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । यो विषादीका माछा लागि विषाक्त हुने हुँदा माछा पोखरी तथा जलचर रहेको क्षेत्रमा सिधै वा बगेर जाने गरि प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

कमजोरी हुने, थकाई लाग्ने र आँसु धेरै बग्ने वा आँखा चिलाउने हुन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि निलिएको छ भने, घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउने । यदि बिरामी बेहोस छ भने वान्ता नगराउने । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट :**

एक गिलास पानीमा औषधिय चारकोल (Medical Charcoal) खालेर पिउन दिनुहोस् । चिकित्सकको निगरानीमा लक्षणका आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन सक्ने गरी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमासुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला चावी लगाई सुरक्षित रुपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ । केवल आधिकारिक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् ताकि वाष्पबाट प्रदुषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशुआहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

# क्लोरएन्ट्रानिलिप्रोल १८.५% एस.सी.
# Chlorantraniliprole 18.5% SC
## अलकोरा (Allcora)
**दैहिक कीटनाशक**

**विशेष सावधानी : यो कीटनाशक प्रतिरोध वर्ग -२८ मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य कीटनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस्।**

सिफारिस

| बाली | कीराको नाम | सिफारिस मात्रा (प्रति हेक्टर वा २० रोपनीमा) यस विषादीको आवश्यक मात्रा ( एम.एल.) | सिफारिस मात्रा (प्रति हेक्टर वा २० रोपनीमा) विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरे पछि फल टिप्ने वा काट्ने अघि पर्खने अवधि (दिन ) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| रहर | कोसाको गभारो (Gram Pod Borer) र कोसामा लाग्ने झिंगा (Pod Fly) | १५० | ५००-७५० | २२ | ०.२-०.३ |
| कपास | अमेरिकी गभारो -American Bollworm), कोसाको थोप्ले गभारो(Spotted Bollworm) र सुर्तीको पात खाने लार्भा (Tobacco Caterpillar) | १५० | ५०० | ९ | ०.३ |
| उखु | धमिरा (Termite) | ५००-६२५ | १००० | २०८ | ०.५-०.६३ |
| | प्रारम्भिक डाँठको गभारो (Early Shoot Borer) | ३७५ | १००० | २०८ | ०.३७५ |
| | टुप्पाको गभारो (Top Borer) | ३७५ | १००० | २०८ | ०.३७५ |
| गोलभेंडा | फलको गभारो (Fruit Borer) | १५० | ५०० | ३ | ०.३ |
| धान | डाँठको गभारो (Stem Borer) र पात बेरुवा (Leaf Roller) | १५० | ५०० | ४७ | ०.३ |
| बन्दागोभी | ईटबुट्टे पुतली (Diamond Back Moth) | ५० | ५०० | ३ | ०.१ |
| भन्टा | फल तथा मुन्टाको गभारो (Fruit& Shoot Borer) | २०० | ५००-७५० | ३ | ०.२७-०.४ |
| खुर्सानी | फलको गभारो (Fruit Borer) | १५० | ५०० | ३ | ०.३ |
| भटमास | हरियो वित्ते कीरा (Green Semilooper), डाँठको झिंगा (Stem Fly) र डाँठलाई घेरा पारेर काट्ने खप्टे कीरा (Girdle Beetle) | १५० | ५००-७५० | २९ | ०.२-०.३ |

**प्रयोग गर्ने विधि :**

**उखु** : उखु बालीमा धमिरा (Termites) नियन्त्रणका लागि 'सेट ड्रेन्चिड/सोइल ड्रेन्चिड' (Sett Drenching÷Soil Drenching) जरा वा काण्ड वरिपरिको माटो भिजाउने गर्नुहोस्। उखुको 'टप बोरर' (Top Borer - टुप्पाको गभारो) को तेस्रो, चौथो र पाँचौ पुस्ता नियन्त्रणका लागि माटो ड्रेन्चिड ( Soil Drenching) मार्फत प्रयोग गर्नुपर्छ, जुन समयमा माटोमा पर्याप्त चिस्यान हुनुपर्छ। अन्य बालीहरू (धान, कपास, बन्दागोभी, गोलभेंडा , खुर्सानी, भटमास, भन्टा, रहर) का लागि, कीराको संख्या आर्थिक क्षति पुर्याउने स्तरमा पुगेपछि 'न्यापस्याक स्प्रेयर' (Knapsack sprayer - पिठ्यूँमा बोक्ने पम्प) प्रयोग गरी पातहरूमा स्प्रे (Foliar spray) को रूपमा प्रयोग गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस्। विषादी मिसाउँदा चलाउनका लागि लठी (काठको डण्डी) प्रयोग गर्नुहोस्। छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पन्जा लगाउनुहोस् साथै श्वासमार्फत भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस्। विषादी छर्दा पन्जा, रबर बुट, चश्मा ग्यास मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी शरीरमा पर्न दिनुहुन्न त्यसले स्प्रेबाट उड्ने साना कण (ड्रिफ्ट) को सम्पर्कमा आफूलाई नल्याउनुहोस् र नोजललाई मुखले नफुक्नुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धूमपान गर्नु हुँदैन। साथै यो विषादी जलचरको लागि विषाक्त हुने हुँदा पानीको मुहान वरिपरि वा यस्ता स्रोतमा बगेर जाने गरी यो विषादीको प्रयोग निषेध छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

विषादीको प्रारम्भिक लक्षणहरूमा आँखामा जलन हुने र धमिलो देखिने हुन्छ भने विषादी श्वासमार्फत शरीरमा प्रवेश गरेमा नाकबाट पानी बग्ने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विशेष ध्यान दिनुपर्ने विषय :**

यस विषादीप्रति प्रतिरोधनात्मक क्षमता विकास हुन सक्ने सम्भावना रहनसक्ने यस विषादी तथा यसै समूह अन्तर्गत पर्ने (Cyantraniliprole, Flubendiamide, Tetraniliprole) जस्ता विषादीहरू एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन। एक बाली अवधिभित्र कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन।

**प्राथमिक उपचार :**

यदि श्वासप्रश्वासको माध्यमबाट भित्र गएमा र छालाको सम्पर्कबाट प्रदूषित हुँदा पनि यो विषादी त्यति खतरनाक हुँदैन, तैपनि सम्पर्कमा आएको छालालाई राम्ररी सफा गर्नुहोस्। आँखाको सम्पर्कमा आउँदा पनि यो सामग्री त्यति खतरनाक हुने सम्भावना रहँदैन। तैपनि, यदि आँखामा सम्पर्क भएकोअसर देखिएमा, प्रशस्त पानीले आँखाहरू राम्ररी पखाल्नुहोस्।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडोको विसर्जन: :**

विषादी राखेको प्याकेट कहिले पुन: प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरू वा अन्य विषादीयुक्त सामाग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक र उपयोगकर्ताहरूको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ।

**भण्डारणको अवस्था :**

सामग्री राखिएका प्याकेजहरूलाई अन्य दैनिक उपभोग्य वस्तुहरू वा खाद्य पदार्थ राखिएको कोठाभन्दा फरक कोठा वा स्थानमा सुरक्षित राख्नुपर्छ। विषादीको मात्रा र प्रकृति हेरी छुट्टै दराजमा ताला चाबी लगाएर राख्नुपर्दछ। विषादी राखिने कोठा वा भण्डारगृह बलियो, ओस नभएको (सुख्खा), पर्याप्त उज्यालो र हावा आवतजावत हुने खालको हुनुपर्छ। कोठा पर्याप्त फराकिलो हुनुपर्छ ताकि विषादीको वाष्पबाट दूषित नहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

सावधानी: विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान,मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादकको नाम**
अम्बर काप साइन्स प्रा.ली.
मीरा अपाटमेन्ट, आउटर रिंग रोड, पश्चिम
विहार,नईदिल्ली -११००६३

**पञ्जीकरण तथा प्याकिङ्ग वा पुन: प्याकिङ्गकर्ताको नाम ठेगाना र सम्पक :-**
नेशनल एग्रो इन्डस्ट्रिज प्रा.लि.,
प्रसौनी ३,बारा, नेपाल
इमेल: naibirgung@gmail.com
फोन नं.: ९८०२९२५५६०

**उत्पादित देशको रजिष्टर नं** CIR-107738/2013-Chlorantraniliprole (S.C.)(339)- 1

नेपालमा पञ्जीकरण गरिएको न:
**0239-INS-SC-2026**

**चित्रात्मक संकेत**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

अमोनियम साल्ट आँफ ग्लाईफोसेट ७१% एस.जी.
Ammonium Salt of Glyphosate 71 % S.G.

# एम-७१ (M-71)

**विशेष सावधानी :** यो झारनाशक प्रतिरोध वर्ग-G मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य झारनाशक विषादी उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

सबै प्रकारको वनस्पती मार्ने (Non-Selective), अंकुरण पश्चात् (Post-emergence) छर्कनुपर्ने दैहिक झारनाशक

## सिफारिस

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली | मुक्त वर्शी झार (*Acalypha indica*), कुरो (*Sida aculata*), भुईंकुमर (*Ipomea digitara*), कासनी (*Chicorium entibus*), लुँडे घाँस (*Digera arvensis*), सानो बन्सो (*Digitaria sanguinalis*) जनै घाँस (*Paspalum conjugatum*), गन्धेझार (*Ageratum conyzoides*), दुबो (*Cynodon dactylon*), मोथे (*Cyperus rotundus*), घोयो (*Eragrostis* spp) | ३ | ५०० | ७ | ६ |

**नोट :** झारपातहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गर्नुहोस् ।

### प्रयोग गर्ने विधि

कम्तीमा ४-८ वटा पात भएका बहुवर्षिय झारहरूमा उम्रेपछिको अवस्थामा मात्र प्रयोग गर्नुहोस्, ताकि विषादी बिरुवाभित्र समान रूपमा प्रवेश गर्न सकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्दा झार नियन्त्रणको प्रभावकारीता कम हुन सक्छ तर परिपक्व झारहरूमा छर्दा राम्रो परिणाम प्राप्त हुन्छ । विषादीलाई सफा पानीमा सिफारिस गरिएको मात्राअनुसार समान रूपमा छर्कनको लागि न्यापस्याक स्प्रेयर वा पिठ्युँमा बोक्ने स्प्रेयर प्रयोग गरी गर्नुहोस् । सिफारिस गरिएको मात्रामा विषादी नापी आवश्यक परिमाणको पानीमा राम्रोसँग मिसाई पूर्ण रूपमा घोलेपछि मात्र विषादीलाई छर्कनको लागि प्रयोग गर्नुहोस् ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

खेती गरिएको चियाबाली वा अन्य बालीमा यो विषादी परेमा क्षति हुने भएकोले विषादी छर्कन विशेष सतर्कता अपनाउनु पर्छ । विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी मिसाउँदा चलाउनका लागि लट्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पन्जा लगाउनुहोस् साथै श्वासमार्फत शरीरभित्र जान नदिनुहोस् । आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा पन्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । त्यसैले विषादी छर्कदा निस्कने छिटा (drift) को सम्पर्कमा आफूलाई नल्याउनुहोस् र नोज़ललाई मुखले नफुक्नुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । प्रयोग नभएको विषादी घोल भण्डारण नगर्नुहोस्। विषादी प्रयोग गरिसकेपछि प्रयोग भएको लुगा फुकाल्नुहोस् र दूषित भएका कपडाहरू राम्ररी धुनुहोस् । बाँकी रहेको विषादीको घोल फालेर वा स्प्रेयर, दूषित बाल्टिन आदि धोएर खोल्सा, पोखरी, जलमार्ग आदि दूषित नगर्नुहोस् । मौरीको सक्रिय चरन अवधिमा यो विषादी छर्कन निषेध छ ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

यो झारनाशक विषादीले मुख्यतया छाला, आँखा र श्वासप्रश्वास नलीमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

### विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

आँखामा विषादी परेमा वा सम्पर्क भएमा कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । विषादी छर्के पछि हात र छालालाई प्रशस्त मात्रामा साबुन र पानीले राम्ररी धुनुहोस् । विषाक्तताको कुनै लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग सम्पर्क गरेर सल्लाह लिनुहोस् ।

### एण्टिडट

यस विषादीको विशेष एण्टिडट छैन । ग्यास्ट्रिक ल्याभेज तथा लक्षणको आधारमा सहयोगी उपचार गर्नुहोस् ।

### प्रयोग गरिएका भाँडाको विसर्जन

खाली प्याकेटहरूलाई बसोबास क्षेत्रबाट टाढा पुनः प्रयोग गर्न नमिल्ने गरी सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिएका कन्टेनर वा प्याकेटलाई पुनः प्रयोग हुन नदिन खुला ठाउँमा त्यसै नछोड्नुहोस् । बाँकी रहेका सामग्री, प्याकेट तथा पानीलाई सुरक्षित तरिकाले व्यवस्थापन गरी विसर्जन गर्नुहोस् ताकि वातावरण वा पानी प्रदूषित हुन नपाओस् ।

### भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनर सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**(सावधान, मध्यम घातक, निलो)**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**
**ठेगाना:** मोती इन्सेक्टिसाइड्स प्रा. लि., न्यू ग्रेन मार्केट, करनाल, हरियाणा, भारत

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
एग्रीकल्चर गुड्स सप्लायर्स सेन्टर,
गरुडा ६, रौतहट, नेपाल
सम्पर्क नं. ९८२११५१०४२
Email: agriculturegoods123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.**
CIR-124587/2015-Ammonium Salt of Glyphosate (SG) (353)-386

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0240-HER-SG-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

डाइफेनथियुरोन ५०% डब्लु.पी.

Diafenthiuron 50% WP

**नेबुला (Nebula)**

सम्पर्क तथा आन्तरिक कीटनाशक/सुलसुलेनाशक

सिफारिसः

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| अलैंची | थ्रिप्स (Thrips), कोसाको गभारो (Capsule borer) | ८०० | १००० | ७ | ०.८ |
| कपास | सेतो झिँगा (White flies), लाही (Aphids), थ्रिप्स (Thrips), ज्यासिड (Jassids) | ६०० | ५००-१००० | २१ | ०.६-१.२ |
| बन्दा | ईटबुट्टे पुतली (Diamond Back Moth) | ६०० | ५००-७५० | ७ | ०.८-१.२ |
| भन्टा | सेतो झिँगा (White fly) | ६०० | ५००-७५० | ३ | ०.८-१.२ |
| खुर्सानी | सुलसुले (Mites) | ६०० | ५००-७५० | ३ | ०.८-१.२ |

नोटः कीराहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ। त्यसैले विज्ञसँग सम्पर्क गर्नुहोस्।

**प्रयोग गर्ने विधि :**

सिफारिस मात्रामा विषादी नाप्नुहोस् र थोरै पानीमा राम्ररी मिसाउनुहोस्। त्यसपछि बाँकी पानी थपेर घोल तयार गर्नुहोस्। उपयुक्त स्प्रेयरको सहायताले बालीलाई पूर्ण रूपमा ढाक्ने गरी छर्कनुहोस्। कपासमा सुरुवाती कीरा देखा परेको बेलामा पहिलो छर्काई गर्नुहोस् र कीराको क्षति स्तरको आधारमा १५ दिनको अन्तरालमा एक वा दुई पटक छर्कनुहोस्। बन्दामा पहिलो छर्काई रोपाइँ गरेको ३० दिनपछि वा सुरुवाती कीरा देखा परेको समयमा गर्नुहोस् र कीराको क्षति स्तरको आधारमा १०-१५ दिनको अन्तरालमा २-३ पटक छर्कनुहोस्। खुर्सानीमा रोपाइँ गरेको ३० दिनपछि वा सुरुवाती कीरा देखा परेको समयमा पहिलो छर्काई गर्नुहोस् र कीराको तीब्रताअनुसार १४-२१ दिनको अन्तरालमा २ पटक छर्कनुहोस्। भान्टामा सुरुवाती कीरा देखा परेको समयमा पहिलो छर्काई गर्नुहोस् र १४-२१ दिनमा दुई पटक छर्कनुहोस्। अलैंचीमा पहिलो छर्काई सुरुवाती कीरा देखा परेको समयमा गर्नुहोस् र कीराको प्रवृत्ति अनुसार २१-३० दिनको अन्तरालमा दुई पटक छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्दछ :**

विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस्। विषादी मिसाउँदा चलाउनका लागि लठ्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस्। छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै श्वासमार्फत शरीर भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस्। विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्कदा निस्कने छिटाहरु (drifts) बाट बच्नुहोस् र नोज़ललाई मुखले नफुक्नुहोस्। विषादी छर्कदा खाने, चपाउने, पिउने, धुम्रपान गर्ने जस्ता कार्य गर्नु हुँदैन। यो विषादी जलीय जनावर तथा मौरीको लागी घातक हुन्छ। तसर्थ, यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन। साथै मौरीहरूको सक्रिय चरन अवधिमा यो विषादी प्रयोग निषेध छ। विषाक्तताको कुनै पनि संकेत देखिएमा, तुरुन्तै चिकित्सकसँग सल्लाह गर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

आलस्य, अत्यधिक कमजोरी, रौं ठाडो हुने, टाउको दुख्ने, चक्कर लाग्ने, वाकवाकी लाग्ने, बान्ता हुने, धमिलो दृष्टि, आँखाबाट आँसु आउने र ऱ्याल निस्कने जस्ता लक्षणहरू देखिन सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलिएको अवस्थामा बिरामीलाई ताजा हावामा लैजानुहोस्। छालामा विषादीको सम्पर्क भएमा वा कपडामा लागेमा साबुन र प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट सफा र खुला कोठामा वा ताजा हावामा लैजानुहोस् र बिरामीलाई चिसो हुनबाट जोगाउनुहोस्। विषाक्तताको शंका लागेमा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस्। छालाको सम्पर्कमा आएमा दूषित लुगा हटाउनुहोस् र शरीरको प्रभावित भागलाई प्रशस्त साबुन पानीले राम्ररी धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। विषादी निलेको खण्डमा आवश्यकता अनुसार औषधी चारकोल (Medicinal Charcoal) दोहोऱ्याएर प्रशस्त पानीसँग दिनुहोस्। बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही पनि खाने कुरा नदिनुहोस् र बान्ता नगराउनुहोस्।

**एण्टिडट :**

यो विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन। लक्षणका आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानीलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ। प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुने गरी खुला स्थानमा छोड्नुहुँदैन। त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्छ।

**भण्डारणको अवस्था :**

खाद्य वस्तुहरु, पशु आहार, पेय पदार्थ, औषधी वा मलखाद तथा अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ। विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ। आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीका प्याकेट र कन्टेनरहरु सुरक्षित स्थानमा भण्डारण गर्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, ज्यादै घातक, पहेंलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

ऋप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., पञ्जाब, भारत।

**पञ्जीकरण कर्ताको नाम ठेगानाः**

नेपाल सिड सेन्टर, कलैया ४, बारा

सम्पर्क नं. ९७०६३६१४८८

Email: nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-107397/2013-Diafenthiuron (WP) (339)-1

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0241-INS-WP-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग  गर्नुपूर्व  यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रोफेनोफस ४०% + साइपरमेथ्रीन ४% इ सी

Profenofos 40% + Cypermethrin 4% EC

# गुगली ( GOOGLY)

सम्पर्क तथा आन्तरिक कीटनाशक

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | फलको गभारो (Bollworm Complex ) | १००० - १५०० | ५००-१००० | १४ | १.५-२ |
| ऊखु | प्रारम्भिक डाँठ र मुनाको गभारो (Sugarcane Early shoot borer) | १००० | ५०० | १३८ | २ |

**प्रयोग गर्ने विधि :**

कपास बालीका लागि पहिलो पटक फलको गभारो कीरा देखा परेको बेलामा विषादी पहिलो पटक छर्ने र कीराको प्रकोप अनुसार १०-१५ दिनको अन्तरालमा पुनःछर्कनुहोस् । विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर वा स्टार्ट अप पम्प आदि बाट छर्कन सकिन्छ । हावा चलेको समयमा विषादी स्प्रे नगर्नुहोस् । उखुका लागि, रोपाइँको समयमा खाल्डो -furrow_ भित्र वा नयाँ उम्रँदै गरेका बिरुवाको खाल्डो भागमा उम्रेको क्षेत्र नजिकमा पर्ने गरी छर्नुहोस् र त्यसपछि सिंचाइ गर्नुपर्छ । प्रयोग गर्ने समयः उखुका लागिः प्रारम्भिक डाँठर मुनाको गभारो -Early Shoot Borer_ नियन्त्रणका लागि रोपाईँदेखि पहिलो सिंचाइसम्म प्रयोग गर्न सिफारिस गरिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पन्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । यो विषादी माछा र मौरीका लागि घातक हुने भएकाले मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने सम्भावना भएका स्थानमा प्रयोग निषेध छ । बाली तथा झारपातको फूल फुलेको समयमा प्रयोग नगर्नुहोस् । विषादी प्रयोगपूर्व तथा प्रयोग गरिएको सूचना नजिकका मौरीपालकलाई जानकारी गराउनुहोस् । कीराहरूमा प्रतिरोधात्मक क्षमता विकास हुन नदिनका लागि फरक कार्यप्रणाली भएका अन्य कीटनाशक विषादीहरूसँग आलोपालो गरी प्रयोग गर्न सिफारिस गरिन्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुख्ने, चक्कर लाग्ने, उल्टी हुने, पेटमा आन्द्रा बटारिने, चिटचिट पसिना आउने, कमजोरी, मांसपेशी बटारिने, धमिलो दृष्टि हुनु (Anoroxia) भोक हराउने जस्ता लक्षण देखापर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। मुखबाट विषादी निलेमा बान्ता गराउन हुँदैन (फोक्सोमा पस्न सक्छ)। तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजाने। श्वासप्रस्वास मार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस्। चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट :**

बिरामीलाई तुरुन्तै एट्रोपिनाइज गर्नुहोस् र ५ देखि १० मिनेटको अन्तरालमा २ देखि ४ मिलीग्राम एट्रोपिन सल्फेट नसामा बारम्बार इन्जेक्ट दिएर पुन एट्रोपिनाइजेशन दिएर राख्नुहोस् । एक दिनमा २५ देखि ५० मिलीग्राम एट्रोपिन आवश्यक पर्न सक्छ थप एट्रोपिन चिकित्सकको सिफारिसमा आवश्यकता लक्षणको आधारमा निरन्तर दिनुहोस् । १० मिलि लीटर डिस्टल गरिएको पानीमा १–२ ग्राम PAM घोल्नुहोस् र १० -१५ मिनेटको लागि विस्तारै नसामा सुई लगाउनुहोस् । एलर्जीको नियन्त्रण गर्न एन्टिमाहिस्टामाइनहरु दिन सकिन्छ । (नोट : यस कार्य आधिकारिक चिकित्सकले मात्र गर्नुपर्दछ )

**प्रयोग गरिएका भाँडाको बिसर्जन :**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त बस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था :**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा,चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी-** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक पहैंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**
अनु प्रोडक्ट्स लिमिटेड फरिदावाद (भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**
ग्लोबल एग्रो ट्रेडिङ्ग,
सानेपा २, ललितपुर महानगरपालिका,
ललितपुर ९८४१२३०५६४

**उत्पादित देशको रजिष्टर नं.**
CIR-34,227/2000-PROFENOFOS +CYPERMETHRIN (EC)-308

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0242-INS-EC-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

डिफ्लुबेनजुरोन २०% एस.सी.

DIFLUBENZURON 20% SC

# कोरा किङ्ग (CORA KING)

सम्पर्क तथा आन्तरिक कार्यप्रकृतिको कीटनाशक

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| बन्दा | बन्दाको पुतली (Cabbage Butterfly) | ४५०-७५० | ९०० | ७ - १४ | ०.५० -०.८३ |

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर आवश्यक मात्रामा विषादी हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। त्यसपछि बाँकी पानी थपेर फेरि राम्ररी चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। कीराको अण्डाहरूबाट धेरै मात्रामा पहिलो अवस्थाको लार्भा निस्कने समय (Peak hatching period) वा प्रारम्भिक लार्भा अवस्था देखा पर्न थालेको बेला विषादी बिरुवामा समान रूपमा पर्ने गरी छर्कनुहोस्। यो विषादी बेन्जोइलयुरिया (Benzoylurea) समूहअन्तर्गत पर्ने कीटनाशक हो, जसले कीराको सम्पर्क तथा आन्तरिक प्रकृतिबाट असर गर्दछ। यसको कार्यप्रणाली कीरामा काइटिन संश्लेषण (Chitin synthesis) प्रक्रियालाई अवरोध गर्नु हो। यसका कारण लार्भाले काँचुली फेर्ने समयमा नयाँ बाह्य आवरण (Cuticle) निर्माण गर्न नसक्दा तिनीहरूको शारीरिक विकासमा विकृति उत्पन्न भई अन्ततः कीराको मृत्यु हुन्छ। त्यसैले यसलाई बन्दामा लाग्ने पुतली नियन्त्रणका लागि मात्र सिफारिस गरिन्छ। कीराहरूमा प्रतिरोधात्मक क्षमता विकास हुन नदिनका लागि फरक कार्यप्रणाली भएका अन्य कीटनाशक विषादीहरूसँग आलोपालो गरी प्रयोग गर्न सिफारिस गरिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

बन्दामा यो विषादी प्रति सिजन बढीमा ३ पटकसम्म मात्र प्रयोग गर्नुपर्छ र विषादी छर्केको ७ देखी १४ दिनसम्म बाली भित्र्याउनु हुँदैन। यो विषादी रेशमकीराका लागि विषाक्त भएकाले रेशमकीरा पालन गरिने स्थान तथा किम्बु खेती नजिक प्रयोग गर्न सख्त निषेध गरिएको छ। जलचरका लागि घातक हुने हुँदा मत्स्यपालन क्षेत्र, नदी, पोखरी तथा अन्य जलस्रोतको नजिक प्रयोग नगर्नुहोस् साथै विषादी छर्कन प्रयोग गरिएका उपकरणहरू नदी, पोखरी वा अन्य जलस्रोतहरूमा नधुनुहोस्। विषादीको घोल तयार गर्दा वा छर्कदा फर्किन सक्ने छिटाहरू नाक मुखबाट भित्र प्रवेश गर्न नदिन र छालाको सिधा सम्पर्कबाट बच्न सुरक्षात्मक पहिरन अर्थात् रबर पञ्जा, रबर बुट, टोपी, चश्मा, मास्कको प्रयोग गर्नुहोस्। विषादी छर्दा खाने, पिउने वा धूम्रपान सेवन नगर्नुहोस्। विषादी प्रयोग गरिसकेपछि हात र मुख तुरुन्त राम्रोसँग साबुनपानीले धुनुहोस् र नुहाउनुहोस्। गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरूलाई यस विषादीको सम्पर्कमा आउन दिनु हुँदैन। खाली भाँडा र प्रयोग गरिएका उपकरणहरू नदी वा जलाशयमा नधोई उचित व्यवस्थापन गर्नुहोस्।

चेतावनी : यो विषादी मौरीका लागि विषालु हुने भएकाले यसको प्रयोग गर्दा नजिकै रहेका मौरीका घारमा असर पर्न सक्छ। त्यसैले मौरीका घार नजिक यो विषादी प्रयोग नगर्नुहोस्। बालीमा फूल फुलिरहेको अवस्थामा यस विषादीको प्रयोग गर्न निषेध गरिएको छ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

यस विषादीको सम्पर्कमा आउँदा आँखा तथा छालामा जलन हुनुका साथै सास फेर्न कठिनाइ, टाउको दुख्ने, चक्कर लाग्ने तथा श्वासप्रश्वासमा जलन हुनेजस्ता लक्षणहरू देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि यो विषादी नलिएिको खण्डमा बान्ता गराउने प्रयास नगर्नुहोस् तथा तुरुन्तै १-२ गिलास पानी पिउन दिनु पर्छ र आमाशय प्रक्षालन(ग्यास्ट्रिक ल्याभेज) गर्न तुरुन्त स्वास्थ्य संस्थामा लैजानु पर्दछ। विषादी छालाको सम्पर्कमा आएमा तुरुन्तै साबुन र सफा पानीले राम्रोसँग धुनुहोस्। यदि आँखामा परेमा तुरुन्तै कम्तिमा १५ मिनेटसम्म सफा र प्रशस्त पानीले आँखा छ्याप्नुहोस् र चिकित्सकको सल्लाह लिनुहोस्।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुपर्दछ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्दछ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्। सावधानी** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, मध्यम घातक, निलो (कृषि प्रयोजनका लागि मात्र)**

यो कीटनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादकको नाम ठेगाना:**

साङ्घाई सेङनङ पेस्टिसाइड कम्पनी लिमिटेड, नं. ५१, डोङफोउ रोड, डोङजिङ टाउन, सोङजिङ जिल्ला, साङ्घाई, चीन।

**वितरकको नाम ठेगाना :**

एभरस्टार इन्डस्ट्रियल कम्पनी लिमिटेड, सेन्जेन, चीन

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौँ, नेपाल

सम्पर्क नं.९८५१०२०४७३,

info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.

PD20093799

नेपालमा पञ्जीकरण गरिएको नं.

0243-INS-SC-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व पर्चा र सूचकपत्र अध्ययन गर्नुहोस्।**

**विशेष सावधानी : कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी प्रतिरोध वर्ग -१५ मा पर्ने भएकाले सोही वर्गका अन्य कीटनाशक (Chlorfluazuron, Lufenuron, Novaluron) एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

सल्फर ८०% डब्लु. डी. जी

Sulphur 80% WDG

# श्री सुल्फा (SHRI SULFA)

सम्पर्क ढुसीनाशक

**विशेष सावधानीः जीवहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी प्रतिरोध वर्ग-MO1 मा पर्ने भएकोले सोही वर्गका अन्य ढुसीनाशक एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन ।**

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्न अघि पर्खने अवधि (दिन) | ग्राम/प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | सेतो धुले ढुसी (Powdery mildew) | १८७५-२५०० | ७५०-१००० | १४ | २.५-३.३ |
| स्याउ | दादे रोग (Scab) | १८७५-२५०० | ७५०-१००० | १४ | २.५-३.३ |
| सिमी, बोडी, केराउ | सेतो धुले ढुसी (Powdery mildew) | १८७५-२५०० | ७५०-१००० | १४ | २.५-३.३ |
| जीरा | सेतो धुले ढुसी (Powdery mildew) | १८७५-२५०० | ७५०-१००० | १४ | २.५-३.३ |
| आँप | सेतो धुले ढुसी (Powdery mildew) | १८७५-२५०० | ७५०-१००० | १४ | २.५-३.३ |
| गहुँ | सेतो धुले ढुसी (Powdery mildew) | २५०० | ५०० | २४ | ५ |

नोट: रोगहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि:**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा राखी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस्। त्यसपछि बाँकी पानी थपेर पुन: राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस्। तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस्। विषादी छर्कनका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर (फ्ल्याट फ्यान/फ्लड जेट नोजल सहित) प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नुहुदैन । मौरी, माछा, पानीको स्रोत नजिक विषादी छर्कनु हुँदैन । फूल फुलेको समयमा विषादी छर्कने कार्य कहिल्यै नगर्नुहोस् । यस विषादीको प्रयोग गन्धक प्रति संवेदनशील (Sulphur shy) लहरे बालीका तरकारीहरू (Cucurbits) जस्तै काका, फर्सी आदी तथा केही जातका फलफूल बालीहरूमा सिफारिस गरिएको छैन । उच्च तापक्रम रहेको अवस्थामा गन्धक प्रयोग गर्दा बालीमा विषाक्तताकोअसर (Phytotoxicity) देखिन सक्छ ।

**विषादीको विरुवामा हुने विषक्तता:**

सिफारिस बाली अनुसार प्रयोग गर्दा उत्पादित विरुवाहरुमा विषाक्तता हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने र श्वास नलि, आँखा र फोक्सोमा जलन हुने जस्ता लक्षण देखापर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

यदि विषादी निलेमा तुरुन्त औलाको सहायताले घाँटीको पछाडिको भागमा चलाएर वान्ता गराउनुहोस्र वान्ता सफा नभएसम्म यो प्रक्रिया दोहोर्याउनुहोस्। बिरामी बेहोस भएमा वान्ता गराउने काम नगर्नुहोस्। विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस्र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादीकोसम्पर्क भएमा आँखालाई कम्तिमा १०-१५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। श्वासप्रश्वास मार्फत विषक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्।

**एण्टिडट:**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन::**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुन: प्रयोग गर्न मिल्ने गरी खुला स्थानमा फाल्नु हुँदैन । त्यस्ता प्याकेटहरूलाई पुन: प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र राम्ररी हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ । यो विषादी विस्फोटक हुने भएकोले यसलाई आगो वा कुनै प्रकारको विद्युतीय झिल्का नपर्ने स्थानमा भण्डारण गर्नुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** श्रीनाचर ग्रीन एग्रोटेक प्राइभेट लिमिटेड, छत्तीसगढ, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** झा कृषि सिड कन्सर्न, विरगंज-१५, बारा, नेपाल सम्पर्क नं.९७४६५५९८०७, jhakriseedconcernbirgunj@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-245148/2023-Sulphur (WDG) (443)-1273

नेपालमा पञ्जीकरण गरिएको नं. 0244-FUN-WDG-2026

**चित्रात्मक संकेत**



**विषादीको प्रयोग गर्नुपूर्व पर्चा र सूचकपत्र अनिवार्य अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

फिप्रोनिल ०.३ % जि. आर
Fipronil 0.3% GR

# श्रीजेन्ट जि (Srigent G)

आन्तरिक र सम्पर्क कीटनाशक

**विशेष सावधानीः** कीराहरुमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोल यस विषादी प्रतिरोध वर्ग-2B मा पर्ने भएकाले सोही वर्गका अन्य कीटनाशक एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन।

## सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा<br>यस विषादीको आवश्यक मात्रा (के. जी.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) |
|---|---|---|---|
| धान | पातको हरियो फड्के (Green leaf hopper), खैरो फड्के (Brown plant hopper), डाँठको गभारो (Stem borer), धानको पात बेरुवा (Rice Leaf folder), धानको ढुङ्ग्रे कीरा (Rice Gall midge), सेतो पिठ्यु भएको फड्के (White backed plant hopper), गुभोको झिँगा(Whorl Maggot) | १६.६७-२५ | ३२ |
| उखु | धमिरा (Termites), डाँठको प्रारम्भिक गभारो (Early Shoot borer), | २५-३३.३ | २७० |

द्रस्तब्य : यो दानेदार विषादी भएकोले वालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउनु पर्दैन।

### प्रयोग गर्ने बिधि:

तयारी अवस्थामा रहेको विषादी रोप्ने समयमा माटोमा प्रयोग गर्नुहोस्। धानमा प्रयोगको लागि : धान खेतमा विषादी छर्ने समयमा २ देखि ३ सेन्टिमिटर सम्म जमेको पानी हुनुपर्छ र विषादी प्रयोग गरेपछि २-३ दिनसम्म खेतमा पानी कायम राख्नुपर्छ। उखुका लागि, रोपाईंको समयमा खाल्डो (furrow) भित्र वा नयाँ उम्रँदै गरेका बिरुवाको खाल्डो भागमा उम्रेको क्षेत्र नजिकमा पर्ने गरी छर्नुहोस् र त्यसपछि सिंचाइ गर्नुपर्छ। प्रयोग गर्ने समय: उखुका लागि: प्रारम्भिक डाँठर मुनाको गभारो (Early Shoot Borer) नियन्त्रणका लागि रोपाईंदेखि पहिलो सिंचाइसम्म प्रयोग गर्न सिफारिस गरिन्छ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :

विषादीलाई खाद्यपदार्थ, पशु आहार, दाना, र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस्। विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस्। यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ। त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस्।

**चेतावनी:**-यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक तथा मौरीको चरन अबधिमा प्रयोग नगर्नुहोस्।

### मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा:

विषाक्तताको लक्षण चिडचिडापन हुनु, आलस्य हुनु, मांसपेशी काम्ने, ऐठंन (Convulsion) हुने जस्ता लक्षण हुन सक्छ।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औंलाले चलाएर बान्ता गराउनुहोस्। बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस्र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सक कहाँ पुर्‍याउनुहोस्।

### एण्टिडट:

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

### प्रयोग गरीएका भाँडाको बिसर्जन:

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस्। त्यसपछि प्रयोग गर्न नमिल्ने गरि व्यवस्थापन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। प्याकेज वा बाकी रहेका सामग्रीहरु र मेसिन तथा कन्टेनरबाट निस्केको फोहोर पानी वातावरणीय र पानीको प्रदुषण रोक्न सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्।

### भण्डारणको अवस्था:

विषादी रहेका प्याकेजहरूलाई खाद्यपदार्थ लगायत अन्य बस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरहरूबाट टाढा छुटै कोठा वा परिसरहरूमा भण्डारण गर्नुहोस्। विषादीको मात्रा र प्रकृतिका अनुसार छुटै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको ,पानी नशोस्ने, प्रयाप्त उज्यालो, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकी वास्पबाट प्रदुषण नहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** इन्डोगल्फ क्रपसाइन्स लिमिटेड., दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** महेश खाद्य विउ भण्डार, जनकपुर,नेपाल, सम्पर्क नं.९८४४०२११९

**उत्पादित देशको पञ्जीकरण नं.** CIR-58,309/2007-Fipronil (GR)(281)-168

नेपालमा पञ्जीकरण गरिएको नं.

चित्रात्मक संकेत:

0245-INS-GR-2026



## बिषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अनिवार्य अध्ययन गर्नुहोस्।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेट्रिब्युजिन ७०% डब्लु.पी.

Metribuzin 70% WP

# ट्रिक (Trick)

चयनात्मक, अंकुरण पूर्व र अंकुरण पश्चात प्रयोग गरिने, सम्पर्क एवं दैहिक कार्य पकृति भएको झारनाशक

(Selective, pre- and post-emergence, contact and systemic herbicide)

**सिफारिस**

| बाली | झारपातहरुको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आलु | बेथे (*Chenopodium album*), सेतो पुनर्नवा (*Trianthema monogyna*), पाती झार (*Parthenium hysterophorus*), फुमारिया झार (*Fumaria sp./ Parviflora*), मेथी झार (*Melilotus* spp.), रगते झार (*Phalaris minor*) | ०.७५० | ७५०-१००० | ३० | ०.७५ - १ |
| भटमास | ठुलो मोथे (*Cyperus campestris*), घाँस (*Eragrostis spp*), घोडे झार (*Digitaria* species), माथे (*Cyperus esculentus*), गहते झार (*Borreria* species) | ०.५०० - ०.७५० | ७५०-१००० | ३० | ०.५ -१ |
| उखु | मोथे(*Cyperus rotundus*), दबो (*Cynodon dactylon*), प्याजी (*Asphodelus tenuifolius* ), बेथे (*Chenopodium album*), हलिनखुर (*Convolvulus arvensis*), नुनिया साग (*Portulaca oleracea*), कृष्णनील (Anagallis arvensis), कासनी (*Chichorium intybus*), सामा घाँस (*Echinochloa colonum*), माकुरे घाँस (*Dactyloctenium aegypticum*), पाती झार (*Parthenium hysterophorus*), काने झार (*Commelina* species) | १.५-३.० (अंकुरण पश्चात)<br>१.५-२.० (अंकुरण पूर्व) | ७५०-१००० | ६० | १.५-४ |
| गोलभेंडा | भुईं झार (*Trianthema portulacastrum*), माकुरे घाँस (*Dactyloctenium aegyptium*), हुरहुरे साग (*Gynadropsis pantaphylla*), लुँडे साग (Amaranthus viridis), नुनियाँ साग (*Portulaca oleracea*), लट्टे झार (*Digera arvensis*), दधे झार (*Euphorbia frustula*), सामा घाँस (*Echinochloa colonum*), गन्धे झार (*Ageratum conyzoides*), कोदो घाँस (*Eleusine indica*), सेट्रियाग्लुका (*Setria gluca*), काने झार (*Commelina benghalensis*) | ०.७५० | ७५०-१००० | ३० | ०.७५-१ |
| गहुँ | रगते झार (*Phalaris minor*), बेथे (*Chenopodium album*), मेथी झार (*Melilotus* species) | .२५० ( दोमट माटो), ०.३०० ( चिम्टाइलो माटोमा) | ५००-७५० | १२० | ०.५( दोमट माटोमा ), ०.६ चिम्टाइलो माटोमा ) |

नोट: झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**थप विवरणका लागि पछाडि पढ्नुहोस् ।**

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।

**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेण्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** इन्डोगल्फ क्रपसाइन्स लिमिटेड., दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** झा कृषि सिड कन्सर्न, विरगंज-१५, बारा, नेपाल
सम्पर्क नं.९७४६५५९८०७,
jhakriseedconcernbirgunj@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-33, 963/2000-METRIBUZIN(WP)-44

नेपालमा पञ्जीकरण गरिएको नं.

0246-HER-WP-2026

**प्रयोग गर्ने विधि:**

पहिले ट्रिक धूलोलाई थोरै पानीमा मिसाई पातलो लेदो (paste) तयार गर्नुहोस्। त्यसपछि यो लेदो (paste) आवश्यक मात्राको पानीमा बिस्तारै थप्दै राम्ररी चलाउनुहोस्। बीचमा काम रोकेर पुनः स्प्रे सुरु गर्दा घोललाई राम्रोसँग चलाउन सधैं सिफारिस गरिन्छ। यो विषादीलाई न्यापस्याक (Knapsack) वा खुट्टाले चलाइने (foot operated) स्प्रेयर, जसमा फ्ल्याट फ्यान वा फ्लड जेट प्रकारको नोजल जडान गरिएको हो, प्रयोग गर्नुहोस्। राम्रो प्रभावकारिताका लागि तलका निर्देशनहरू पालना गर्नुहोस् ।

१. प्रि-इमर्जेन्स (उम्रनु पूर्व) प्रयोगका लागिः खेतमा डल्ला (अयिमक) र ठुटा/ठुटी (stubbles) नरहेको सुनिश्चित गर्नुहोस्। मेट्रिब्युजिन ७० डब्लुपी छर्किसकेपछि माटोलाई नचलाउनुहोस्/नखोतल्नुहोस्।

२. प्रि तथा पोस्ट-इमर्जेन्स (उम्रनुपूर्व तथा उम्रेपछिको) प्रयोगका लागिः छेउछाउका बालीमा स्प्रेबगेर नजाओस् (drift) भन्ने सुनिश्चित गर्नुहोस्। सिफारिस गरिएको समय र मात्रा (dose) कडाइका साथ पालना गर्नुहोस्।

३. मेट्रिब्युजिन ७० डब्लुपी लाई फ्लड जेट वा फ्ल्याट फ्यान नोजलबाट, छर्कदा एउटै ठाउँमा नदोहोरिने गरी छर्कनुहोस्। समान चौडाइ कायम राख्न नोजलको उचाइ जमिनबाट करिब ४८-५० से.मी. स्थिर राख्न सल्लाह दिइन्छ। प्रयोग गर्ने समय : उखु उम्रनु अघि वा रोपेको ३-५ दिन पछि वा रोपेको २५-३० दिन पछि ।

४. आलु रोपेको ३-४ दिन पछि र आलु उम्रेदेखी बिरुवा ५ सेन्टिमिटरको उचाइमा पुग्ने बीचको समय। टमाटर रोपाईंको एक हप्ता अघि वा रोपाइँ गरेको १५ दिन पछि ।

५. भटमास रोपाइँ गरेको १-२ दिन पछि ।

६. गहुँ बाली रोपेको ३५ दिन पछि। गहुँमा प्रयोगको लागि सावधानीः बलौटे माटोमा प्रयोग नगर्नुहोस्।

७. बादल नलागेको दिनमा स्प्रे गर्नुहोस्। रगते झारमा आईसोप्रोट्युरोनको प्रतिरोध पुष्टि भएका क्षेत्रहरूमा ध्यान दिनुपर्छ। दोस्रो सिँचाइ हल्का हनु पर्छ र पानी स्थिर हुनबाट जोगिनुपर्छ। बाली रोपेको ३५ दिनमा बाली ३-५ पात भएको र झारपात २-३ पात भएको अवस्थामा स्प्रे गर्नुहोस्।

८. यसलाई फ्लड जेट/फ्ल्याट फ्यान नोजलबाट स्प्रे गर्नुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छः**

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तैमास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस्र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनुहँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहँदैन ।

**चेतावनी**ः यो विषादी जलचर प्राणीलागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक प्रयोग निषेध छ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा:**

एलर्जीसम्बन्धी लक्षणहरू देखा पर्नु, घबराहट, चिन्ता तथा कम्पन (काँप्ने),आक्षेप जस्ता लक्षण हनु सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

यदि निलिएको छ भने, घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् । वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउने। यदि बिरामी बेहोस छ भने वान्ता नगराउने। छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

**एण्टिडट:**

यस विषादीको विशेष किसिमको एण्टिडट छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको विसर्जन:**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस् । वातावरणीय तथा जल प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुहोस् । विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि वनाइएको कोठा ढलान गरिएको, पानी नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारिक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

चित्रात्मक संख्या:




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अनिवार्य अध्ययन गर्नुहोस् ।**

**विशेष सावधानीः झारहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोल र यस विषादी प्रतिरोध वर्ग** 5 **मा पर्ने भएकाले सोही वर्गका अन्य झारनाशक** (जस्तै Atrazine आदी)**एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**ग्लाइफोसेट ४१% एस.एल.**

**Glyphosate 41% SL**

# ग्लाइसिन (Glycin)

**विशेष सावधानी: यो झारनाशक प्रतिरोध वर्ग G मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य झारनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।**

**सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात् (Post-emergence) प्रयोग गर्ने दैहिक झारनाशक**

**सिफारिस :**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया | बन्सो प्रजातीको झार वा कार्पेट घाँस (*Axonopus compressus*), दुबो *(Cynodon dactylon)*, सिरु *(Imperata cylindrica)*, फापर झार *(Polygonum perfoliatum)*, कोदे झार *(Paspalum scorbiculatum)*, फुस्रो खर *(Arundinella bengalensis)*, आम्लिस (*Kalm grass*) | २०००-३००० | ४५० | २१ | ४.४४-६.६६ |
| खेती नगरिएको क्षेत्र | जुनेलो प्रजातिको झार र अन्य एक दलिय र दुईदलिय झार (*Sorghum halepense* and other monocot & dicot weeds) | २०००-३००० | ५०० | - | ४-५ |

**नोट :** झारहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा भागसम्म पानी राखेर सिफारिस गरिएको विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्राअनुसार थप पानी हालेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । चिया र खेती नगरिएको क्षेत्रमा झारपातहरु कलिलो र सक्रिय रुपमा बढेको अवस्थामा झारपातमा भिज्ने गरी छर्कनुहोस् । यो विषादी छर्कदा खेती गरिएको बालीमा पर्ने गरी छर्कनु हुँदैन । यो विषादी छर्कदा, जमिनको सतह नजिकबाट छर्कनुपर्दछ । यो झारनाशक विषादी छर्कन न्यापस्याक स्प्रेयरमा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडान गरी प्रयोग गर्नुपर्छ । त्यसैगरि रकिङ स्प्रेयर तथा न्यापस्याक स्प्रेयर पनि प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छर्कदा छिटाहरु श्वासमार्फत शरीरभित्र प्रवेश गर्न नदिनुहोस् साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरिसकेपछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने, धूम्रपान गर्नु हुँदैन । यो विषादी चराचुरुङ्गी, जलचर, गड्यौँला र मौरीको लागि विषाक्त हुन्छ । त्यसैले जलस्रोतमा पर्ने वा बगेर जाने गरी यो विषादी प्रयोग निषेध छ । साथै मौरीको सक्रिय चरन अवधि तथा फूल फुलेको समयमा पनि यो विषादी प्रयोग गर्न निषेध छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, चक्कर लाग्ने तथा ऐंठन हुनेजस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

विषादी निलेको खण्डमा घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नहुन्जेलसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने बान्ता नगराउनुहोस् । विषादीको सम्पर्कमा आएका लुगा हटाउनुहोस् र छालालाई साबुनपानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादीको सम्पर्क भएमा कम्तिमा १५ मिनेट सम्म सफा पानीले निरन्तर पखाल्नुहोस् । यदि श्वासमार्फत विषादी शरीर भित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् ।

**एण्टिडट :**

यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नुहोस् । वातावरण वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर हुने खालको हुनुपर्छ । आधिकारीक व्यक्तिको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू भण्डारण गर्नुहोस् । विषादीलाई खाद्य पदार्थ, पेय पदार्थ, पशु आहारा, औषधी वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** पारस पेष्टिसाइड्स इन्डस्ट्रिज जी-१२५, ट्रान्सपोर्ट नगर, लखनऊ-२२६००८ (यु पी), लखनऊ, उत्तर प्रदेश, भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना सम्पर्क नं.:**

शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल । सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-124497/2015-Glyphosate (SL) (353)-383

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0247-HER-SL-2026

**चित्रात्मक संकेत**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

सल्फोसल्फुरन ७५ डब्लु.जी.
Sulfosulfuron 75% WG
चीफ (Chief)
अंकुरण पश्चात् छर्नुपर्ने, बहुप्रकृतिको चयनात्मक तथा दैहिक झारनाशक

**विशेष सावधानी:** यो झारनाशक प्रतिरोध वर्ग २ मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य झारनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

सिफारिस

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पखने अवधि( दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गहुँ | रगते झार (*Phalaris minor*), बेथे (*Chenopodium album*), मेथी झार (*Melilotus alba*) | ३३.३ | २००-२५० | ११० | ०.१६-०.१३ |

**नोट:** झारहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि:**
गहुँ छरेको ३०-३५ दिनपछि झारहरु २-४ पात भएको अवस्थामा हुँदा सिफारिस गरिएको विषादीको मात्रालाई १५ लि. पानीमा राम्रोसँग घोल्नुहोस् । त्यसपछि उक्त घोलमा १२५० एम.एल. क्याटआयोनिक सर्फ्याक्टेन्टको (cationic surfactant) सबै मिश्रणलाई एउटा लट्ठिको प्रयोग गरी राम्रोसँग घोल्नुहोस् । तयार गरिएको घोललाई सिफारिस मात्राको पानीमा मिसाएर एकनासले छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ:**
यस विषादीलाई सधैं पानीमा घोली तरल अवस्थामा मात्र प्रयोग गर्नुहोस् । विषादीलाई कहिलै पनि छर्केर प्रयोग नगर्नुहोस् । विषादी छर्कन मिस्ट ब्लोअर (पावर स्प्रे) प्रयोग नगर्नुहोस् । विषादीलाई छालासँग सम्पर्क हुन नदिन पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा शरीर पूर्ण रूपमा ढाक्ने सुरक्षात्मक पोसाक प्रयोग गर्नुहोस् । विषादी श्वासमार्फत शरीरभित्र प्रवेश गर्न तथा आँखासँग सम्पर्क हुन नदिन सावधानी अपनाउनुहोस् । विषादी छर्कँदा निस्कने छिटा (drifts) बाट बच्नुहोस् र नोजललाई मुखले नफुक्नुहोस् । विषादी प्रयोग वा छर्कने क्रममा खाने, चपाउने, पिउने तथा धूम्रपान गर्ने कार्य नगर्नुहोस् । प्रयोगपछि साबुन र सफा पानीले हात तथा शरीर राम्ररी धुनुहोस् । दूषित लुगा तुरुन्त फुकाल्नुहोस् र पुन: प्रयोग गर्नुअघि राम्ररी धुनुहोस् । खाना खानुअघि तथा काम सकेपछि हात र शरीरका खुला भागहरू साबुन र पानीले राम्ररी धुनुहोस् । गहुँबालीमा तोरी, चना आदि दुई दलीय बालीलाई अन्तरबालीका रूपमा नलगाउनुहोस् । यो झारनाशक प्रयोग गरेपछि स्प्रेयर, भाँडाकुँडा तथा प्रयोग गरिएका अन्य उपकरणहरूलाई प्रशस्त साबुन र पानीले राम्ररी सफा गर्नुहोस् । खाली कन्टेनरलाई पुन: प्रयोग नगर्नुहोस् । यो विषादी जलीय जनावर, माछा, अल्गी (Algae), गड्यौला तथा मौरीको लागी घातक हुन्छ । तसर्थ यो विषादी प्रयोग गर्दा पानीको मुहान, नदी वा पोखरीमा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन । मौरीको सक्रिय चरन अवधि तथा फूलफुलेको समयमा यो विषादी प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा:**
आँखा र छालामा जलन हुने, अत्याधिक र्‍याल आउने, पखाला लाग्ने, आँखाबाट आँसु बग्ने, श्वास फेर्न गाह्रो हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**प्रथमिक उपचार:**
लक्षण अनुसार उपचार गर्नुहोस् । छालाको सम्पर्कमा आएमा दूषित लुगा हटाउनुहोस् र शरीरको प्रभावित भागलाई प्रशस्त साबुन पानीले राम्ररी धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस् । यदि जलन रहिरहेमा चिकित्सकलाई सम्पर्क गर्नुहोस् ।

**एण्टिडट:**
विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणअनुसार उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको विसर्जन:**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारण अवस्था:**
बीउ, पशु आहारा, खाद्य सामग्री वा पानीलाई यस विषादीबाट दूषित हुन नदिनुहोस् । विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र राम्ररी हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**
शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगाना: नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७, भारत

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
अरबिन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५
इमेल: arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.** CIR-45,412/2003-SULFOSULFURON (WG) (237)-41
**नेपालमा पञ्जीकरण गरिएको नं.**
0248-HER-WG-2026

**चित्रात्मक संकेत**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**साइपरमेथ्रिन १०% ई.सी.**

**Cypermethrin 10% EC**

# सनसनी – १० (SANSANI – 10)

**सम्पर्क एवं आन्तरिक कीटनाशक**

**विशेष सावधानी: यो कीटनाशक प्रतिरोध वर्ग 3A मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य कीटनाशक उक्त बालीमा प्रयोग नगर्नुहोस् ।**

**सिफारिस :**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा (एम.एल.) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| बन्दा | इँटबुट्टे पुतली (Diamond back moth) | ६५०-७६० | १००-४०० | ७ | १.९-६.५ |
| भिण्डी | फलको गभारो (Fruit Borer), जेसिड (Jassids) | ५५०-७६० | १५०-४०० | ३ | १.९-३.६ |
| भन्टा | फल तथा डाँठको गभारो (Fruit & Shoot Borer), | ५५०-७६० | १५०-४०० | ३ | १.९-३.६ |
| गहुँ | डाँठको झिंगा (Shootfly) | ५५० | ५००-८०० | १४ | ०.६८-१.१ |
| सूर्यमुखी | झुसिलो झुसिलकीरा (विहार) (Bihar Hairy – Caterpillar) | ६५०-७६० | ५००-७०० | १४ | १.३-१.०८ |

**नोट :** कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

यो विषादीको घोल तयार गर्दा ट्याङ्कीको आधा भागसम्म पानी भरी सिफारिस मात्रामा विषादी हालेर राम्रोसँग घोल्नुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्ररी चलाउनुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्त प्रयोग गर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयर, मोटरयुक्त न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर वा ह्वील ब्यारो स्प्रेयर आदिबाट छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानीहरु अपनाउनु पर्छ :**

खाद्य पदार्थ, खाद्य पदार्थका रित्ता भाँडा तथा पशुको आहाराभन्दा यो विषादी टाढा राख्नुहोस् । मुख, आँखा र छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोसाक प्रयोग गर्नुहोस् । विषादी छर्दा छिटाहरू नाक वा मुखबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस् र हावा चलेको दिशातर्फ विषादी छर्कनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने तथा धूम्रपान गर्नुहुँदैन । यो विषादी माछाको लागि अत्यन्त विषाक्त भएकोले माछापोखरीमा पर्ने वा बगेर जाने गरी यसको प्रयोग निषेध छ । यसैगरि मौरीको लागि समेत विषाक्त हुने हुदा फूल फुल्ने बेला, मौरीको सक्रिय चरन अवधिमा यसको प्रयोग निषेध छ । साथै पंक्षीहरुमा समेत विषाक्त हुने भएकोले पंक्षीहरुलाई असर नपर्ने गरी यस विषादीको प्रयोग गर्नुपर्दछ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

डर लाग्ने, चिन्ता हुने, कम्पन हुने, ऐंठन हुने, छालाको एलर्जी हुने, हाच्छियुँ आउने, नाकबाट पानी बग्ने र जलन हुनेजस्ता लक्षणहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यदि श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् । विषादी निलेको खण्डमा, मुखबाट केही पनि नदिनुहोस् र बान्ता नगराउनुहोस् । छालामा विषादी परेको अवस्थामा दूषित कपडा हटाउनुहोस् र छाला तथा कपडालाई साबुन र प्रशस्त पानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको अवस्थामा कम्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा पखाल्नुहोस् ।

**एण्टिडट :**

यस विषादीको कुनै विशेष एण्टिडट हालसम्म उपलब्ध छैन । यदि विषाक्तता भएमा लक्षणअनुसार उपचार गर्नुहोस् । एलर्जी नियन्त्रणका लागि चिकित्सकको परामर्शमा एन्टि-हिस्टामिन्स (Antihistamines) दिनुहोस् ।

**विषादी प्रयोग गरिएका भाँडाको विसर्जन :**

प्रयोग भइसकेका विषादीका प्याकेटहरु तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिसकेका प्याकेटहरु पुनः प्रयोगका लागि खुला स्थानमा छोड्नुहुँदैन । वातावरण तथा जल प्रदूषित हुन नदिनका लागि विषादीका भाँडा वा अतिरिक्त सामाग्रीहरु तथा मेसिनरीका साथै कन्टेनरहरु पखालिसकेपछि निस्केको पानी सुरक्षित तवरले विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका बट्टा वा प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुहोस् । विषादीको संख्या र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा वा परिसर ढलान गरिएको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावाको ओहोरदोहोर राम्रो हुने, वाष्पबाट दूषित नहुने र उपयुक्त क्षेत्रफल भएको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** रिलायन्स एग्रो इन्डस्ट्रिज, ३१९, टेण्डवा बसन्तपुर, लखनऊ रोड, बहराईच (यु.पी.), भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना सम्पर्क नं. :** शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल, सम्पर्क नं.: ९८४८०४३६८० shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-55,143/2006-Cypermethrin (EC)(267)-2378

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0249-INS-EC-2026

**चित्रात्मक संकेत :**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी विष हो, औषधी होइन । अत : विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

एजोक्सिस्ट्रोबिन ११% + टेबुकोनाजोल १८.३०% एस.सी.
AZOXYSTROBIN 11% + TEBUCONAZOLE 18.30 % SC

# ललकार (LALKAR)

सम्पर्क, आन्तरिक तथा दैहिक ढुसीनासक

**विशेष सावधानी** : यो ढुसीनाशक प्रतिरोध वर्ग-३ र वर्ग-११ मा पर्ने भएकाले यसपछि सोही वर्गका अन्य ढुसीनाशक बिषादी उक्त बालीमा प्रयोग नगर्नुहोस् ।

**सिफारिसः**

| बाली | रोगको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको प्रतीक्षा अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| आलु | अगौटे डढुवा (Early Blight)<br>पछौटे डढुवा (Late Blight) | ७५० | ५०० | - | १.५ |
| गहुँ | पहेलो सिन्दुरे रोग (Yellow Rust) | ७५० | ५०० | - | १.५ |
| गोलभैंडा | अगौटे डढुवा (Early Blight) | ७५० | ५०० | ७ | १.५ |
| धान | फेद डढुवा (Sheath blight) | ७५० | ८०० | - | ०.९४ |
| प्याज | प्याजको डढुवा रोग (Purple blotch) | ७५० | ८०० | ७ | ०.९४ |
| खूर्सानी | फल कुहिने रोग (Fruit rot),<br>धुले ढुसी (Powdery Mildew),<br>टुप्पो सुक्ने रोग (Dieback) | ६०० | ५०० - ७५० | ५ | ०.८-१.२ |

**नोटः** रोगहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ । त्यसैले विज्ञसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

### प्रयोग गर्ने विधिः

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीमा आधा मात्रासम्म पानी राखेर सिफारीस मात्राको विषादी हाली राम्रोसंग घोल्नुहोस् । त्यस पश्चात सिफारिस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र काठको डन्डीको सहायताले चलाउनुहोस् । तयार भएको विषादीको घोल उपयुक्त स्प्रयेरको सहायताले छर्कनुहोस् । मौसमको अवस्था तथा रोगको प्रकोप अनुसार १५ दिनको अन्तरालमा पूनः दोहोर्याउनुहोस् ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।

विषादी प्याकेट खोल्दा वा विषादी छर्कंदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै, मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । चेतावनी :- यो विषादी चरा, मौरी, गड्यौला, जलचर प्राणी तथा जलचर बिरुवाका लागि विषाक्त हुन्छ । त्यसैले मौरीको सक्रिय चरन अवधिमा र जलाशयको नजिक पर्ने तथा बगेर जाने गरी प्रयोग नगर्नुहोस् ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

आँखामा जलन गराउने । छालाको सम्पर्कबाट संवेदनशीलता हुन सक्छ ।

### विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :

छालामा विषादीको सम्पर्क भएमा विषादी सम्पर्क भएको दुषित लुगा फुकल्नुहोस् र शरीरको भाग पर्याप्त मात्रामा सफा पानी र साबुनले धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएमा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्। श्वास फेर्न गाह्रो भएमा अक्सिजन दिनुहोस् र उपचारको लागि चिकित्सकलाई सम्पर्क गर्नुहोस् । विषादी निलेको खण्डमा बान्ता गराउने प्रयास नगर्नुहोस् । पर्याप्त पानीले मुख कुल्ला गराउनुहोस् र एक ग्लास पानी पिउन दिनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने मुखबाट केही पनि खाने कुरा नदिनुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त सम्पर्क गर्नुहोस् ।

### एण्टिडट

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

### प्रयोग गरिएको भाँडोको विसर्जनः

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि, वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

### भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा छुट्टै भण्डारण र ओसारपोसार गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** विषादीलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

### विषादीको उत्पादक र वितरकको नाम

जेसी लाइफ साइंसेज, जम्मू एण्ड कश्मिर, भारत

**वितरक (भारतमा):** इंडो–स्विस केमिकल्स लिमिटेड, दिल्ली

### पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक :-

एग्रीकल्चर गुड्स सप्लायर्स सेन्टर,गरुडा ६, रौतहट
**सर्म्पक नं** - ९८२११५१०४२
Email:- agriculturegoods123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.**
CIR-156445/2018 Azoxystrobin + Tebuconazole (SC) (393)-163

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0250-FUN-SC-2026

**चित्रात्मक संकेत -**




## विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।